# भानुभक्तीय रामायणमा अलङ्कार प्रयोग

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत**
**नेपाली केन्द्रीय विभाग, स्नातकोत्तर तह दोस्रो वर्षको**
**दसौं पत्रको प्रयोजनका**
**लागि प्रस्तुत**

## शोधपत्र


**शोधार्थी**
**दीपकराज जोशी**
**नेपाली केन्द्रीय विभाग**
**त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर**
**काठमाडौं**


**२०६७**


भानुभक्तीय रामायणमा अलङ्कार प्रयोग - दीपकराज जोशी २०६७

# सिफारिसपत्र

नेपाली एम.ए. (शैक्षिक वर्ष २०६३/०६४) दोस्रो वर्षका विद्यार्थी श्री दीपकराज जोशीले **भानुभक्तीय रामायणमा अलङ्कार प्रयोग** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । उहाँको यो शोधकार्य सन्तोषजनक रहेकाले यसको आवश्यक मूल्याङ्कनका निम्ति सिफारिस गर्दछु ।

.......................................

(प्रा.डा. महादेव अवस्थी)

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर

मिति : २०६७/

**त्रिभुवन विश्वविद्यालय**
**नेपाली केन्द्रीय विभाग**
**त्रि.वि., कीर्तिपुर**

मिति : २०६७/९/

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय नेपाली केन्द्रीय विभागका छात्र दीपकराज जोशीले स्नातकोत्तर तहको दसौं पत्रको प्रयोजनको लागि तयार पारेको **भानुभक्तीय रामायणमा अलङ्कार प्रयोग** शीर्षकको प्रस्तुत शोधपत्र सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

| | | |
|---|---|---|
| ................................ | ................................ | ................................ |
| (प्रा.डा. महादेव अवस्थी) | (लेखनाथ गुरागाई) | (प्रा. राजेन्द्र सुवेदी) |
| शोध निर्देशक | बाह्य परीक्षक | विभागीय प्रमुख |

# कृतज्ञताज्ञापन

प्रस्तुत **भानुभक्तीय रामायणमा अलङ्कार प्रयोग** शीर्षकको स्नातकोत्तर तह नेपाली विषयको शोधपत्र अलङ्कारको सिद्धान्त र त्यही सिद्धान्तको कसौटीमा अडिएको छ । यस शोधपत्रमा भानुभक्तीय रामायणका पद्यहरूमा प्रयोग भएका अलङ्काहरूको विश्लेषण गरिएको छ ।

यस शोधकार्यमा विभिन्न विघ्नवाधाहरूलाई निराकरण गर्दै मलाई मार्ग निर्देशन गरिदिनु हुने शोधनिर्देशक आदरणीय गुरु प्रा.डा. महादेव अवस्थीज्यू प्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शीर्षकमा शोधकार्य गर्न स्वीकृति प्रदान गर्ने त्रि.वि. नेपाली केन्द्रीय विभागप्रति आभार व्यक्त गर्दछु । त्यस्तै यो स्तरसम्म ल्याइ पुऱ्याउन हरेक कोणबाट सहयोग गर्नुहुने मेरा पूजनीय आमा-बुबा क्रमशः गणेशदेवी जोशी र भोजराज जोशीप्रति म चीर ऋणी छु ।

प्रस्तुत शोधकार्य गर्नका लागि हरतवरबाट सहयोग गर्ने दाजु-भाउजु र भाइहरूका साथै सधैँ प्रेरणा दिइरहनुहुने गुरु रामचन्द्र सुवेदी प्रति पनि म आभारी छु । प्रस्तुत शोधलाई शुद्धसँग टङ्कन गरिदिनु हुने सुनेश श्रेष्ठका साथै प्रत्यक्ष अप्रत्यक्ष रूपमा यस कार्यमा मद्दत गर्नु हुने सम्पूर्ण साथीहरूप्रति पनि म उति नै कृतज्ञ छु ।

अन्तमा **भानुभक्तीय रामायणमा अलङ्कार प्रयोग** शीर्षकको प्रस्तुत शोधपत्र आवश्यक मूल्यानङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर समक्ष प्रस्तुत गर्दछु ।

.......................................

(दीपकराज जोशी)
स्नातकोत्तर तह द्वितीय वर्ष
नेपाल केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं
२०६७

# विषयसूची

## परिच्छेद एक

## शोध परिचय


| | | |
|---|---|---|
| १.१ | विषय परिचय | १ |
| १.२ | शोधसमस्या | १ |
| १.३ | शोधको उद्देश्य | २ |
| १.४ | पूर्वकार्यको समीक्षा | २ |
| १.५ | अध्ययनको औचित्य र महत्त्व | ४ |
| १.६ | शोधको सीमाङ्कन | ४ |
| १.७ | शोधविधि | ५ |
| १.८ | शोधको रूपरेखा | ५ |


## परिच्छेद दुई

## अलङ्कारको सैद्धान्तिक परिचय


| | | |
|---|---|---|
| २.१ | अलङ्कारको परिचय | ६ |
| २.२ | अलङ्कारको परिभाषा | ६ |
| २.३ | अलङ्कारको वर्गीकरण | ८ |
| २.४ | अलङ्कार वर्गीकरणका आधारहरू | ८ |
| २.४.१ | शब्दगत र अर्थगत वर्गीकरण | ८ |
| २.४.१.१ | शब्दालङ्कार | ९ |
| २.४.१.२ | अर्थालङ्कार | १४ |
| २.४.२ | सजातीय वर्गीकरण | २२ |
| २.४.२.१ | शब्दालङ्कार वा पौनरुक्त्यवर्ग | २३ |
| २.४.२.२ | अर्थालङ्कार | २३ |
| २.४.२.२.१ | सादृश्य विच्छित्तिमूलक अलङ्कार वर्ग | २३ |
| २.४.२.२.२ | विशेषण विच्छित्तिमूलक अलङ्कार वर्ग | ३० |
| २.४.२.२.३ | गम्यताविच्छित्तिमूलक अलङ्कारवर्ग | ३३ |

२.४.२.२.४ विरोधविच्चित्तिमूलक अलङ्कारवर्ग ३५
२.४.२.२.५ शृङ्खलाविच्छित्तिमूलक अलङ्कारवर्ग ३३
२.४.२.२.६ तर्क न्याय विच्छित्तिमूलक अलङ्कार वर्ग ४०
२.४.२.२.७ वाक्य न्याय विच्छित्तिमूलक अलङ्कारवर्ग ४१
२.४.२.२.८ लोकन्याय विच्छित्तिमूलक अलङ्कारवर्ग ४२
२.४.२.२.९ गूढार्थप्रतीतिमूलक अलङ्कार वर्ग ४३
२.४.३ मनोवैज्ञानिक वर्गीकरण ४७
२.४.३.१ साधर्म्यमूलक अलङ्कार ४७
२.४.३.२ वैधर्म्यमूलक अलङ्कार ५६
२.५ निष्कर्ष ६१

**परिच्छेद तीन**

**भानुभक्तीय रामायणमा शब्दालङ्कार तथा अर्थालङ्कारको प्रयोग**

३.१ भानुभक्तीय रामायणमा शब्दालङ्कार प्रयोग ६२
३.१.१ अनुप्रासको प्रयोग ६२
३.१.१.१ अन्त्यानुप्रासको प्रयोग ६३
३.१.१.२ छेकानुप्रासको प्रयोग ६३
३.१.१.३ वृत्यानुप्रासको प्रयोग ६४
३.१.२ यमकको प्रयोग ६४
३.२ भानुभक्तीय रामायणमा अर्थालङ्कारको प्रयोग ६५
३.२.१ साधर्म्यमूलक अलङ्कारको प्रयोग ६५
३.२.१.१ उपमाको प्रयोग ६५
३.२.१.१.१ पूर्णोपमाको प्रयोग ६६
३.२.१.१.२ लुप्तोपमाको प्रयोग ६६
३.२.१.२ रुपकको प्रयोग ६७
३.२.१.३ सन्देहको प्रयोग ६७

| | | |
|---|---|---|
| ३.२.१.४ | अर्थान्तरन्यासको प्रयोग | ६८ |
| ३.२.१.५ | दृष्टान्तको प्रयोग | ६९ |
| ३.२.१.६ | अतिशयोक्तिको प्रयोग | ७० |
| ३.२.१.७ | स्वाभावोक्तिको प्रयोग | ७० |
| ३.२.१.८ | उत्प्रेक्षाको प्रयोग | ७२ |
| ३.२.१.९ | स्मरणको प्रयोग | ७३ |
| ३.२.१.१० | भ्रान्तिमानको प्रयोग | ७३ |
| ३.२.१.११ | प्रतिवस्तूपमाको प्रयोग | ७४ |
| ३.२.१.१२ | व्यतिरेकको प्रयोग | ७५ |
| ३.२.१.१३ | परिकरको प्रयोग | ७५ |
| ३.२.१.१४ | व्याजस्तुतिको प्रयोग | ७६ |
| ३.२.१.१५ | मीलितको प्रयोग | ७६ |
| ३.२.१.१६ | सूक्ष्मको प्रयोग | ७७ |
| ३.२.१.१७ | निदर्शनाको प्रयोग | ७७ |
| ३.२.१.१८ | अपन्हुतिको प्रयोग | ७८ |
| ३.२.१.१९ | उदात्तको प्रयोग | ७९ |
| ३.२.१.२० | सङ्करको प्रयोग | ८० |
| ३.२.२ | वैधर्म्यमूलक अलङ्कारको प्रयोग | ८० |
| ३.२.२.१ | विरोध/विरोधाभासको प्रयोग | ८१ |
| ३.२.२.२ | असङ्गतिको प्रयोग | ८२ |
| ३.२.२.३ | विभावनाको प्रयोग | ८२ |
| ३.२.२.४ | विशेषोक्ति प्रयोग | ८३ |
| ३.२.२.५ | अन्योन्यको प्रयोग | ८४ |
| ३.३ | निष्कर्ष | ८४ |

**परिच्छेद चार : शोध निष्कर्ष** ८६

**सन्दर्भ कृति सूची**

# परिच्छेद एक
# शोध परिचय

## १.१ विषय परिचय

भानुभक्त आचार्य (वि.सं. १८७१-१९२५) को उत्कृष्ट कवित्व शक्तिद्वारा विरचित **रामायण** नेपाली समाजमा अत्यन्तै लोकप्रिय ग्रन्थ हो । लगभग ११ वर्षको समयावधिमा रचिएको यो रामायण बालकाण्ड, अयोध्याकाण्ड, अख्यकाण्ड, किष्किन्धा काण्ड, सुन्दरकाण्ड, युद्धकाण्ड र उत्तरकाण्ड गरी सात भागमा विभक्त छ । यसलाई नेपाली महाकाव्यमा आदि महाकाव्य मानिन्छ । अध्यात्म रामायणको अनुवादका रूपमा मानिने भानुभक्तीय **रामायण**मा भगवान श्रीरामको कथा छ । यसका साथै हिन्दु सभ्यता, संस्कृतिको उच्च रूपमा चित्रण छ । यसमा सामाजिक र नैतिक पक्षको चिन्तन पाइन्छ । दार्शनिक चिन्तनका क्रममा साङ्ख्य, योग, न्याय आदि दर्शनहरूको विवेचना भएको पाइन्छ । **रामायण**मा नेपालीको आफ्नै जातीय छन्द, भाकाहरू भएकोले यो ग्रन्थ निकै प्रसिद्ध रहेको छ । यसमा लगभग १३०० भन्दा अधिक श्लोकहरू रहेका छन् । रस, गुण अलङ्कार आदिको प्रयोग यसको काव्यशिल्प उच्च रहेको छ । यसमा मूल रूपमा रामभक्ति गाथाको वर्णन पाइन्छ । भक्तिवेदान्त र उच्च काव्य कौशलको संगम यो भानुभक्तको **रामायण** रहेको छ । अतः **रामायण**मा प्रयोग भएका अलङ्कारहरूको अध्ययन विश्लेषण गर्नु नै प्रस्तुत शोधको विषय रहेको छ ।

## १.२ शोधसमस्या

प्रस्तुत शोधशीर्षकका शोधसमस्या निम्नलिखित बुँदामा रहेका छन् :

(क) अलङ्कारको सैद्धान्तिक परिचय के कस्तो छ ?

(ख) भानुभक्तीय **रामायण**मा प्रयोग गरिएका शब्दालङ्कार तथा अर्थालङ्कारलाई शास्त्रीय वर्गीकरणभित्र कसरी समेट्न सकिन्छ ?

(ग) भानुभक्तीय **रामायण**मा प्रयोग भएका अलङ्कारहरूको स्वरूप के कस्तो छ र ती अलङ्कारको प्रयोग कसरी भएको छ ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधकार्यका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

(क) अलङ्कारको सैद्धान्तिक परिचय दिने ।

(ख) भानुभक्तीय **रामायण**मा प्रयोग गरिएका अलङ्कारको पहिचान गरी शास्त्रीय वर्गीकरणभित्र समेट्ने ।

(ग) भानुभक्तीय **रामायण**मा प्रयोग गरिएका अलङ्कारका स्वरूपको अध्ययन तथा विश्लेषण गर्ने ।

## १.४ पूर्वकार्यको समीक्षा

प्रस्तुत शोधकार्यसँग सम्बन्धित पूर्वकार्यको विवरण निम्नानुसार छन् :

- इन्द्र बहादुर राई (सन् १९६९) द्वारा सम्पादित 'भानुभक्तका कृति अध्ययन' भन्ने ग्रन्थमा कुमार प्रधानले भानुभक्तको रामायणको चर्चा गरेका छन् । उनले भानुभक्तको रामायणका श्लोकहरू अनुवादमा के कति मौलिक भएका छन् वा छैनन् भन्ने कुरालाई सामान्यरूपले अध्ययन गरेका छन् । श्लोकार्थमा के कति भाव ल्याउन सके अध्यात्म रामायणबाट वा वाल्मीकि रामायणबाट भन्ने कुरालाई केही श्लोकहरू उद्घृत गरी सामान्य तुलना गरी उल्लेख गरेका छन् साथै कही कही अलङ्गारहरूको सौन्दर्यले ल्याउने भावगाम्भीर्यताको पनि उल्लेख गरेका छन् । तर अलङ्कार मै केन्द्रित भएर रामायणको अध्ययन गरेका छैनन् ।

- शान्त प्रकाश राईले 'भानुभक्तको कवित्व शक्ति' (२०३२) भन्ने शोधपत्रमा भानुभक्तको कविता गर्न सक्ने प्रतिभा वा शक्ति बारे चर्चा गरेका छन् र उनका के-कति कृतिहरू छन् ती कृतिहरूबारे अध्ययन गरेका छन् । तर रामायण ग्रन्थको चर्चा गरेका भए पनि त्यसको काव्य सौन्दर्य अलङ्कारमै केन्द्रित रही अध्ययन गरेको भने देखिँदैन ।

- अनन्त प्रधान (२०३४) ले 'नेपाली साहित्यमा भानुभक्तको योगदान' भन्ने शोधपत्रमा नेपाली साहित्यमा भानुभक्तका कृतिहरूको महतासम्बन्धी चर्चा गरेका छन् । नेपाली साहित्यमा भानुभक्तले के कस्ता कृतिहरू दिएका छन् र नेपाली साहित्यको प्रवर्द्धनमा भानुभक्तको के कसतो भूमिका रहयो भन्ने विभिन्न सन्दर्भमा अध्ययन

गरेका छन् तर भानुभक्तको रामायणमा के कति अलङ्कार छन् र कसरी अलङ्कारको प्रयोग भएको छ भन्ने विषय तर्फ उनले पनि अध्ययन गरेको पाइँदैन ।

- लक्ष्मीप्रसाद सुवेदी (२०५६) ले 'आचार्य भानुभक्तको जीवनी र कृतित्व' भन्ने शोधपत्रमा भानुभक्तको जीवनको बारेमा अध्ययन गरेका छन् साथै आचार्य भानुभक्तका कृतिहरूको पनि अध्ययन गरेका छन् । त्यस क्रममा रामायणको चर्चा पनि छ । रामायणको विभिन्न पक्षमा अध्ययन गर्दा सामान्यतया अलङ्कारसम्बन्धी केही चर्चा गरेको भए तापनि रामायणमा प्रयुक्त अलङ्कारहरूमै केन्द्रित भएर उनले अध्ययन गरेको पाइँदैन ।

- भद्रवीर अधिकारी (२०५९) ले 'नेपाली कविताका विकासमा भानुभक्तको योगदान' भन्ने विद्यावारिधीको शोधग्रन्थमा भानुभक्त र उनका कृतिहरूको विशद चर्चा पाइन्छ । हरेक कृतिहरूको हरेक पक्षमा अध्ययन गरेको पाइन्छ । रामायणको पनि अनेक दृष्टिकोणबाट विवेचना गरेका छन् । रामायणमा रहेका विभिन्न संरचक घटक तत्त्वहरूको महाकाव्यात्मक सिद्धान्त अनुरूप रस, गुण, अलङ्कार कथावस्तु पात्रविधान आदि अनेक रूपमा र साथै त्यसको सामाजिक पक्ष नैतिक पक्ष, दार्शनिक पक्षमा अध्ययन विश्लेषण गरेको पाइन्छ । तर अलङ्कारको अध्ययन भने सामान्य रूपले ४१४ देखि ४१६ पृष्ठसम्म केही प्रमुख अलङ्कारहरूको चर्चा मात्रै गरेका छन् । त्यसैले अधिकारीले पनि अलङ्कारकै विषयमा केन्द्रिय भएर अध्ययन गरेको पाइँदैन । तर पनि उनको सामान्य रूपले गरेको अलङ्कारहरूको चर्चाले प्रस्तुत शोधकार्यमा सहयोग गर्नेछ ।

- डिल्लीराम उपाध्याय (२०६१) ले 'अध्यात्मरामायणको सुन्दरकाण्ड र भानुभक्त रामायणको सुन्दरकाण्डको तुलनात्मक अध्ययन' शोधपत्रमा अध्यात्म रामायणको सुन्दरकाण्ड र भानुभक्त रामायणको सुन्दरकाण्डको तुलना गरी अध्ययन गरेका छन् । त्यस क्रममा उनले के कस्तो भावानुवादमा भिन्नता छ के कस्तो भानुभक्तको सुन्दरकाण्डमा मौलिकता छ आदि कुरामा अध्ययन गरेका छन् । अलङ्कारमै केन्द्रित रहेर उनले पनि अध्ययन गरेको पाइँदैन ।

- खेम भूसाल (२०६१) ले 'अध्यात्म रामायण र भानुभक्त रामायणको तुलनात्मक अध्ययन' भन्ने शोधपत्रमा समग्र अध्यात्म रामायणसँग तुलना गरी रामायणको

अध्ययन गरेको पाइन्छ । त्यस क्रममा उनले समग्र पक्षलाई तुलना गरी अध्ययन गरेका छन् र त्यसमध्ये अलङ्कारको पनि अध्ययन गरेको  पाइन्छ। अलङ्कारहरूमा प्रमुख अलङ्कारहरू शब्दालङ्कार र अर्थालङ्कारमा रूपक, उपमा दीपक, दृष्टान्त, अतिशयोक्ति आदि अलङ्कारको अध्ययन गरेको पाइन्छ। पृष्ठ ११९ देखि १३८ सम्म उनले केही अलङ्कारहरूको अध्ययन, विश्लेषण गरेका छन्। तर अलङ्कार अध्ययन मात्रै उनले विषय बनाएको पाइँदैन । उनको यस अलङ्कारसम्बन्धी अध्ययनले प्रस्तुत शोधकार्यमा सहयोग गर्ने छ ।

उपर्युक्त अध्ययनले प्रत्यक्ष-अप्रत्यक्ष रूपमा **रामायण**मा प्रयोग गरिएका अलङ्कारहरू माथि केही प्रकाश पारेका भए तापनि **रामायण**मा प्रयोग भएका अलङ्कारमै केन्द्रिंत भएर हालसम्म कुनै व्यवस्थित अध्ययन भएको पाइँदैन । त्यसैले भानुभक्तीय **रामायण**मा प्रयोग भएका अलङ्कारको अध्ययन र विश्लेषण गरेर त्यस अध्ययन तर्फ केही पाइला अगि सार्ने प्रयत्न यस अध्ययनमा गरिने छ।

## १.५ अध्ययनको औचित्य र महत्त्व

अलङ्कार काव्यको शोभादायी धर्म भएकोले काव्यमा यसको अस्तित्व व्यापक रूपमा स्वीकार्य छ । त्यसैले भानुभक्तको **रामायण**मा प्रयोग भएका शब्दालङ्कार र अर्थालङ्कारहरूको स्वरूप, वर्गीकरण र विश्लेषणसम्बन्धी अध्ययन शास्त्रीय सम्मत प्रक्रियाबाट गरिने छ । **रामायण**को अन्य काव्यसँग आलङ्कारिक दृष्टिले तुलना प्रतितुलना,

प्रस्तुत अनुसन्धानमा **रामायण**मा प्रयोग अलङ्कारहरूको अध्ययन गरिने छ । यो अनुसन्धान कार्य शैक्षिक तहमा अध्ययन-अध्यापन, अनुसन्धान एवं अलङ्कारसम्बन्धी शास्त्रीय चिन्तनका निम्ति पनि लाभ हुनुको साथै अत्यन्त उपयोगी र महत्त्वपूर्ण रहने छ।

## १.६ शोधको सीमाङ्कन

**रामायण**मा विभिन्न पक्षबाट अध्ययन, अनुसन्धान गर्न सकिने भए पनि यो शोधपत्र अलङ्कारको सैद्धान्तिक पक्ष, रामायणमा प्रयोग भएका अलङ्कारहरूको स्वरूप तथा विश्लेषण यस शोधकार्यभित्र परेकाछन् ।

## १.७ शोधविधि

प्रस्तुत शोधमा सामग्रीसङ्कलनको लागि पुस्तकालयीय विधि अपनाइएको छ । यस क्रममा आवश्यक जानकारीको लागि सम्बन्धित विषय विशेषज्ञसँग सल्लाह सुझाव लिने र छलफल गर्ने काम पनि गरिएको छ । यसका साथै अध्ययनको विश्लेषणका निमित्त वर्णनात्मक र व्याख्यात्मक विधि अपनाइएको छ ।

## १.८ शोधको रूपरेखा

अनुसन्धानको विषयलाई व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि विभिन्न समूहमा विभाजन गरिएको छ । त्यस अनुसार यस शोधपत्रको सङ्गठनात्मक स्वरुप रहेको छ :

**परिच्छेद एक** : शोधप्रस्तावको परिचय

**परिच्छेद दुई** : अलङ्कारको सैद्धान्तिक परिचय

**परिच्छेद तीन** : भानुभक्तीय **रामायण**मा प्रयोग भएका अलङ्कारहरूको स्वरूपको अध्ययन, विश्लेषण

**परिच्छेद चार** : शोध निष्कर्ष

# परिच्छेद दुई
# अलङ्कारको सैद्धान्तिक परिचय

प्रस्तुत शोधकार्यको मुख्य शीर्षक **भानुभक्तीय रामायणमा अलङ्कार प्रयोग** हो । यो **रामायण** नेपाली साहित्यका प्राथमिक कालका महान् कवि भानुभक्त आचार्य (जीवनकाल संवत् १८७१-१९२५) ले आफ्नो मौलिकता समेत मिसाई संस्कृत भाषाबाट नेपाली भाषामा उल्था गरी लेखेको एक लोकप्रिय नेपाली काव्य कृति हो । यस भानुभक्तीय **रामायण**को अलङ्कार विधानबाट नै यो शोधकार्य गरिएको छ । यसको लक्ष्य प्राप्त गर्न सर्वप्रथम अलङ्कार भनेको के हो, त्यसको स्वरूप कस्तो हुन्छ र त्यसका के कति प्रकार छन् भन्ने जस्ता प्रश्नको उत्तर पहिल्याउनु आवश्यक छ । त्यसैले यस परिच्छेदमा अलङ्कारको सैद्धान्तिक पक्षको चर्चा गरिएको छ ।

## २.१ अलङ्कारको परिचय

'अलङ्कार' शब्द नेपाली भाषामा संस्कृत भाषा स्रोतबाट आई प्रचलित भएको शब्द हो । संस्कृत भाषाका नियमअनुसार 'अलम्' अव्ययपदमा 'डुकृञ्' करणे धातुबाट भाव वा करण अर्थमा 'घञ्' प्रत्यय लागेर बनेको र त्यसमा 'कार' कृदन्त शब्द जोडिएर 'अलङकार' शब्दको व्युत्पत्ति भएको हो । 'अलङकार' शब्दको अर्थ 'आभूषण', 'सौन्दर्य', 'शोभादिने' भन्ने हुन्छ । अलङ्कारले काव्यको सौन्दर्य बढाउँछ । संस्कृत साहित्यमा अलङकार शब्दलाई दुईवटा तात्पर्यमा प्रयोग गरेको पाइन्छ :

(क) काव्यको शोभा या सौन्दर्य नै अलङ्कार हो ।

(अलङ्कृति : अलङ्कारः)

(ख) काव्य सौन्दर्यको कारक तत्त्व वा साधन उपकरण नै अलङ्कार हो ।

(अलङ्क्रियते अनेन इति अलङ्कारः) (वामन सन्, १९९९:६) ।

## २.२ अलङ्कारको परिभाषा

काव्यका विभिन्न विधाको परिभाषा दिने क्रममा विद्वान्हरूले अलङ्कारशास्त्रको परिभाषा पनि आ-आफ्नो तरिकाबाट दिँदै आएका छन् । संस्कृत साहित्यका विभिन्न विद्वान्हरूले अलङारलाई यस प्रकार परिभाषित गरेका छन् :-

(क) आचार्य भामहले “वक्रतामय शब्दोक्ति नै वचनको अलङ्कार हो” भनेका छन् (भामह, २०३८ : ५) ।

(ख) काव्यालङ्कारमा अलङ्कार निर्माणमा बक्रोक्तिको विशेष भूमिका स्वीकार गर्दै भनिएको छ । “अलङ्कार निर्माणमा बक्रोक्ति नै सर्वत्र निमित्तकारणका रूपमा रहेको हुन्छ । यसैबाट अर्थ विभाजन हुन्छ । यसको निर्माणमा कविले प्रयास गर्नुपर्छ । यस विना कुनै अलङ्कारको निर्माण गर्न सकिँदैन” (भामह, २०३८ : १७) ।

(ग) भामहका अनुसार “अलङ्कार भनेको सौन्दर्य हो र वक्रोक्ति त्यसै सौन्दर्यको विधायक मूल तत्त्व हो” (भामह, २०३८ : १८) ।

(घ) आचार्य दण्डीले “काव्यशोभाकारक धर्मलाई अलङ्कार भनिन्छ” भनेका छन् (दण्डी, सन् १९८५: ७४) ।

(ङ) दण्डीले “भामहको बक्रोक्तिको स्थानमा अतिशयलाई अलङकारको आत्मा मानेको छन् ” (नगेन्द्र, १९४९ : ८३) ।

(च) रुद्रटले “अलङ्कार विशेष प्रकारको कथन हो” भनेका छन् (रुद्रट, १९६५ : २५) ।

(छ) आचार्य बामनले “काव्यसौन्दर्य नै अलङ्कार हो र यो दोष त्याग र गुणालङ्कार ग्रहण गर्नाले मात्र प्राप्त हुन्छ” भनेका छन् (वामन, १९९९ : ४८) ।

(ज) जयदेवले “अलङ्कार रहित शब्दार्थलाई काव्य भन्नु आगो चिसो हुन्छ भन्नु जस्तै असम्भव करा हो” (जयदेव, २००० : १०) भनेका छन् ।

संस्कृत साहित्यका विद्वान्हरूले जस्तै गरी नेपाली साहित्यका विद्वान्हरूले पनि अलङ्कारसम्बन्धी आ-आफ्नो धारणा व्यक्त गरेका छन् । जुन यसप्रकार देखाउन सकिन्छ ।

(क) मुकुन्दशरण उपाध्यायले अलङ्कार काव्यरूपी सुन्दरीका गहना, आभूषण हुन् । रस सुख हो जसको भोग कवि या रसिकले मात्रै गर्ने गर्दछ भन्दै उनले श्लोक बद्धमा यसरी व्यक्त गरेका छन् -

गहना हुन अलङ्कार काव्य हुन् नव सुन्दरी ।
रस हुन सुख जो हुन्छ भोगी रसिक या कवि ॥

(अधिकारी, २०६३ : ११) ।

(ख) सोमनाथ सिग्द्यालले "शब्द वा अर्थमा रहेको जुन विशेष वैचित्र्यले काव्य शोभित भई स्रोता वा पाठकहरूको हृदयमा भित्री आनन्दोल्लासरूप चमत्कार पैदा गर्दछ, त्यही वैचित्र्यको साधन अलङ्कार हो" भनेको छन् (सिग्देल, २०५८ : २१२) ।

(ग) केशव प्रसाद उपाध्यायले "अलङ्कार भनेको काव्यलाई सिँगारी त्यसलाई मनोहर एवं रुचिकर तुल्याउने सुन्दर उपदान हो । उपकार्य (भाव) को उपकार हुनाले यो काव्यको सहायक तत्त्व हो" (उपाध्याय, २०५९ : १९७) भनेका छन् ।

## २.३ अलङ्कार वर्गीकरण

अलङ्कारहरूका बीचमा देखापर्ने आधारभूत समानता असमानताका आधारमा अलङ्कारहरूलाई विभिन्न वर्गमा र उपवर्गमा राखि विभाजित गर्ने कार्यलाई अलङ्कारको वर्गीकरण भनिन्छ । अलङ्कारको अध्ययन गर्दा सुगम र सहज होस् भन्नाका निम्ति विद्वान्हरूले विभिन्न आधारमा यसको वर्गीकरण गरेको पाइन्छ ।

## २.४ अलङ्कार वर्गीकरणका आधारहरू

कुनै पनि वस्तुलाई वर्गीकरण गर्न निश्चित आधारहरूको आवश्यकता पर्दछ । त्यसैले अलङ्कारहरूको वर्गीकरण गर्न पनि विभिन्न आधारहरू विद्वान्हरूले अपनाएको देखिन्छ । ती आधारहरू शब्द र अर्थको आधार, सजातीयताको आधार, मनोवैज्ञानिक आधार रहेका छन् । जसलाई क्रमशः तल चर्चा गरिएको छ ।

### २.४.१ शब्दगत र अर्थगत वर्गीकरण

शब्द र अर्थका आधारमा विद्वान्हरूले आ-आफ्नै किसिमले अलङ्कारको वर्गीकरण गरेका छन् । संस्कृत साहित्यशास्त्रमा आचार्य रुद्रटले शब्दालङ्कार वर्गमा वक्रोक्ति, अनुप्रास, श्लेष, यमक र चित्र गरी पाँच अलङ्कार र अर्थालङ्कार वर्गमा उपमा आदि अलङ्कारहरूलाई विभिन्न चार उपवर्गमा विभाजन गरेका छन् (रुद्रट, १९९५ : १११-११२) । त्यस्तै आचार्य भोज, विश्वनाथले पनि शब्द, अर्थ र उभयवर्ग गरी तीन वर्गमा विभाजन गरेका छन् । नेपाली विद्वान्हरूमा कुलचन्द्र गौतम, सोमनाथ सिग्द्याल, भरतराज पन्त र नारायण सापकोटाले शब्दवर्ग, अर्थवर्ग र उभयवर्ग गरी तीन वर्गमा अलङ्कारको वर्गीकरण

गरेको पाइन्छ भने केशव प्रसाद उपाध्यायले शब्दलङ्कार र अर्थालङ्कार गरी दुई वर्गमा वर्गीकरण गरेका छन् ।

शब्द र अर्थका दृष्टिले अलङ्कारका दुई वर्ग देखाइन्छ । ती हुन् - शब्दलङ्कार र अर्थालङ्कार । यी अलङ्कारहरूका आ-आफ्ना उपवर्गहरू छन् । तिनको परिचय तल दिइएको छ ।

### २.४.१.१ शब्दालङ्कार

समान ध्वनि वर्ण र असमानार्थी पदहरूको आवृत्ति भएर काव्यमा श्रुतिसौन्दर्य बढाउने अलङ्कारलाई शब्दालङ्कार भनिन्छ । जसले शब्दकै माध्यमबाट काव्यलाई अलङ्कृत पार्दछ । त्यसलाई शब्दालङ्कार भनिन्छ । शब्दालङ्कारले शब्द परिवर्तन सहन गर्न सक्दैन, यो शब्दालङ्कारको प्रवृत्ति हो । शब्दालङ्कारका पनि अनेक भेद उपभेद छन् । जस्तै : अनुप्रास (अन्त्यानुप्रास, छेकानुप्रास, वृत्यानुप्रास, श्रुत्यानुप्रास, लाटानुप्रास) यमक, पुनरुक्तवदाभास, वक्रोक्ति (श्लेष, शब्द), शब्द श्लेष आदि । यिनीहरूलाई क्रमशः तल देखाइएको छ ।

**१. अनुप्रास**

एक या अनेक व्यञ्जनवगर्णहरूको एक या अनेक पटक आवृत्तिद्वारा उत्पन्न हुने शब्दालङ्कारलाई अनुप्रास अलङ्कार भनिन्छ (श्रेष्ठ, २०५८ : ११२) । अनुप्रासअलङ्कारमा व्यञ्जन वर्णको समान आवृत्ति हुन्छ । अनुप्रासका पनि विभिन्न ५ वटा उपभेद छन् ।

**(क) अन्त्यानुप्रास**

प्रथम स्वरवर्णहरूसँग व्यञ्जनवर्णहरू यथासम्भव रूपमा विसर्ग सहित अन्त्यमा आवृत्ति भयो भने अन्त्यानुप्रास अलङ्कार हुन्छ (विश्वनाथ, २०५६ : ७७३) ।

जस्तै :-

आर्को तत्त्व त केहि छैन हनुमान्. कुन् आज अर्को कहूँ ।
राम् हुन् ब्रह्म इनैकि शक्ति बलिई माया भन्याकी म हूँ ॥

(रा.बा. ३४)

रामायण बालकाण्डका उक्त दुई पंक्तिमा अन्त्यका ‘कहूँ’ र ‘म हूँ’ मा ‘अहूँ’ वर्णको आवृत्ति भएकोले अन्त्यानुप्रास अलङ्कार रहेको छ ।

**(ख) छेकानुप्रास**

अनेक व्यञ्जनको उसै क्रममा एक पटक मात्र आवृत्ति भएमा छेकानुप्रास अलङ्कार हुन्छ (उपाध्याय, २०६१ : ११३) ।

जस्तै :-

गर्थे कट्टर ती भट प्रतिभट प्रारम्भ सङ्घट्टको
काटाकाट हुँदा चटाचट चल्यो संहार चौपट्टको ।
गर्थे दृष्टहरू विछट्ट पिटिई शास्त्रास्त्रको चोटमा
मर्थे दाँत किटी भटाभट गर निश्चेष्ट भै कस्टमा ॥

(आ. रा., ११ : ४२)

यस पद्यमा राम र रावण युद्धको वर्णन गरिएको छ । जसमा पहिलो पङ्क्तिमा तीभट, तिभट जस्ता शब्द दोहोरिएका छन् । साथै दोस्रोमा चटा, चट दोहरिएका छन भने तेस्रो पङ्क्तिमा अस्त्र, अस्त्र दोहरिएका छन् साथै अन्तिम पङ्क्तिमा भटा, भट दोहरिएको हुनाले यसमा 'छेकानुप्रास' अलङ्कार रहेको छ ।

**(ग) वृत्यानुप्रास**

जहाँ एक वा अने व्यञ्जनवर्णहरू सोही क्रममा धेरे वार अथवा पटक पटक आवृत्ति भए भने त्यहाँ 'वृत्यानुप्रास' नामक अलङ्कार हुन्छ (मम्मट, १९९८ : ४०५) ।

वर्ण वा वर्णको सँग धेरैबाट दोहरिए ।
वृत्यानुप्रास नामैको अलङ्कार उदाउँछ ॥

(सापकोटा, २०५२ : ७५) ।

जस्तै :-

लड्थे षण्ड मुषण्ड जण्ड मदका झण्डा सरी हुण्डरी ।
रक्षा-मण्डल, खण्ड खण्ड दलले चौखण्ड घेरा गरी ॥

(आ. रा. ११ : ४१)

यस कवितामा राम रावणको युद्ध वर्णन हुनुका साथै वीर रसानुकूल वर्णहरूको विन्यास भएको छ । जसमा 'ण्ड' वर्णको पटक पटक आवृत्ति भएर आउँदा 'वृत्यानुप्रास' नामको अलङ्कार रहन गएको छ ।

**(घ) श्रुत्यानुप्रास**

एकै स्थानबाट उच्चारण हुने वर्णहरू बारम्वार दोहरिए भने श्रुत्यानुप्रास अलङ्कार हुन्छ ।

जस्तै :-

वनै घनक्क घन्कियो कपाल आज सन्कियो
म जान्न जान्न है प्रभो म खान्न खान्न है हवा ॥

(अधिकारी, २०५९ : ५५)

उक्त श्लोकमा घ, क, ख जस्ता वर्णहरू कण्ठ्यबाट, ज, न जस्ता वर्णहरू वर्त्स्यबाट उच्चरित हुने व्यञ्जन वर्णहरूको विन्यास गरिएकोले श्रुत्यानुप्रास अलङ्कार प्रकट भएको छ ।

**(ङ) लटानुप्रास**

उही शब्द र अर्थको भिन्न भिन्न तात्पर्यबाट आशयमा एक पटक मात्रको आवृत्ति अर्थात् पुनरुक्तिबाट प्रकट हुने अनुप्रासलाई लटानुप्रास अलङ्कार भनिन्छ ।

जस्तै :-

आखिर जनता जति गरे पनि
जनतै हुँदो रहेछ ।

(श्रेष्ठ, २०५८ : १३२) ।

उक्त कथनमा 'जनता' शब्दको एक पटक पुनरुक्ति उही अर्थमा भए पनि तात्पर्य भने फरक देखिन्छ । अघिल्लो 'जनता' शब्दको प्रयोग सामान्य वाच्यार्थको तात्पर्यमा भएको छ भने पछिल्लो उही शब्दचाँहि सीमित अधिकारयुक्त र पराधीन वा अरुद्वारा शासित भन्ने तात्पर्यमा प्रयोग भएको छ । यसैले उक्त उदाहरणमा शब्दात्मक तहमा लटानुप्रास भएको छ ।

**२. यमक**

सार्थक परन्तु भिन्नतार्थक अथवा निरर्थक स्वरव्यञ्जन समूहको त्यसै क्रममा आवृत्ति भएमा यमक अलङ्कार हुन्छ । यसमा कतै दुवै पद सार्थक हुन्छन्, कतै एउटा सार्थक अर्को निरर्थक हुन्छ र कतै दुवै पद निरर्थक हुन्छन् (मम्मट, १९९८ : ४०८) ।

जस्तै : -

सब हिमाल हिमालयका खुले, नव सरोज सरोजलमा फुले ।
अब पलाश-पलाशमहाँ चढे, तब अशोक अशोकमा भई बढे ॥

(आ.रा.८.२)

यस उदाहरणमा हिमाल हिमाल तथा सरोज सरोजमा अघिल्लो पद सार्थक र पछिल्लो पद निरर्थक छ भने पलाश पलाश तथा अशोक अशोक दुवै स्थानमा दुवै पद सार्थक छन् । त्यसैले यहाँ यमक अलङ्कार रहेको छ ।

**३. पुनरुक्तवदाभास**

एउटै अर्थ भएका तर भिन्न भिन्न आकारमा पर्यायवाची शब्दहरू दोहरिएको जस्तो आभास भएमा पुनरुक्तवदाभास अलङ्कार हुन्छ । यसमा पुनरुक्ति भएको जस्तो लाग्छ तर शब्दमात्र होइन शब्दार्थ नै फरक हुन्छ ।

जस्तै :-

नरग यो शहरै भरि हुल्लड
कुशल मङ्गलको गर तर्खर ।
अमृत यो छ सुधामय वाङ्मय
विहक वेरित त्याज्य अकार्य छ ।

(भट्टराई, २०३१ : ३८९)

यहाँ नगर-शहर, कुशल-मङ्गल, अमृत-सुधा जस्ता पर्यायवाची शब्दहरू दोहरिएका जस्ता छन् तर 'नगर' को अर्थ 'नगर्नु' 'मङ्गल' को अर्थ शुभकार्य र 'अमृत' को अमर भन्ने बुझिन्छ । त्यस कारण पुनरुक्ति नभएर त्यसको आभास मात्र भएकोले पुनरुक्तवादाभास अलङ्कार रहेको छ ।

**४. वक्रोक्ति**

एउटा व्यक्तिले कुनै एक अर्थमा प्रयोग गरेको वाक्यलाई अर्का व्यक्तिले कुनै अर्कों अर्थमा ग्रहण गर्दछ भने वक्रोक्ति अलङ्कार हुन्छ (उपाध्याय, २०६१ : १२५) ।

**(क) श्लेष बक्रोक्ति**

श्लेष वक्रोक्ति अलङ्कारका पनि तीन भेद हुन्छन् । ती हुन् - सभङ्ग, अभङ्ग र सभङ्गाभङ्ग ।

जस्तै :-

सुन्देउ गाउँछु उमापतिको चरित्र
सुन्छैन मित्र ! सकियो अवधान दिन्छु ।
पाएँ अभीष्ट अब रद्द गऱ्यौ मलाई
सद्दे छँदै कसरी रद्द भयौ त भाइ ॥

(कु गौ. राधवालङ्कार)

यहाँ अघिल्लो 'सुन्देउ'लाई वक्ताले 'श्रवण गरिदेउ' भन्ने अर्थमा लिएको छ तर श्रोताले त्यसलाई बङ्ग्याएर 'सुन नामक पदार्थ देऊ' भन्ने अर्थमा ग्रहण गरेको छ र त्यसको जवाफमा 'मसङ्ग सुन छैन' भनेको छ र 'अवधान दिन्छु भनी' 'धान' दिने कुरो गरेको छ । तर वक्ताले अवधानको अर्थ 'ध्यान' भन्ने लिएको छ र आफू रद्द (प्रसन्न) भएको जनाएको छ । फेरी श्रोताले 'रद्द' को अर्थ 'रद्दी' भन्ने लगाएको छ र 'सद्दै छँदै कसरी रद्द भयौं' भनेर उल्ल्याएको छ । यस पद्यमा 'सुन्देउ' तथा 'अवधान' शब्दमा सभङ्ग श्लेष वक्रोक्ति छ र 'रद्द' शब्दमा अभङ्ग श्लेष वक्रोक्ति छ ।

**(ख) शब्द श्लेष**

काकुवक्रोक्ति अलङ्कारमा स्वर विगारेर अर्कै अभिप्राय प्रकट गरिन्छ (उपाध्याय, २०६१ : ११५) ।

जस्तै :-

कोकिल ध्वनिले पूर्ण आम्रमञ्जरी शोभित यस याममा
अपराध गरी छोड्यौ चित्त दुख्तैन त ।

उक्त उदाहरणको 'दुख्तैन त' भन्ने कथनबाट अवश्य दुख्छ भन्ने अभिप्राय प्रकट भएको छ ।

## ५. शब्द श्लेष

एउटै श्लिष्ट पदबाट अनेक अर्थ निस्केमा शब्द श्लेष अलङ्कार हुन्छ । यसमा पनि कहीं सिङ्गो शब्दबाट अनेक अर्थ निस्कन्छन् र कहीं शब्दको एक भागबाट । यसप्रकार यो अभङ्ग, सभङ्ग र सभङ्गाभङ्ग गरी मुख्यतया तीनप्रकारको हुन्छ र प्रकृति पद, विभक्ति, वचन, वर्ण प्रत्यय, लिङ्ग र भाषाका आधारमा यसका आठ भेद हुन्छन् ।

जस्तै :-

लोह-क्रमले रोल वंश बिनास्ने सदा हुँदा यिनको
वीर निभाउनलाई खड्ग सधै.तत्पर हुन्थे ।

(उपाध्याय, २०६१ : ११६)

यहाँ 'वंश शब्दले' 'कुल' र 'वाँस' र 'वीर' शब्दले 'वीरबहादुर' र 'वीरशम्शेर' र त्यस्तै 'खड्ग' शब्दले पनि 'हतियार' र खड्गशम्शेर जस्ता दुई अर्थहरू प्रदान गरेका छन् । शब्द परिवर्तन गर्दा दुई अर्थ निस्कन नसक्ने भएकोले यहाँ शब्दश्लेष अलङ्कार रहेको छ ।

## २.४.१.२ अर्थालङ्कार

जुन अलङ्कार शब्दको विशेष प्रयोगमाथि आश्रित नभएर अर्थगत चमत्कार, वैचित्र्य, विलक्षणता वा सौन्दर्यमाथि आश्रित हुन्छन् । तिनलाई अर्थालङ्कार भनिन्छ । जसले अर्थका तहबाट वा माध्यमबाट काव्यको सौन्दर्य बढाउँछन् । अर्थालङ्कारले शब्दको परिवर्तन सहन गर्दछ । शब्द परिवर्तन गर्दा पनि यथावत अलङ्कार रहिरहन्छ । अर्थालङ्कारका अनेक भेद र उपभेदहरू छन् । उपमा (पूर्णोपमा, लुप्तोपमा), रुपक, अर्थान्तरन्यास, दृष्टान्त, समासोक्ति, अप्रस्तुत प्रशंसा, अतिशयोक्ति, स्वभावोक्ति, उत्प्रेक्षा, सन्देह, विरोध, आदि । यिनीहरूलाई तल क्रमशः देखाएको छ :

### १. उपमा

समान धर्मका आधारमा दुई भिन्न वस्तुहरूका बीच सादृश्य जनाउँदा वा तुलना गर्दा प्रकट हुने अर्थालङ्कारलाई उपमा अलङ्कार भनिन्छ (श्रेष्ठ, २०५८ : १३८) । यस अलङ्कारमा एकातिर जहिल्यै पनि दुई भिन्न वस्तुहरूमा बीच सादृश्य देखाइन्छ वा तुलना गरिन्छ भने अर्कोतिर यस्तो सादृश्य वा तुलना जहिल्यै पनि लोक प्रसिद्ध या उत्कृष्ट रूप गुणयुक्त भएका वस्तुसँग गरिन्छ ।

उपमा अलङ्कारलाई प्रमुख अर्थालङ्कार मानिन्छ अर्थात् सम्पूर्ण अर्थालङ्कारहरूको मूलधार मानिन्छ । उपमा अलङ्कारका चारवटा अङ्गहरू छन् । ती हुन् :

**उपमेय**

जुन वस्तुलाई अन्य कुनै वस्तुसँग समान धर्मका आधारमा तुलना गरिन्छ वा सादृश्यता जनाइन्छ त्यसलाई उपमेय भनिन्छ । अर्थात् उपमा दिनयोग्य वस्तु नै उपमेय हो । यसलाई प्रस्तुत, विषय, प्रकृति आदि पनि भनिन्छ ।

**उपमान**

कुनै वस्तुलाई समान धर्मका आधारमा जुन वस्तुसँग तुलना गरिन्छ वा सादृश्यता जनाइन्छ त्यसलाई उपमान भनिन्छ । अर्थात् उपमेयलाई जससँग तुलना गरिन्छ, त्यो उपमान हो । यसलाई अप्रस्तुत विषयी, अप्रकृत आदि भन्ने गरिन्छ ।

**वाचक शब्द**

जुन शब्दहरूले उपमा वाचक भएर उपमान र उपमेय बीच समता देखाउँछन् ती शब्दहरूलाई वाचक शब्द भनिन्छ । वाचक शब्दलाई सदृश्यवाचक र साधर्म्यवाचक पनि भन्ने गरिन्छ । वाचक शब्दले उपमान र उपमेयका बीच समान धर्म भएको वा तुलना गरिएको कुरालाई बुझाउँछ । झैं, जस्तै, सरि, समान, तुल्य आदि वाचक शब्द हुन् ।

**साधारण धर्म**

उपमान र उपमेय दुवैमा रहन सक्ने गुण, क्रिया आदिलाई साधारण धर्म मानिन्छ । कुनै दुई वस्तुका बीच जुन समान गुण, धर्म वा विशेषताका आधारमा तुलना गरिन्छ वा सादृश्यता जनाइन्छ, त्यसलाई साधारण धर्म भनिन्छ ।

उपमा अलङ्कारका यी चारवटा अङ्गहरूलाई उदाहरण सहित निम्नलिखित रूपमा प्रष्ट पारिन्छ -

| | | | |
|---|---|---|---|
| राधाको मुहार | चन्द्रमाको | जस्तै | उज्यालो छ |
| उपमेय | उपमान | सादृश्यवाचक | साधारण धर्म |

उपमा अलङ्कारका पनि पूर्णोपमा र लुप्तोपमा गरी दुई वटा प्रमुख भेद रहेका छन् ।

**पूर्णोपमा**

उपमाका चारवटै अङ्गहरू विद्यमान रहेको अलङ्कारलाई पूर्णोपमा अलङ्कार भनिन्छ ।

जस्तै :-

नक्षत्र साथ लिइ निर्मल पूर्ण चन्द्र
जस्तै हुँदा प्रकट सानुज रामचन्द्र ।
आनन्द-मग्न जन मस्त भएर नाचे,
सन्तोषको रस अनन्त गराई साँचे ॥

(आ. राघव, १: ६७)

यस कवितामा कविले भाइहरू सहित रामचन्द्रलाई, नक्षत्र सहित पूर्णचन्द्रसँग तुलना गरेका छन् । अतः यसमा पूर्णचन्द्रसँग उपमित रामचन्द्र भएकाले 'रामचन्द्र' उपमेय, 'पूर्णचन्द्र' उपमान, 'जस्तै' वाचक पद र लोकलाई 'सन्तोष' को रस प्रदान गर्ने समान धर्म दुवैमा छ । अतः यस कवितामा प्रष्ट रुपमा पूर्णोपमा अलङ्कार रहेको छ ।

**लुप्तोपमा**

उपमाका चारवटा अङ्गहरू उपमेय, उपमान, धर्म र सादृश्य वाचक मध्ये कुनै एक, दुई वा तीन अङ्गहरूको लोप भई बाँकि अङ्गको उपस्थितिबाट प्रकट हुने अलङ्कारलाई लुप्तोपमा अलङ्कार भनिन्छ ।

जस्तै :-

मुख तिनको चन्द्रजस्तो, आाखा कमलपत्र जस्तै ।

यहाँ, कुनै सुन्दरीको मुखलाई चन्द्रसँग तुलना गरिएको छ । त्यसैले 'मुख' उपमेय 'चन्द्र' उपमान 'जस्तो' बाचकपद रहेको छ भने मुख र चन्द्र दुवैको 'उज्यालो' भन्ने साधारण धर्मको लोप भएको देखिन्छ । त्यस्तै आँखा र कमल बीचको साधारण धर्म 'ठूलो' भन्ने पदको लोप भएको पाइन्छ । अतः माथिका उक्तिहरूमा लुप्तोतमा अलङ्कार रहेको छ ।

**२. रूपक**

उपमेय र उपमानका बीच अभेद या तादात्म्य सम्बन्ध जनाउँदा प्रकट हुने अर्थालङ्कार नै रूपक हो (श्रेष्ठ, २०५८ : १४३) ।

उपमान र उपमेय बीच जुन साधारण धर्मको अभेद आरोपित गरिन्छ, त्यहाँ नै रूपक अलङ्कार हुन्छ (वामन, १९९९ : १६९) ।

सिग्द्यालले पनि उपमेयलाई निषेध नगरी उपमानको अभेदारोप भएमा रूपक अलङ्कार हुन्छ भनेका छन् -

विना निषेध सममा अभेदारोप रूपक ।
भूलोकमा अमृत हो रसिलो काव्यको रस ॥

(सिग्देल, २०५८ : २२३) ।

निष्कर्षमा भन्दा उपमान र उपमेय बीच अभेद सम्बन्ध देखाउँदा रूपक अलङ्कार हुन्छ ।

जस्तै :-

क्रोधै हो यमराज सर्व जनको वैतर्नि भन्नू पनी ।
तृष्णा हो भनि यो बुझेर तिमीले कैल्हे नविर्स्या पनि ॥

(रा.अ. - ३५)

उक्त पद्यांशमा क्रोधलाई यमराज र तृष्णालाई वैतरणीमा बिना भेद आरोप गरिएको छ त्यकारण रूपक अलङ्कार रहेको छ ।

## ३. अर्थान्तरन्यास

जहाँ सामान्य अर्थलाई विशेष अर्थद्वारा अथवा विशेष अर्थलाई सामान्य अर्थद्वारा समर्थन गरिन्छ त्यहाँ अर्थान्तरन्यास अलङ्कार हुन्छ । यो साधर्म्यमूलक र वैधर्म्यमूलक दुईप्रकारको हुन्छ (मम्मट, १९९८ : ५००) ।

सामान्य अर्थलाई विशेषले, विशेष अर्थलाई सामान्यले कार्यलाई कारणले, कारणलाई कार्यले साधर्म्य वा वैधर्म्य रूपमा समर्थन गरेमा 'अर्थान्तरन्यास' अलङ्कार हुन्छ, साथै यो आठ प्रकारको हुन्छ (पन्त, २०५६ : ६६) ।

जस्तै : विशेषलाई सामान्यले

सारा परे छक्क अपूर्व चालको
देखी बढो विक्रम वीर बालको ।
आगो फिलिङ्गै पनि होस् अरण्यमा
उल्लास देखाउँछ एक सासमा ॥

(आ. रा. २: ७२)

यस कवितामा कविले रामका वीरताको वर्णन गरेको पाइन्छ । यसमा बालक रामको असाधारण पराक्रमको वर्णन भएको छ । जसलाई सामान्य उक्तिद्वारा सानो फिलिङ्गो आगोले समर्थन गरेको छ । त्यसैले यहाँ 'अर्थान्तरन्यास ' अलङ्कार रहेको छ ।

जस्तै :- सामान्यलाई विषेशले

गमन नियम रामको हुनाले
प्रियतम लक्ष्मण साथ लाग्न थाले ।
जब रवि पथमा तयार हुन्छन्
अरुण अगाडि सरी खडा रहन्छन् ॥

(आ.रा. ४ : ३५)

यहाँ, रामचन्द्र बनवास जाने बेलामा लक्ष्मण पनि साथमा जान लागेको दृश्यको वर्णन गरिएको छ । रामसँग लक्ष्मण पनि वनबास जान खोजेको सामान्य उक्तिलाई सूर्य भगवान् विदेशतिर जान खोज्दा साथमा अरुण पनि तयार भएको विशेष उक्तिले समर्थन गरेकाले 'अर्थान्तरन्यास' अलङ्कार रहेको छ ।

**४. दृष्टान्त**

उद्भटले "इष्ट अर्थलाई अझ स्पष्ट पार्न सादृश्यवाचक पदविना पनि प्रतिबिम्वको योजना गरेमा विद्वान्हरूले दृष्टान्त भनेको छन्" भनेर भनेको छ (उद्भट, १९२५ : ८५) ।

मम्मटले "उपमान, उपमेय साधारण धर्म आदि सबैको प्रतिबिम्ब हुँदा दृष्टान्ट हुन्छ" भनेका छन् (मम्मट, १९९८ : ४८६) ।

केशवप्रसाद उपाध्यायले "समान धर्म भएका विभिन्न वस्तुहरूको बिम्बप्रतिबिम्ब मात्र व्यक्त गरिएमा दृष्टान्ट अलङ्कार हुन्छ" भनेका छन् (उपाध्याय, २०५५ : १२५) ।

निष्कर्षका रूपमा भन्दा दुई वा दुईभन्दा बढी वाक्यार्थमा बिम्ब र प्रतिबिम्ब भाव भई एउटा भनाइलाई अर्को भनाईद्वारा पुष्टि गरिएमा दृष्टान्त अलङ्कार हुन्छ ।

जस्तै :-

योग्य स्थानविषे मान सानाले पनि पाउँछ
कृष्णाका तटको ढुङ्गो देवता कहलाउँछ ।

(लेखनाथ, नैतिक दृष्टान्त)

यहाँ, योग्य स्थानमा स्थित सानु वस्तु पनि योग्य नै हुन्छ भन्ने कथनलाई पुष्टि गर्नका लागि काली नदीको किनारको ढुङ्गो (शालिग्राम) पनि देवता हुन्छ भन्ने भनाइ राखेको छ । त्यसैले यहाँ 'दृष्टान्त' अलङ्कार रहेको छ ।

**५. समासोक्ति**

आचार्य भामहले "एउटा वस्तुको वर्णन गर्दा त्यसका समान विश्लेषणबाट अर्को अर्थ प्रतीति हुन्छ भने समासोक्ति अलङ्कार हुन्छ" भनेका छन् (भामह, २०३८ : १७) ।

श्लिष्ट विशेषणद्वारा हुने अप्रकृत उक्तिलाई समासोक्ति अलङ्कार भनिन्छ (मम्मट, १९९८ : ४७४) ।

समासोक्ति प्रकृतमा कार्य आदि समान भै
आरोप बुझिएर अर्को समान व्यवहारको ॥

(सिग्देल, २०५८ : २२९) ।

निष्कर्षका रूपमा भन्दा प्रस्तुत वस्तुमा लिङ्ग कार्य आदि विशेषण र तिनीहरूको कार्यको समानताद्वारा अप्रस्तुत अर्थ प्रतीतिको लागि जहाँ व्यवहारको समारोप गरिन्छ त्यहाँ 'समासोक्ति' अलङ्कार हुन्छ ।

जस्तै :-

निशा फनफनाउँदै जब हिडिन् अँध्यारोतिर,
निशापति पछ्याउँदै फिकरमा डुबे आखिर ।
उषा अब खडा भइन् जमजमाउदो बेषमा,
उषापति सराग भैं सुमसुम्याँउथे स्नेहमा ।

(आ.रा., ३:१२)

प्रस्तुत पद्यमा कविले प्रातकालको वर्णन गरेको देखिन्छ । यस पद्यमा निशा र निशापति उषा र उषापति शब्दहरूबाट रात र चन्द्रमा, उषा र सूर्य अर्थ बुझिन्छ । तर यी दुवै बुझिए पनि अध्यारो तिर हिड्नु, फिकरमा डुब्नु, सराग भै सुम्सुम्याउनु आदि व्यवहारको दुबै कर्ताबाट हुन सक्दैन । अतः लिङ्ग भेदले गर्दा यी शब्दहरूले त्यही त्यही नाम गरेका नायक नायिकाका व्यवहारको आरोप गरेको हुँदा, यस पद्यमा 'समासोक्ति' अलङ्कार रहेको छ ।

**६. अप्रस्तुतप्रशंसा**

अप्राकरणिक अर्थात् उपमानको वर्णन गर्दा यदि प्राकरणिक अर्थात् उपमेयको अर्थ प्रतीति हुन्छ भने 'अप्रस्तुतप्रसंसा' नामको अलङ्कार हुन्छ (मम्मट, १९९८ : ४७६) ।

अप्रसङ्गिक अथवा उपमानको वर्णन गर्दा प्रासङ्गिक अर्थात उपमेयको प्रतिति हुन्छ भने अप्रस्तुतप्रसंसा अलङ्कार हुन्छ ।

जस्तै :-

आधात खप्न नसकी दृढ नारिकेल,
जस्तो कडा हृदयको ढकनी फुटेर ।
भित्री घनो मृदुल अंश खुला गरायो ।
पोखेर गर्भ-रस, देह सबै भिजायो ॥

(आ.रा., ४ : ७८)

उक्त पद्यमा कविले दशरथको देहावसान पछि भरतले रामलाई लिन गएर रामचन्द्रसँग भेट हुँदा खेरिको वर्णन गर्ने क्रममा अप्राकरणिक (अप्रस्तुत) अर्थात् उपमान नारिकेल (नरिवल) को वर्णन गरेका छन् । जसले प्राकरणिक (प्रस्तुत) अर्थात उपमेय भरतको कठोर हृदय पनि मृदुल भएको छ भन्ने अर्थको प्रतीति गराएको छ । अतः यस पद्यमा अप्रस्तुतप्रशंसा अलङ्कार रहेको छ ।

## ७. अतिशयोक्ति

कुनै चित्रलाई काल्पनिक रङ्गले मनोहर उज्वल पारे झैं कुनै विषय वा वस्तुको वर्णनमा उचित कल्पनाको आभा दिएर कविले उक्तिलाई चहकिलो पारेको छ भने 'अतिशयोक्ति' नामको अलङ्कार हुन्छ (सिग्देल, २०५८ : २१५) ।

जस्तै :-

फूलै झैँ मधुर ऋतुकी मिठासवाली ।
प्याल झैँ मधुमय बैँसकी उज्यालो ॥
चाञ्चल्य प्रकृतपना सुचारु पारी ॥
डाक्ने झैँ मधुप भइन् सिँगार पारी ॥

(शाकुन्तल, १६:११)

माथिको उदाहरणमा उपमेयका (वस्तुमा) रूपमा शकुन्तलाको रूप-गुणको वर्णन बढाइ चढाइका साथ गरिएको छ र साथै शकुन्तलाको रूप गुणलाई वसन्त ऋतुको कल्पनाको आभा दिएर वर्णन गरेको छ । त्यसैले उक्त उदाहरणमा अतिशयोक्ति अलङ्कार रहेको छ ।

## ८. स्वभावोक्ति

कुनै पनि वस्तुको स्वभाव एवं क्रियाकलाप आदिको जस्ताको तस्तै चित्र उतार्नु स्वभावोक्ति अलङ्कार हो (अधिकारी, २०५९ : ६७) ।

कुनै जाति, व्यक्ति, अवस्था, दृश्य आदिको चित्र उतारे झैँ यथार्थ वर्णन भएमा स्वभावोक्ति अलङ्कार हुन्छ (सिग्देल, २०५८ : २३१) ।

जस्तै :-

मजाको चौतारी, वरपर सबै शुन्य विजन
निकै टाढा पर्थे भवन, वन, वस्ती, उपवन ।
बहन्थिन् सामुन्ने कलकल नदी पुण्य-सलिला
अनेकौं देखिन्थे तट-निकटमा सुन्दर शिला ॥

(तरुण तपसी, १:२)

यहाँ कुनै शून्य जङ्गलबीच रहेको चौतारी र त्यसका आसपासको वातावरण साथै नगीचै रहेको नदीको स्वभाविक वर्णन गरिएकोले स्वभावोक्ति अलङ्कार रहेको छ ।

**९. उत्प्रेक्षा**

प्रकृत वा उपमेयको अप्रकृत वा उपमानसँग जे-जस्तो सम्भावना गरिन्छ त्यही नै उत्प्रेक्षा अलङ्कार हो (मम्मट, १९९८ : ४६०) ।

उपमेयमा उपमानको सम्भावना देखाउँदा उत्पन्न हुने अर्थालङ्कारलाई उत्प्रेरणा भनिन्छ (श्रेष्ठ, २०५८ : १४८) ।

जस्तै :-

नीलो सारी सागर, धर्के तट चोलो
खोला नाला कम्मरबन्दी चहकीलो ।
ढाका-बुट्टे चादर पारी वन भारी
देख्थे यात्री पल्टिरहेकी क्षिति नारी ॥

(आ.रा. १२ : २७)

यहाँ नारीरूपी पृथ्वीमा नीलो सारी आदि उपमानको सम्भावना देखाइएको हुनाले उत्प्रेक्षा अलङ्कार रहेको छ ।

**१०. सन्देह**

प्रस्तुत विषयमा कविप्रतिभाद्वारा अप्रस्तुतको आंशका उठाइएको बयानमा सन्देह अलङ्कार हुन्छ (मम्मट, १९९८ : ४६२) ।

प्रस्तुत उपमेयमा अन्य उपमानको संशय हुनु नै ‘सन्देह’ नामक अलङ्कार हो (पन्त, २०५६ : ४६) ।

जस्तैः -

स्वभावैले हो वा अविदित कुनै कर्मवश हो ?
दशाले हो यद्वा कुटिल विधिको कोप-वश हो ?
नजाने के ले हो प्रकृति जननीको मुख भरी
जम्यो कालो पोतो मधुर मुख शोभा सब हरी ॥

(तरुण तपसी, ४ : ३)

माथिको उदाहरणमा कविले शरदऋतुको समाप्ति पछि हेमन्तऋतुको चिसो मौसम र प्रकृतिको चित्रण गरेका छन् । जहाँ हेमन्तऋतुको कहाली लाग्दो ठण्डी अनि प्रकृति, वातावरण चारै तिर कुहिरोले ढाकिएको अवस्थामा सूर्यको दर्शन दुर्लभ हुँदा किन र कसरी प्रकृतिमा यस्तो विपत्ति आएको भन्ने कुरालाई कविले सन्देह साथ व्यक्त गरेका छन् कि स्वभावले हो वा कुनै कर्मवश, दशाले हो वा विधाताको कोपले हो प्रकृतिको मुख शोभा क्षीण भएर कालो पोतिएको भनेर सन्देह, शंका उत्पन्न भएकोले नै यहाँ सन्देह अलङ्का रहेको छ ।

### ११. विरोध

कुनै वस्तु, गुण, क्रियाहरूमा विरोध जस्तो भान भएमा विरोधालङ्कार हुन्छ (सिग्देल, २०५८ : २३४) ।

कुनै विशेष कुरा दर्शाउन गुण, क्रिया आदिमा विरुद्ध पदार्थको संसर्ग देखाइन्छ भने त्यहाँ विरोध अलङ्कार हुन्छ (भामह, २०३८ : ३१) ।

जस्तै :-

जो विश्वनायक विनायक एकरूप,
जो अद्वितीय गणनाथ सम-स्वरूप ।
ती विध्नराज भई विध्न विनाशकारी,
देव प्रशन्न मुखको महिमा छ भारी ॥

(आ.रा. १ : ३)

माथिको उदाहरणमा श्लोकको तीन पक्षमा विरोध अलङ्कार छ । किनभने जो विनायक छ त्यो विश्वनायक कसरी हुन्छ ? जो अद्वितीय छ त्यो गणनाथ समान कसरी हुनसक्छ ? जो विघ्नराज छ त्यो कसरी बिघ्नविनासकारी हुनसक्छ ? तर यस पद्यमा भएको विरोधको परिहार गर्दा नायकमा विशिष्ट विनायक, आदिपुरुष अद्वितीय जो द्वितीयले रहित होइन । विघ्न राज भनेको विघ्नको नास गर्नेको राजा जो गणनाथ अथवा गणेश भगवान हुन् । यसरी विरोधाभास अलङ्कार रहेको छ ।

## २.४.२ सजातीय वर्गीकरण

अलङ्कारको शब्द र अर्थमा गरिएको समान्य वर्गीकरणभन्दा विशेष किसिमको वर्गीकरणतर्फ अलङ्कार शास्त्रीहरू लागेका छन् । यस्ता अलङ्कार शास्त्रीहरूमा

रुद्रट, रुय्यक प्रमुख रहेका छन् । आयार्य रुय्यकको वर्गीकरण विशिष्ट र वैज्ञानिक मानिन्छ । उनले अलङ्कारका मूल तत्वहरूलाई समेटेर सजातीय वर्गीकरण गरेका छन् । पहिलो खण्ड शब्दालङ्कार र दोस्रो खण्ड अर्थालङ्कार गरी रुय्यकले गरेको अलङ्कार वर्गीकरण यसप्रकार छ :

### २.४.२.१ शब्दालङ्कार वा पौनरुक्त्यवर्ग

शब्दमा वैचित्र्य पैदा गराउने उस्तै किसिमका वर्ण वा वर्णसमूहको बारम्बार विन्यास नै शबदालङ्कार अथवा पौनरुक्त्यवर्ग वर्ग हो । जसलाई पाँचभागमा विभक्त गरिएको छ -

१. अर्थ पौनरुक्त्य - पुनरुक्तवदाभास

२. शब्द पौनरुक्त्य - अनुप्रास (छेकानुप्रास, वृत्यानुप्रास)

३. स्वरव्यञ्जन समुदायपौन रुक्त्य - यमक

४. शब्दार्थभयपौनरुक्त्य - लाटानुप्रास

५. स्थान विशेषश्लिष्ट वर्णपौनरुक्त्य - चित्र (अधिकारी, २०६३ : १५) ।

### २.४.२.२ अर्थालङ्कार

अर्थालङ्कारलाई आचार्य रुय्यले आफ्नो अलङ्कार सर्वस्व ग्रन्थमा यसरी वर्गीकरण गरेका छन् -

#### २.४.२.२.१ सादृश्य विच्छित्तिमूलक अलङ्कार वर्ग

सामान्यतया सदृशको भावलाई सादृश्य भनिन्छ । तापनि साधारण धर्मको सम्बन्धका लागि प्रयोग हुने धर्म विशेषलाई नै काव्यप्रकाशका टीकाकार उद्योतले 'सादृश्य' भनेको पाइन्छ । जुन अलङ्कारमा सादृश्य नै अति सुन्दरता वा विच्छित्तिको विषय बनेको हुन्छ तिनै अलङ्कारलाई सादृश्यविच्छित्तिमूलक अलङ्कार भनिन्छ । सादृश्य पनि भिन्न भिन्न रूपमा देखापर्ने भएकोले रुय्यकले सादृश्यविच्छित्तिमूलक अलङ्कारलाई चार वर्गमा विभाजित गरेका छन्-

**(अ) भेदाभेदतुल्यतामूलक सादृश्यालङ्कार**

जहाँ उपमान र उपमेयको सादृश्यमा भेद भएर पनि अभेदको कल्पना गरिन्छ त्यो भेदाभेदप्रधान सादृश्य हो । यस वर्णभित्र उपमा, उपमेयोपमा, अनन्वय र स्मरण अलङ्कारहरू पर्दछन् ।

**उपमा**

उपमा अलङ्कार सादृश्यगर्भ अलङ्कार वर्गको भेदाभेदतुल्यतामूलक अलङ्कार उपवर्गभित्र पर्दछ । उपमा सादृश्यमूलक अर्थालङ्कारको मूल मानिएको एक सर्वाधिक चमत्कार पूर्ण अलङ्कार हो । आचार्य भरतले सर्वप्रथम उपमा अलङ्कारको उल्लेख गर्दै भनेका छन्" काव्य प्रबन्धमा जे कुरा उपमाका निम्ति प्रस्तुत हुन्छ, गुण र आकृतिको समानतामा आश्रित हुने भएकोले त्यही नै उपमा अलङ्कार हो" (सहायहीरा, २०२६ : ९८) ।

आचार्य मम्मटले भनेका छन् - "उपमान र उपमेयबीच वास्तविक भिन्नता रहे पनि ती दुबै बीच समानधर्मिताका कारणले हुने सम्बन्ध नै उपमा हो" (मम्मट, १९९८ : ४४३) ।

"उपमा त्यस्ती नर्तकी हो जुन अनेक चित्र विचित्रका भूमिका रच्दै काव्यरूपी रङ्गमंचमा ओर्लेर नाँच्दी छँदी रसिकहरूको चित्रलाई आनन्दित बनाउँछिन्" (अप्पय दीक्षित, २०३० : ३६) ।

केशवप्रसाद उपाध्यायले उपमेय र उपमानका बीच रूप, गुण, क्रिया आदिको समानता देखाइएमा उपमा अलङ्कार हुन्छ भनेका छन् । नारायण सापकोटाका अनुसार -

प्रसिद्धिसित सादृश्य तुलना अरुको गरे ।
उपमा यसका भेद पूर्णालुप्ता अनेक छन् ॥

(सापकोटा, २०५२: ३७) ।

संस्कृत साहित्यका विद्वान्का साथै नेपाली साहित्यका विद्वान्हरूका समग्र उपमाको स्वरूप र उदाहरणको पश्चात् उपमाको लक्षण यसप्रकार स्पष्ट गर्न सकिन्छ ।

- उपमा कुनै एक वस्तुको तुलना अर्को वस्तुसँग गुण, क्रिया आदि धर्मका आधारमा गरिन्छ ।
- उपमा सादृश्यमूलक भेदाभेदप्रधान अलङ्कार हो ।
- पूर्णोपमा हुनका लागि उपमान, उपमेय, समानधर्म र वाचकपद गरी चार तत्त्वको आवश्यकता पर्दछ । यी चार तत्त्वमा एक तत्वको पनि न्यून भए लुप्तोपमा हुन्छ ।
- उपमानको उदाहरण कविसमय, प्रसिद्धिका आधारमा हुन्छ ।

जस्तै :- उपमाको उदाहरण,

नक्षत्र साथ लिइ निर्मलपूर्ण चन्द्र,
जस्तै हुँदै प्रकट सानुज रामचन्द्र ।
आनन्द मग्न जन मस्त भएर नाचे,
सन्तोषको रस अनन्त गराइ साँचे ॥

(आ. रा. १ : ६७)

यस कवितामा कविले भाइहरू सहित रामचन्द्रलाई, नक्षत्र सहितका पूर्णचन्द्रसँग तुलना गरेका छन् । यहाँ 'रामचन्द्र' उपमेय, 'पूर्णचन्द्र' उपमान, 'जस्तै' वाचकपद र लोकलाई 'सन्तोष'को रस प्रदान गर्ने समानधर्म दुवैमा छ । अत : यस कवितामा प्रष्ट रूपमा पूर्णोपमा अलङ्कार रहेको छ ।

**स्मरण वा स्मृति**

पहिला देखिएका अथवा अनुभव गरिएका वस्तुका समान अर्को वस्तुलाई देखेर प्रतिभामा जुन पहिलेका पदार्थ अथवा वस्तुको स्मृति वा स्मरण हुन्छ, त्यसैलाई 'स्मरण' अलङ्गार भनिन्छ (मम्मट, १९९८ : ५४२) ।

वस्तु, घटना, क्रिया आदि देखेर तत्सदृश पूर्वानुभूत अथवा पूर्वपरिचित वस्तुको सम्झनालाई 'स्मरण' अलङ्कार भनिन्छ (सापकोटा, २०५२ : ८८) ।

निष्कर्षका रूपमा भन्दा उपमानको तुल्यता वा सादृश्यले पूर्वानुभूत उपमेयको सम्झनालाई नै स्मृति वा स्मरण अलङ्कार भनिन्छ ।

जस्तै :-

सुती लेटी मिल्ने सुख-सयल जाने न त रति
न ता कोही तीर्थ-भ्रमण सुख भोगेँ अलिकति ।
जहाँ जन्मेको हूँ विधिवश उहीँ छू अझ खडा
सही लाखौं चर्का विपद अथवा सङ्कट कडा ॥

(तरुण तपसी, १ : ३२)

उक्त पद्यमा कविले पहिलेका दिनहरूको दिनचर्या सम्झँदै अहिलेका दिनचर्यासँगको तुलनामा केही परिवर्तन नपाउँदा कविले खेद व्यक्त गरेका छन् । पहिलेको जीवन र अहिलेको जीवनमा केही फरक छैन भनी सम्झँदा यहाँ स्मरण वा स्मृति अलङ्कार रहेको छ ।

**(आ) अभेदप्रधान्यमूलक सादृश्यालङ्कार**

उपमान र उपमेयको अथवा प्रस्तुत र अप्रस्तुतको सादृश्यमा अभेद भएको कल्पना गर्नु नै अभेदप्रधान्य सादृश्य हो । यस वर्गभित्र रूपक, परिणाम, सन्देश, भ्रान्तिमान, अतिशयोक्ति, उत्प्रेक्षा आदि अलङ्कारहरू पर्दछन् ।

**रूपक**

उपमानसँग उपमेयको गुणसादृश्यद्वारा उपमान र उपमेयबीच अभेद आरोप गर्दा 'रूपक' अलङ्कार हुन्छ (वामन, १९९९ : १६९) ।

उपमानको र उपमेयको अभेद आरोप गर्दा रूपक अलङ्कार हुन्छ (गौतम, १९७८ : ६६) ।

जस्तै :-

नाट्यशाला छ आकाश नाचले विजुली नटी ।
ताल दिन्छ तबल्ची भै मेघ धाकिटि धाकिटि ॥

(ऋतुविचार)

यस पद्यमा नाट्यशाला र आकास, विजुली र नटी, तबल्ची र मेघका बीच रुपसाम्य तथा कार्यसाम्यका आधारमा उपमेय र उपमानका बीच अभेद आरोप गरिएको छ । अतः यस पद्यमा 'रुपक' अलङ्कार रहेको छ ।

**परिणाम**

जहाँ आरोप्य (उपमान) आरोपविषय (उपमेय) सँग तादात्म्य रूपमा प्रस्तुत गरिएको छ र त्यसमा उपमेय अत्यन्त उपयोगी भएको छ भने त्यहाँ 'परिणाम' नामको अलङ्कार हुन्छ (विश्वनाथ, २०५६ : ८५५) ।

जस्तै : -

विवेक रत्नाकरमा, खोजेका न्याय मौक्तिक ।
सुवर्ण सुत्रमा उन्दा बने भूषण रामका ॥

(आ.रा. १५ : ३६)

उक्त कवितामा कविले रामचन्द्रको नीतिको वर्णन गर्दै विवेकमा समुद्रको आरोप, न्यायमा मोतीको आरोप, सूत्रमा सुवर्णको आरोप गरेकाछन् । त्यसमा पनि विवेकबाट मोतीरूपी न्यायलाई सुवर्णसूत्रमा उन्दा तिनीहरू रामचन्द्रप्रति भूषण भएका छन् ।

त्यसकारण उपमान भन्दा उपमेय अत्यन्त उपयोगी भएकोले ‘परिणाम’ नामक अलङ्कार रहेको छ ।

**भ्रान्तिमान**

अत्यन्त सादृश्यका कारण प्रतिभाबाट उत्थित अन्य वस्तुमा अन्य वस्तु वा पदार्थको ज्ञानलाई ‘भ्रान्तिमान’ वा भ्रान्ति अलङ्कार भनिन्छ (विश्वनाथ, २०५६ : ८६२) ।

अत्यन्त सादृश्यका कारण कुनै एक पदार्थमा वा वस्तुमा त्यही वस्तु जस्तै अर्को वस्तुको भ्रम हुनु नै ‘भ्रान्ति’ अलङ्कार हो ।

जस्तै :-

गाईका गोठभरी छरिएका जूनका रेखा ।
देख्तैमा गर्छ कुनै पोखेको दुधको लेखा ॥

(साहित्यप्रदीप, २२०)

यहाँ कसैलाई गाईको गोठमा छरिएको चन्द्रमाको प्रकाशलाई देखेर दुध पोखिएको भ्रम भएकोले ‘भ्रान्तिमान’ अलङ्कार रहेको छ ।

**सन्देह**

प्रस्तुत विषयमा कवि प्रतिभाद्वारा अप्रस्तुतको आशंका उठाइएको वयानमा सन्देह अलङ्कार हुन्छ (पन्त : २०५६ : ४६) ।

प्रस्तुत उपमेयमा अन्य उपमानको संशय हुनु नै ‘सन्देह’ नामक अलङ्कार हो (मम्मट, १९९८ : ४६२) ।

जस्तै :

न वा त्यो चरी हो, न वा त्यो परी हो ?
न वा कृष्णको मोहनी माधुरी हो ?
न वा विश्वसौन्दर्यको चातुरी हो ?
यसै कान पीयूषले नै भरी भो ॥

(शाकुन्तल, ४:११)

यस श्लोकमा विश्वामित्रको तपस्या भङ्ग गर्न धरतीमा झरेकी मेनकाको परीगान सुनेर विश्वामित्र पनि मेनकालाई देखी र साथै उसको मधुर स्वर सुनेर अचम्भित भएको वर्णन छ । यसमा न चरी हो न परी नै हो र न कृष्णको मोहनी हो न त त्यो विश्वसौन्दर्यको चातुरी हो । त के हो यस्तो ? कानमा अमृत भरी दिने ? भन्ने किसिमले

ऋषि विश्वामित्रलाई सन्देह उत्पन्न भएको देखिन्छ । यसरी संशय उत्पन्न हुँदा त्यहाँ 'सन्देह' अलङ्कार रहेका छ ।

**(ङ) गम्यौपम्याश्रयमूलक अलङ्कार**

जहाँ उपमान र उपमेयबीचको सादृश्य वा औपम्य शब्दतः उल्लेख नभई अर्थात् इव, यथा, सरी, झैं आदि वाचक पदविना पनि अलङ्कार गम्य भएको हुन्छ, त्यहाँ गम्यौपम्याश्रयमूलक अलङ्कार हुन्छ । यस उपवर्गभित्र तुल्ययोगिता, दीपक, प्रतिवस्तुपमा दृष्टान्त, निदर्शना अलङ्कारहरू पर्दछन् ।

**दीपक**

जहाँ प्रकृत अर्थात् उपमेय तथा अप्रकृत अर्थात् उपमानको क्रियाआदि धर्महरूको एउटै मात्र सम्बन्ध देखाइन्छ त्यहाँ 'दीपक' अलङ्कार हुन्छ (मम्मट, १९९८ : ४८७) ।

वर्णनीय वा अवर्णनीय अनेक पदार्थमा एक धर्मको सम्बन्ध देखाएका 'दीपक' अलङ्कार हुन्छ (सिग्देल, २०५८ : २२१) ।

जस्तै :

विजुली, लहरी, मेघ, मञ्जरी, स्वप्न, यौवन ।
कुनै छैनन् चिरस्थायी यी छन् क्षणिक शोभन ॥

(साहित्यप्रदीप, पृ. ६९)

यहाँ 'क्षणिक शोभा' भन्ने एउटै धर्मले बिजुली, लहरी, मेघ, स्वप्न, यौवन आदि सबैलाई अस्थायी हुन् भन्ने देखाइएको छ ।

**दृष्टान्त**

इष्ट अर्थलाई अझ स्पष्ट पार्न सादृश्यवाचक पदविना पनि प्रतिबिम्बको योजना गरेमा विद्वान्हरू दृष्टान्ट अलङ्कार भन्दछन् (उद्‌भट, १९२५ : ८५) ।

समान धर्म भएका विभिन्न वस्तुहरूको बिम्ब र प्रतिबिम्ब व्यक्त गरिएमा दृष्टान्त अलङ्कार हुन्छ (उपाध्याय, २०५५ : १२५) ।

निष्कर्षमा भन्दा दुई वा दुईभन्दा बढी वाक्यार्थमा बिम्ब र प्रतिबिम्ब भाव भई एउटा भनाइलाई अर्को भनाइले पुष्टि गरिएमा 'दृष्टान्त' अलङ्कार हुन्छ ।

जस्तै :

विश्राम गर्छन् निर्धक्क बटुवा वृक्षका मनी
आडमा योग्य नेताको दुनियाँ झैं सुखी बनी ॥

(पौडयाल : ग्रीष्म विचार)

उक्त कवितामा पहिलो पङ्क्ति मूल कथनलाई दोस्रो पङ्क्तिको कथनले पुष्टि गरेको छ । यी दुई पङ्क्तिबीच बिम्ब प्रति बिम्बभावको सम्बन्ध झल्किएको छ, त्यकारण यहाँ 'दृष्टान्त' अलङ्कार रहेको छ ।

**प्रतिवस्तुपमा**

एउटै साधारण धर्मलाई उपमेय वाक्य तथा उपमान वाक्यमा भिन्न शब्दद्वारा वर्णन गरिन्छ भने त्यहाँ 'प्रतिवस्तुपमा' नामको अलङ्कार हुन्छ (मम्मट, १९९८ : ४८४) ।

उस्तै किसिमका अनेक वाक्यार्थमा एकै धर्म विभिन्न बोलीले देखाई ती वाक्यार्थको समानता बुझाएमा 'प्रतिवस्तुपमा' नामक अलङ्कार हुन्छ (सिग्देल, २०५८ : २२२) ।

जस्तै :-

विद्वान्हरू नै विद्याको गहीरो मर्म बुझ्दछन् ।
जुहारी नै निहारेर रत्नको तत्त्व जान्दछन् ॥

(सा. प्रदीप), (पृ. २२२) ।

उक्त उदाहरणमा मर्म बुझ्नु र तत्व जान्नु यी दुवै धर्म एकै धर्म भई विद्याको मर्म ज्ञानमा विद्वान् र रत्नको तत्त्व ज्ञानमा जुहारीबीच समानता बुझिनाले 'प्रतिवस्तुपमा अलङ्कार रहेको छ ।'

**(ई) भेदप्रधान्यमूलक अलङ्कारवर्ग**

उपमान र उपमेयबीच सादृश्यलाई जहाँ स्पष्ट भेद छुट्टिने गरी देखाइएको हुन्छ, त्यसलाई भेदप्रधान्य मूलक अलङ्कार वर्ग भनिन्छ । यस उपवर्गमा व्यतिरेक, सहसोक्ति, विनोक्ति अलङ्कारहरू पर्दछन् ।

**व्यतिरेक**

उपमानभन्दा उपमेयको आधिक्य वा उपमेयभन्दा उपमानको न्यून वर्णन गरेमा व्यतिरेक अलङ्कार हुन्छ (सिग्देल, २०५८ : २२०) ।

उपमानभन्दा उपमेयको आधिक्यता वा न्यूनता वर्णन भएमा व्यतिरेक अलङ्कार हुन्छ (रुय्यक, २००१ : ८०) ।

जस्तै :

सौन्दर्य हाम्रो जूनको जस्तो किरण पवित्र ।
जूनमा हुन्छ कलङ्क 'हुन्न' सतीको मनभित्र ॥

(मुनामदन)

यहाँ जूनको सौन्दर्य द्यौतक भए तापनि त्यो सतीको मन जस्तो पवित्र हुन्न भनी उपमान जून (चन्द्रमा) भन्दा उपमेय सतीको मनको आधिक्य वर्णन गरेको छ ।त्यसैले यहाँ सतीको मनभन्दा जूनलाई व्यत्तिरेक (भिन्न) देखाएको ले व्यतिरेक अलङ्कार रहेको छ ।

**बिनोक्ति**

कुनै विषयमा केही कुराको अभावले भव्यता वा अभव्यता देखाएमा 'बिनोक्ति' अलङ्कार हुन्छ (सिग्देल, २०५८ : २२९) ।

एक पदार्थ या वस्तु अर्को विना सुन्दर वा असुन्दर भएमा बिनोक्ति अलङ्कार हुन्छ (मम्मट, १९९८ : ५०७) ।

निष्कर्षमा भन्दा कुनै वस्तु विना अर्को वस्तु राम्रो या नराम्रो वर्णन गरेमा 'विनोक्ति' नामको अलङ्गार हुन्छ ।

जस्तै :-

विद्या विना मनुजजन्म ठहर्छ थारो,
ऐश्वर्य लोकहित कार्यविना लठारो ॥

(आ.रा. १ : ५३)

उक्त उदाहरणमा मनुष्यको जन्म विद्याको अभावमा व्यर्थ हुन्छ र लोकहित कार्यको अभावमा ऐश्वय, सम्पत्तिको पनि व्यर्थता रहन्छ । त्यसैले विद्या विनाको मनुष्य जीवन र लोकहित विना धन, सम्पत्तिको सार्थकता नभएको कारण यहाँ 'विनोक्ति' अलङ्कार रहेको छ ।

## २.४.२.२.२ विशेषण विच्छित्तिमूलक अलङ्कार वर्ग

विशेषणको विशेषताबाट नै यदि काव्यमा सौन्दर्य वा विच्छित्ति हुन्छ भने त्यस प्रकृतिका सबै अलङ्कारलाई विशेषण विच्छित्तिमूलक अलङ्कारवर्ग भनिन्छ । यस अलङ्कार वर्गमा समासोक्ति, परिकर, अर्थान्तरन्यास, अप्रस्तुतप्रशंसा अलङ्कारहरू पर्दछन् र यिनीहरूको निम्नानुसार चर्चा गरिएको छ :

**समासोक्ति**

एउटा वस्तुको वर्णन गर्दा त्यसका समान विशेषणबाट अर्को अर्थ प्रतीति हुन्छ भने 'समासोक्ति' अलङार हुन्छ (भामह, २०३८ : १७) ।

श्लिष्ट विशेषणद्वारा हुने अप्रकृत उक्तिलाई नै समासोक्ति भनिन्छ (मम्मट, १९९८ : ४७४) ।

प्रकृत कुरालाई कार्य, स्त्री-पुलिङ्ग, विशेषण आदिको समानताबाट अप्रकृतको व्यवहारको आरोप गरी देखाएमा समासोक्ति अलङ्कार हुन्छ (सिग्देल, २०५८ : २२९) ।

जस्तै :-

अगाध सिन्धुमा चुप्पै चल्छन् तिमी तिमिङ्गिल ।
भ्यागुतो खुप गर्जन्छ पाउँदा धमिलो जल ॥

(वर्षाविचार)

उक्त कवितामा स्वच्छ सागरमा रहेका माछाहरूको स्वभाव र धमिलो भलमा रहेको भ्यागुताको स्वभावको प्रस्तुत वर्णनबाट सज्जन मान्छेको स्वभाव र अज्ञानी मान्छेको स्वभावादि अप्रस्तुत वस्तुको पनि बोध गराएको छ, त्यसैले यहाँ समासोक्ति अलङ्कार रहेको छ ।

**परिकर**

जहाँ एउटा विशेष्यमा अनेक सार्थक विशेषणहरू अभिप्राय युक्त लगाइन्छ त्यहाँ 'परिकर' नामक अलङ्कार हुन्छ (मम्मट, १९९८ : ५२३) ।

एउटा विशेष्यमा भावपूर्ण विशेषणहरूको आधिक्यता देखाएमा 'परिकर' अलङकार हुन्छ (उपाध्याय, २०५५ : १२७) ।

एक वा अने विशेषणहरू भावपूर्ण रूपमा एउटा विशेष्यमा लगाइ दिए पछि 'परिकर' अलङ्कार हुन्छ ।

जस्तै :-

प्राणाधार ! विधाता ! जीवन सर्वस्व ! हे नाथ !
कसरी सहूँ विरह यो, सहेन दुर्दैवले साथ ॥

(आदर्श, १६ : २६)

उक्त पद्यमा सीताले विरहावस्थामा रामको पुकार गर्दै हेनाथ भन्ने विशेष्यमा प्राणाधार, विधाता, जीवनसर्वस्व आदि विशेषणहरूको भावपूर्ण प्रयोग गरिएको छ । एक विशेष्यमा भावपूर्ण अनेक विशेषणको प्रयोगले यहाँ 'परिकर' अलङ्कार रहेको छ ।

**अर्थान्तरन्यास**

सामान्य अर्थलाई विशेषले, विशेष अर्थलाई सामान्यले, कार्यलाई कारणले र कारणलाई कार्यले साधर्म्य वा वैधर्म्य रूपमा समर्थन गरेमा 'अर्थान्तरन्यास' अलङ्कार हुन्छ (पन्त, २०५६ : ६६) ।

जहाँ सामान्य अर्थलाई विशेष अर्थद्वारा अथवा विशेष अर्थलाई सामान्य अर्थद्वारा समर्थन गरिन्छ त्यहाँ अर्थान्तरन्यास अलङ्कार हुन्छ । यो साधर्म्यमूलक र वैधर्म्यमूलक दुई प्रकारको हुन्छ (मम्मट, १९९८ : ५००) ।

जस्तै : - विशेषलाई सामान्यले समर्थन,

तरुहरू छाया दिन्छन् शीतोष्ण खपेर पान्थजनलाई ।
गर्छन् बरु दुःख खपी जड पनि कल्याण अरुलाई ।

(साहित्यप्रदीप, २३९)

यहाँ, बोट वृक्षहरू आफु शीत, गर्मी खपेर पनि बटुवा (पान्थ)हरूलाई छहारी प्रदान गर्छन् भन्ने सामान्य उक्तिले जड (अचेतन) भएर पनि दुःख कष्ट खप्तै अरुको कल्याण गर्दछन् भन्ने विशेष उक्तिको समर्थन गरेको छ । अतः यस पद्यमा 'अर्थान्तरन्यास' अलङ्कार रहेको छ ।

जस्तै :- सामान्यलाई विशेषले समर्थन,

आँखा झुक्तछ सबको अगाडि पर्दा प्रदीप्त भाष्करको ।
सामर्थ्य हुन्छ अड्ने तेजस्वीको प्रभावमा कसको ॥

(साहित्यप्रदीप, २३९)

यस पद्यमा सूर्यको रोशनीको अगाडि सबै आँखा बन्द गर्छन भन्ने सामान्य उक्तिलाई तेजस्वीको सम्मुख अडिने सामर्थ्य कसको रहन्छ ? भन्ने विशेष उक्तिले समर्थन गरिएको छ । अत: यहाँ अर्थान्तरन्यास अलङ्कार रहेको छ ।

**अप्रस्तुतप्रशंसा**

अप्राकरणिक अर्थात् उपमानको वर्णन गर्दा यदि प्राकरणिक अर्थात् उपमेयको अर्थ प्रतीति हुन्छ भने 'अप्रस्तुत प्रसंसा' नामको अलङ्कार हुन्छ (मम्मट, १९९८ : ४७६) ।

नेपाली साहित्यका विद्वान्हरूमा सिग्देल, भरतराज पन्त, नारायण सापकोटा, नारायण खनाल आदिले अप्रस्तुत अर्थको वर्णन गर्दा यदि प्रस्तुत अर्थको प्रतीति हुन्छ भने त्यहाँ 'अप्रस्तुत प्रशंसा' नामको अलङ्कार हुन्छ भनेका छन् ।

निष्कर्षमा भन्दा अप्रासङ्गिक अथवा उपमानको वर्णन गर्दा प्रासङ्गिक अर्थात् उपमेयको प्रतीति हुन्छ भने 'अप्रस्तुतप्रशंसा' अलङकार हुन्छ ।

जस्तै :-

आघात खप्न नसकी दृढ नारिकेल,
जस्तो कडा हृदयको ठकनी फुटेर
भित्री घनो मृदुल अंश खुला गरायो,
पोखेर गर्भ-रस, देश सबै भित्र्यायो ।

(आ.रा. ४ : ७८)

यहाँ कविले अयोध्या नगरमा दशरथको मृत्यु पश्चात् भरत दाजु रामलाई वनबाट लिन गएर रामचन्द्रसँग भेट हुँदाको वर्णन गरेका छन् । अप्राकरणिक अर्थात् उपमेय भरतको नारिकेल जस्तो कठोर हृदय पनि मृदुल भएको भन्ने अर्थ प्रतीति गराएको छ । त्यसैकारणले यस पद्यमा 'अप्रस्तुतप्रशंसा' नामको अलङ्कार रहेको छ ।

## २.४.२.२.३ गम्यताविच्छित्तिमूलक अलङ्कारवर्ग

जहाँ वाच्यार्थ गौण भएर प्रतीयमान अर्थ प्राधान्य रूपमा रहेको हुन्छ, त्यहा गम्यतार्थक अलङारहरू पर्दछन् । यसमा वाच्यार्थ ध्वनिमा पर्यवसायी भए पनि वाच्यमा नै केही मात्रामा चारुत्वता रहन्छ । त्यसकारण यिनीहरूलाई ध्वनिमा अन्तर्भाव गर्न सकिन्छ । यसवर्गमा पर्यायोक्त, व्याजस्तुति जस्ता अलङ्कारहरू पर्दछन् :-

**पर्यायोक्त**

जहाँ भङ्ग्यान्तरद्वारा व्यङ्ग्य अर्थ प्रतीतिका लागि वाच्यार्थको प्रतिपादन गरिन्छ त्यहाँ पर्यायोक्त अलङ्कार हुन्छ (विश्वनाथ, २०५६ : ९५६) ।

वाच्यवाचक भाव विना नै व्यञ्जनावृत्तिद्वारा प्रकारान्तरबाट कथन गरिन्छ भने 'पर्यायोक्त' अलङ्कार हुन्छ (मम्मट, १९९८ : ५११) ।

सोझै भन्नु पर्ने कुनै कुरालाई घुमाउरो उक्ति गरी व्यङ्ग्य गराएर बुझाउँदा पर्यायोक्त अलङ्कार हुन्छ (सिग्देल, २०५८ : २३९) ।

जस्तै -

भूभागमा बहिरहेछ सरस्वतीको,
प्रत्यक्ष गुप्त पनि धार थरीथरीको ।
जे होस् प्रकाश-पथमा रस धेर थोर,
सामान्य लोक-मतको यसमा छ जो ॥

(आ. रा. १ : १४)

यस पद्यमा कविले सरस्वतीको गुप्त प्रकाशलाई वर्णन गरेको पाइन्छ । त्यति मात्र नभएर यसमा कविले 'मेरो प्रयोजन अलङ्कारको चमक देखाउनु हो' भन्ने व्यङ्ग्य अर्थलाई यसमा लोक-मतको जोर छ भनेर प्रकारान्तरबाट भनेका छन् । त्यसैले यस कवितामा पर्यायोक्त अलङ्कार छ ।

**व्याजस्तुति**

वाच्यार्थ स्तुतिद्वारा निन्दा अर्थ व्यङ्ग्य भएमा र निन्दा अर्थद्वारा स्तुति अर्थ व्यङ्ग्य भएमा व्याजस्तुति हुन्छ (विश्वनाथ, २०५६ : ९५४) ।

निन्दा र स्तुति वाच्य भएर स्तुति र निन्दा व्यङ्ग्य हुन आएमा 'व्याजस्तुति' अलङ्कार हुन्छ (पन्त : २०५६ : ६८) ।

जस्तै -

विवेक कति देखिन्न प्रभुको द्वारमा हरे ! ।
नाम मात्र लिए पापी पनि पस्छन् सरासरे ॥

(साहित्य प्रदीप, पृ. २३६)

उक्त पद्यमा बाहिरबाट विवेकै नभएको भनी भगवानको निन्दा जस्तो देखिए पनि नामको महिमा वर्णन गरी स्तुत्य देखिन्छ । त्यसैले बाहिर निन्दा जस्तो देखिए तापनि व्यङ्यार्थमा स्तुति नै भएकोले यहाँ 'व्याजस्तुति' अलङ्कार रहेको छ ।

### २.४.२.२.४ विरोधविच्छित्तिमूलक अलङ्कारवर्ग

प्राकरणिक वा अप्राकरणिकका बीच जाति, गुण, क्रिया आदिको वर्णनमा सजातीय र विजातीयको सम्बन्ध देखाउनु नै 'विरोधमूलक' हो । विरोधी जस्तै देखाएर चमत्कार उत्पन्न गरिने भएकोले त्यस किसिमका अलङ्कारहरू यस वर्गभित्र पर्दछन् । जसमा विरोध, असङ्गति, विभावना, विशेषोक्ति, अधिक, अन्योन्य अलङ्कारहरू रहेका छन् ।

**विरोधाभास**

सजातीय र विजातीयको विरोध हुनु नै 'विरोध' हो भने विरोधको आभास हुनु नै विरोधाभास हो । यसलाई कसैले विरोध र कसैले विरोधाभासको संज्ञा दिएका छन् ।

जहाँ कुनै विशेष कुरा दर्शाउन गुण, क्रिया, आदिमा विरुद्ध पदार्थको संसर्ग देखाइन्छ भने त्यहाँ विरोध अलङ्कार हुन्छ (भामह, २०३८ : ३१) ।

कुनै वस्तु, गुण, क्रियाहरूमा विरोध जस्तो भान भएमा विरोधालङ्कार हुन्छ (सिग्देल, २०५८ : २३४) ।

निष्कर्षका रूपमा भन्दा विरोध वा विरोधाभास भनेको वास्तविक रूपमा विरोध नभई विरोधको जस्तो आभास मात्र हुनु हो । यसमा विरोधको परिहार हुनुपर्दछ, परिहार नभए दोष हुन्छ ।

जस्तै :-

जो विश्वनायक विनायक एकरूप,
जो अद्बितीय गणनाथ सम-स्वरूप ।
ती विघ्नराज भइ विघ्न विनासकारी,
देव प्रसन्न मुखको महिमा छ भारी ॥

(आ. रा. १ : ३)

यस पद्यमा कविले गणेश प्रति स्तुति गरेको देखिन्छ । यस पद्यका ती पाउसम्म विरोधालङ्कार छ किन भने जो विनायक छ त्यो कसरी विश्वनायक हुन सक्छ ? जो अद्बितीय छ त्यो कसरी गणनाथ समान हुन्छ जो विघ्नराज छ त्यो कसरी विघ्नविनासकारी

हुनसक्छ ? यसरी पद्यमा विरोध देखिएको छ । तर यसको परिहार यसरी गरिन्छ । विनायक भनेको नायकले विरहित नभई नायकमा पनि विशिष्ट हो, अद्वितीय भनेको द्वितीयले रहित होइन आदिपुरुष हो । विघ्नराज भनेको विघ्नविनासकारीको राजा हो । गणनाथ भनेको भगवान गणेश हुन् । यसरी यसमा विरोध नभई विरोधाभास छ ।

## असङ्गति

कार्य कारण भावको सङ्गति नहुनु नै असङ्गति हो । यस सम्बन्धमा आचार्य मम्मटले "कार्यकारण भाव भएका धर्महरूको आधारगत भिन्नताको वर्णन गर्नु नै असङ्गति हो" (मम्मट, १९९८ : ५३३) भनेका छन् ।

कारण र कार्य भिन्न देश देखाउँदै त्यसमा चमत्कार देखाएमा, एक थोक गर्न आँटेर अर्को थोक गरिएको वर्णन गर्दा र एकै ठाउँमा रहनु पर्ने कुरा भिन्न ठाउँमा रहेको वर्णन गर्दा असङ्गति अलङ्कार हुन्छ (गौतम, १९७८ : ९९) ।

जस्तै :-

स्मिताङ्कुर महर्षिको वदन-भूमिमा शोभियो
जुरुङ्ग जनकाङ्गमा चमक मञ्जरीले लियो ।
प्रफुलल्ल मुख-गुच्छको महक सौधमा फैलियो
अपूर्वपन रामको विजय-बीचमा देखियो ॥

(आ. रा. ३ : ३३)

यस पद्यमा कविले मिलिथामा रामले शिवको धनु भङ्ग गरेको वर्णन गरेका छन् । यहाँ कार्यकारण भाव पृथक रहेका छन् । महर्षिको वदनमा स्मिताकुर हुनु, जनकाङ्गमा जुरुङ्ग हुनु आदि कार्यहरू प्रति रामचन्द्रको अपूर्वपन कारण बनेको छ । अत : यहाँ कार्यकारण भाव एकै ठाउँमा नभई पृथक भएकोले यस कवितामा असङ्गति नामको अलङ्कार रहेको छ ।

## विभावना

कारण विना कार्यको उत्पत्ति हुन्छ भने त्यसलाई 'विभावना नामको अलङ्कार भनिन्छ (विश्वनाथ, २०५६ : ९७४) ।

प्रसिद्ध कारण नभए पनि कार्य भएमा विभावना अलङ्कार हुन्छ (सिग्देल, २०५८ : २३५) ।

कारण विनाकार्य हुनु अथवा कारणका अभावमा कार्योत्पत्ति हुनु विभावना अलङ्कार हो ।

जस्तै :-

चिम्लन्छु आँखा, मनले चाहना कत्ति गर्दिन ।
किन यी विषयी जाल घेर्दछन्, भन्न सक्तिन ॥

(साहित्य प्रदीप, पृ. २३५)

माथिको पद्यमा मनले चाहना नगर्दा पनि २ आखा चिम्लदा पनि विषयवासनाले घेरिरहन्छन् किन भनेर कारणको अभाव देखिएको छ । त्यसैले उक्त पद्यमा विभावना अलङ्कार छ ।

**विशेषोक्ति**

कारण भएर पनि कार्य (फल) नहुनु विशेषोक्ति अलङ्कार भनिन्छ (विश्वनाथ, २०५६ : ९७५) ।

कारण भएर पनि कार्य नभएको देखाएमा विशेषोक्ति अलङ्कार हुन्छ (उपाध्याय, २०५५ : १२३) ।

कारण विद्यमान रहँदा पनि कार्याभाव अथवा कार्यात्पत्ति नहुनु विशेषोक्ति अलङ्कार हो भन्न सकिन्छ ।

जस्तै :-

कल्पी कल्पी पुकार्दो छु हजारन् पल्ट हे हरे ! ।
पुलुक्क पनि पाइन्न किन दर्शन नै हरे ! ॥

(साहित्य प्रदीप)

यस पद्यमा हरिलाई (भगवान) हजारपल्ट पुकार्दा पनि दर्शन पाउनु रूप कार्य नभएकोले विशेषोक्ति अलङ्कार रहेको छ । कारण भएर पनि कार्यको अभाव देखिएको छ ।

**अधिक**

आधार वा आधेयमा एउटाको आधिक्यता वर्णन भयो भने 'अधिक' नामको अलङ्कार हुन्छ (विश्वनाथ, २०५६ : ९८८) ।

आधारभन्दा आधेय बढी देखाएमा 'अधिक' अलङ्कार हुन्छ (सिग्देल, २०५८ : २३८) ।

निष्कर्षमा भन्दा जहाँआधार वा आधेयको अत्यन्त, उत्कर्ष प्रकट गर्नका लागि अधिक रूपमा वर्णन गरिन्छ, त्यहाँ 'अधिक' नामको अलङ्कार हुन्छ ।

जस्तै :-

महात्माको दर्शनको जति आनन्द मिल्दछ ।
मनमा न अटाएर मुख बाहिर बन्दछ ॥

(साहित्य प्रदीप, पृ. २३८)

यस पद्यमा मनमा पनि न अटाएर मुखबाहिर आएको आनन्दको विस्तार अधिक देखाएको छ । त्यसैले आधारभन्दा आधेयको अधिक विस्तार देखाएकोले यहाँ अधिक नामको अलङ्कार रहेको छ ।

## अन्योन्य

यहाँ दुई वस्तुबीच परस्पर उपकार हुन्छ त्यहाँ 'अन्योन्य' अलङ्कार हुन्छ (अप्पय दीक्षित, १९६३ : १६८) ।

एउटै कार्यमा दुवैले पारस्पारिक सहयोग गरेमा 'अन्योन्य' नामक अलङ्कार हुन्छ (विश्वनाथ, २०५८ : ९९०) ।

निष्कर्षमा भन्दा अन्योन्य भनेको एक विना अर्को न रहनु हो । जहाँ दुई वस्तु एक विना अर्को रहन सक्तैनन् अथवा दुवैको परस्परमा उपकार हुन्छ, त्यहाँ 'अन्योन्य' नामक अलङ्कार हुन्छ ।

जस्तै :

विना चन्द्रमा चन्द्रिका लीन हुन्छन्,
विना चन्द्रिका चन्द्रमा दीन हुन्छन् ।
दुवैको सदा एकता हो स्वभाव
कदाचित् फुटे हुन्छ अर्घाङ्ग-भाव ॥

(आ. रा. १४ : ४१)

यस कवितामा कविले चन्द्रमा विना चन्द्रिका रहन नसक्ने र चन्द्रिका विना चन्द्रमा हीनता हुने वर्णन गरेको पाइन्छ । अतः यहाँ अन्योन्य नामक अलङ्कार छ ।

### २.४.२.२.५ शृङ्खलाविच्छित्तिमूलक अलङ्कारवर्ग

वाक्यमा पूर्व-पूर्व अथवा उत्तरोत्तर शृङ्खला बनी चमत्कार उत्पादन गर्ने वर्ग नै शृङ्खलाविच्छित्तिमूलक अलङ्कार वर्ग हो । यस वर्गमा कारणमाला, सार जस्ता अलङ्कारहरू पर्दछन् ।

**कारणमाला**

जहाँ पूर्व-पूर्व अर्थ उत्तर उत्तर अर्थकाप्रति कारण हुन्छ, त्यसैलाई 'कारणमाला' अलङ्कार भनिन्छ (मम्मट, १९९८ : ५२८) ।

अघिल्लो कार्य त्यसपछिको लागि कारण बनेको वर्णनमा कारणमाला हुन्छ (पन्त, २०५६ : ८२) ।

यसरी कारण र कार्यलाई उनिएर मालाजस्तो शृङ्खला पारेमा कारणमाला अलङ्कार हुन्छ ।

जस्तै :-

सत्सङ्ग क्षणभर शुद्ध साधुतामा, साधुत्वस्थिति मनको विशुद्धतामा ।
शुद्धान्त : करण पवित्र मित्रतामा, सन्मैत्री परिणत हुन्छ एकतामा ॥

(साहित्य प्रदीप, पृ. २४०)

माथिको पद्यमा सत्सङ्ग कारण, साधुताकार्य, साधुता कारण, विशुद्ध मन कार्य, अन्तकरण पवित्र कारण मित्रता कार्य, मित्रता कारण, एकता कार्य गरी कारण र कार्यको शृङ्खला एक पछि अर्को गर्दै क्रमशः भएकोले यहाँ कारण माला अलङ्कार रहेको छ ।

**सार**

वर्णनीय वस्तुलाई चरमोत्कर्षमा पुऱ्याउनु सार हो, त्यो आफ्नो विशिष्ट गुणले युक्त हुनुपर्दछ र उत्तरोत्तर अरु वस्तुभन्दा राम्रो वा गुणवान हुनुपर्दछ, त्यसैलाई सार अलङ्कार भनिन्छ (रुद्रट, १९६५ : २३) ।

उत्तरोत्तर, उत्कर्ष बढाउँदै कुनै पनि वस्तुलाई चरमावस्थामा पुऱ्याउनु नै सार अलङ्कार हो (मम्मट, १९९८ : ५३३) ।

उत्तरोत्तर उत्कर्ष भरमा सार बन्दछ (सिग्देल, २०५८ : २४२) ।

यसरी उत्तरोत्तर गुणको उत्कर्ष वा अपकर्ष बताएर विशिष्ट गुणतर्फ लैजानु नै सार अलङ्कार हो ।

जस्तै :-

रावणको मुखकालो,
धुवाले छोपिदा बढी कालो ।
चिन्ताले झन कालो,
भयो महाकाल झैँ अहो ! कालो ।

(आ. रा. १० : ५५)

उक्त कवितामा हनुमानले लङ्का दहन गर्दा रावणको चिन्ता कुल आकृतिको वर्णन गरेको छ । रावणको चिन्तातुर अनुहार कालोपना दिँदै महाकाल सम्म पुऱ्याएको छ । जसमा उत्तरोत्तर वर्णन भएको छ । त्यसकारण यसमा 'सार' अलङ्कार छ ।

### २.४.२.२.६ तर्क न्याय विच्छित्तिमूलक अलङ्कार वर्ग

तर्क र न्यायका आधारमा चमत्कार उत्पादन गर्ने अलङ्कारहरू तर्क न्यायविच्छित्तिमूलक अलङ्कारवर्गमा पर्दछन् । यस वर्गमा काव्यलिङ्ग, अनुमान जस्ता अलङ्कारहरू पर्दछन् ।

**काव्यलिङ्ग**

वाक्यार्थ वा पदार्थ कसैको हेतु भएमा काव्यलिङ्ग अलङ्कार हुन्छ (विश्वनाथ, २०५६ : ९६२) ।

हेतुलाई एक पदार्थक या अनेक पदार्थक रूपमा कथन गर्नु नै काव्यलिङ्ग अलङ्कार हो (मम्मट, १९९८ : ५१०) ।

जस्तै :-

सौराज्यको कलाले उज्यालियो रामले सबै राज ।
नव सूर्यको प्रभावले जगमग पारिन्छ लोकको साज ॥

(आ.रा. १५ : १)

उक्त कवितामा राम राज्यको वर्णन गर्दै कविले 'लोकको साजलाई जगमग पारिन्छ' भन्ने वाक्य सिद्धिका लागि कलाले, रामले प्रभाले आदि पदलाई हेतुका रूपमा विन्यास गरेकाले यहाँ काव्यलिङ्ग अलङ्कार छ ।

**अनुमान**

जहाँ साध्य (कार्य) र साधन (कारण) को कथन गरिन्छ त्यहाँ अनुमान अलङ्कार हुन्छ (मम्मट, १९९८ : ५२१) ।

कुनै प्रकारको व्यापक सिद्धान्तको साधनबाट ज्ञान हुनु अनुमान हो (पन्त, २०५६ : ८६) ।

कुनै एउटा हेतु पाएर रम्भ कल्पना गर्नु नै अनुमान अलङ्कार हो (सिग्देल, २०५८ : २४२) ।

जस्तै :-

मैले मारेँ अघि खरहरू फेरी मारीच आयो,
मौका पारी विजन वनमा खूप धोका दिलायो ।
देखेँ यहाँ रथ शरहरू चिन्ह यी रावणीय
सारा जाली अघम त्यसकै जाल हो निन्दनीय ॥

(आ. रा. ७ : ४६)

यस पद्यमा कविले रामचन्द्रको सीता अन्वेषण गर्न हिडेको वर्णन गर्दै दुष्ट रावणको जटायुसँग युद्ध भएपछि भेटिएका अवशेष (रावणीय चिन्ह) बाट अर्थात् साधनबाट सीता हरण गर्ने कार्यको त्यही लङ्का स्वामी रावण नै हो भनी रामचन्द्रले अनुमान गरेका छन् ।

**२.४.२.२.७ वाक्य न्याय विच्छित्तिमूलक अलङ्कारवर्ग**

न्यायका आधारमा सौन्दर्य उत्पादन गर्ने अलङ्कार वाक्य विच्छित्तिमूलक अलङ्कार वर्गमा पर्दछन् । यस वर्गमा यथासङ्ख्या, परिसंख्या जस्ता अलङ्कारहरू पर्दछन् ।

**यथासङ्ख्या**

क्रमैले बताइएका पदार्थहरूको उसै क्रमले समन्वय हुँदा खेरी 'यथा संख्या' नामक अलङ्कार हुन्छ (मम्मट, १९९८ : ४९९) ।

जुन क्रमले उद्दीप्त हुन्छ त्यही क्रमले उद्देश्य गर्नुको नाम 'यथासङ्ख्य' हो (पन्त, २०५६ : ८७) ।

जस्तै :-

कोही ज्ञानानन्द पिइ मस्त रहन्छन्,
कोही गानानन्द लिइ व्यस्त रहन्छन् ।
कोही योगानन्दमहाँ मग्न रहन्छन्,
कोही भोगानन्दमहाँ लग्न रहन्छन् ॥

(आ. रा. १२ : ४)

यस पद्यमा कविले रामचन्द्रको विजयानन्दमा मानिसहरू मग्न भएको वर्णन गरेको पाइन्छ । यहाँ ज्ञानानन्द मस्त, गानानन्द व्यस्त, योगानन्द मग्न, भोगानन्द लग्न जस्ता पदहरूको क्रमबद्ध रूपमा विन्यास भएकोले 'यथासंख्य' नामक अलङ्कार छ ।

**परिसंख्या**

सोधेर या नसोधेर भनिएको वस्तुको अर्कैसित सम्बन्ध राख्नु नै 'परिसंख्या' अलङ्कार हो (पन्त, २०५६ : ९०) ।

जस्तै :-

ज्ञानीहरू ज्ञान गर्छन् भक्तिको न त शक्तिको ।

(साहित्य प्रदीप, पृ. २४२)

उक्त उदाहरणमा ज्ञानीहरू भक्तिको मात्रै चाहना गर्छन्, शक्ति तथा अन्य वस्तुको निषेध गरेको छ । त्यसैले यहाँ 'परिसंख्या' अलङ्कार रहेको छ ।

### २.४.२.२.८ लोकन्याय विच्छित्तिमूलक अलङ्कारवर्ग

लोकमा प्रचलित न्यायलाई लोकन्याय भनिन्छ । यदि काव्यमा लोक वा लोकव्यवहारमूलक कुनै किसिमको चमत्कार उत्पन्न गरिन्छ भने यस प्रकृतिका अलङ्कारहरूलाई लोक न्यायविच्छित्तिमूलक 'अलङ्कारवर्ग' भनिन्छ । यस वर्गमा मीलित, प्रतीप जस्ता अलङ्कारहरू पर्दछन् ।

**मीलित**

मीलितको शाब्दिक अर्थ हो बिलाउनु या विशाल वस्तुमा सूक्ष्म वस्तुको मिलित भएर भिन्न प्रतीति नहुनु । अत्यन्त सादृश्यका कारण जहाँ उपमेयको भिन्न प्रतीति हुँदैन त्यहाँ मीलित अलङ्कार हुन्छ (जयदेव, २००० : १०१) ।

जलाशयमा वृष्टिको जल झैं तुल्य क्रियासँग तुल्य क्रिया दबिए मीलित अलङ्कार हुन्छ (सिग्देल, २०५८ : २२७) ।

यसरी कुनै वस्तु उस्तै उस्तै वस्तुका साथ सादृश्यद्वारा अभिन्न देखिएमा या विलिनता हुन गएमा मीलित अलङ्कार हुन्छ ।

जस्तै :-

> तस्मात् यो विधि गर्नु जनले आत्मैविचार खुप् गरी ।
> त्यो मैमा मिलिजान्छ जल जलधिमा पौंचेर मील्या सरी ॥
>
> (रामा. उत्तर का. १४५)

यहाँ दुई भिन्न वस्तुको समान गुणका कारण समुद्रमा जल मिलेझैं परमात्मा रा जीवात्मा मिल्छ भनिएको छ, यसले यहा पद्यमा मीलित अलङ्कार रहेको छ ।

**प्रतीप**

प्रख्यात उपमानलाई उपमेय बनाएर अथवा त्यसको निष्फलता बताउनुलाई प्रतीप अलङ्कार भनिन्छ (विश्वनाथ, २०५६ : १०२१) ।

यसरी लोक प्रसिद्ध उपमानलाई उपमेय बनाउनु र त्यसँग उपमित पदार्थलाई उपमान बनाउनु नै प्रतीप अलङ्कार हो ।

जस्तै :-

> उदाए सरी भूमिमा रामचन्द्र
> उदाए नभो भागमा पूर्णचन्द्र ।
> सुहाए सरी जानकी रामचन्द्र,
> सुहाए त्यहाँ चन्द्रिका साथ चन्द्र ॥
>
> (आ.रा. १४ : १)

कविले यस पद्यमा चन्द्रोदयको वर्णन गरेको पाइन्छ । प्रतीपको अर्थ उल्टो हो । उपमान र उपमेयको सम्बधलाई उल्टो गरी राख्नु । यस पद्यमा कविले आकाशमा पूर्णचन्द्र उदाए सरी भूमिमा रामचन्द्र उदाए नभनेर, भूमिमा रामचन्द्र उदाए सरी नभोमा पूर्णचन्द्र उदाए भनेर उपमेय र उपमानको प्रसिद्धि सम्बन्धलाई उल्टो पारेर राखिदिएका छन् । त्यस्तै पद्यको उत्तरार्धमा पनि चन्द्रका साथ चन्द्रिका सुहाए जस्तै रामचन्द्रका साथमा जानकी सुहाएकी छन् नभनी रामचन्द्रका साथ जानकी सुहाए झै चन्द्रका साथ चन्द्रिका सुहाएकी छन् भनेर उल्टो भनेकाले यस पद्यमा 'प्रंतीप' नामको अलङ्कार रहेको छ ।

**२.४.२.२.९ गूढार्थप्रतीतिमूलक अलङ्कार वर्ग**

बहिर नआएका भित्री तहमा लुकेको कुराको ज्ञान हुनु नै गूढार्थप्रतीति भनिन्छ । यदि काव्यमा गूढ अर्थको प्रतीति गराउँदै चमत्कार उत्पन्न गरिन्छ भने गूढार्थप्रतीतिमूलक

अलङ्कार भनिन्छ । यस वर्गमा सूक्ष्म, स्वभावोक्ति, भाविक, संसृष्टि, सङ्कर आदि अलङ्कारहरू पर्दछन् ।

**सूक्ष्म**

जहाँ कोइ अन्य व्यक्तिको आशयलाई जान्दछ र संकेतमय उत्तर दिन्छ त्यहाँ सूक्ष्म अलङ्का हुन्छ (अप्पय दीक्षित, २०२० : २४८) ।

आकार अथवा चेष्टाद्वारा कुनै गोप्य कुरा बुझाइएमा सूक्ष्म अलङ्कार हुन्छ । (उपाध्याय, २०६१ : १२७) ।

जस्तै :-

आकाश्मा जब ऋष्यमूक गिरिका ऊपर पुगीथिन् जसै
आफ्ना सब् गहना फुकालि बलियो पोको बनाइन् तसै ।
राम् लक्ष्मण कन यो दिउन भनि तहाँ पोकै खसालिन् पनी ॥

(रामायण अरण्यकाण्ड, ९०)

यहाँ यस पद्यमा अभिज्ञानार्थ गहनाको पोको खसालेको देखाइएकोले सङ्केतबाट सूक्ष्म अलङ्कार सिद्ध हुन्छ ।

**स्वभावोक्ति**

वस्तुका सूक्ष्म स्वभावको यथावत् रूपमा वर्णन गर्नुलाई स्वभावोक्ति भनिन्छ (रुय्यक, २००१ : ८१) ।

कुनै पनि वस्तुको स्वभाव एवं क्रियाकलाप आदिको जस्ताको तस्तै चित्र उतार्नु स्वभावोक्ति अलङ्कार हो (अधिकारी, २०५६ : ६६) ।

कुनै जाति, वस्तु, अवस्थाको स्वाभाविक वर्णन गर्दा स्वभावोक्ति अलङ्कार हुन्छ ।

जस्तै :-

माछा कच्छप चल्दछन् कमलको सब गिर्छ केसर तहाँ ।
केसर्ले जब छोपियो पनि भन्या देखिन्छ जल् पो कहाँ ।
नीला लाल सफेद् कमल् पनि अनेक् रङ्का भयाका तहाँ,
बोल्छन् हंस चकोर सारसहरू लाटाक्वस्यारा जहाँ ॥

(रामायण- कि.का. - २)

उक्त पद्यमा प्रकृति चित्रण गरेको पाइन्छ र यहाँ प्रकृतिको यथार्थ अर्थात् स्वाभाविक वर्णन गरेकोले यस पद्यमा स्वभावोक्ति अलङ्कार रहेको छ ।

**भाविक**

भूत भावी पदार्थहरूको साक्षत् देखे जस्तो वर्णन गरेमा 'भाविक' अलङ्कार हुन्छ (जयदेव, २००० : ११७) ।

भूत र भावी पदार्थहरू प्रत्यक्ष जस्ता भएर अद्भूत रूपमा वर्णन गरिन्छ भने भाविक अलङ्कलन हुन्छ (सिग्देल, २०५८ : २३४) ।

जस्तै :-

अर्पण गर्छन् आत्मा नृपले जनरञ्जन ब्रतमा ।
देख्तछौ रघुकुलका राजाका धर्मको महिमा ॥

(आ.रा. १६ : ४४)

माथिको पद्यमा कविले सीतालाई राजाका धर्मका महिमाको वाल्मीकिद्वारा वर्णन गरी सुनाएको छ । वाल्मीकि ऋषिले सीतालाई भूतकुराको प्रत्यक्ष वर्णन गरेको हुँदा यस कवितामा 'भाविक' नामको अलङ्कार रहेको छ ।

**संसृष्टि**

अनुप्रास, उपमादि अलङ्कारहरूको भेदपूर्वक या परस्पर निरपेक्ष रूपमा जहाँ वर्णन गरिन्छ अथवा दुवै अलङ्कारको योग हुन्छ भने त्यहाँ 'संसृष्टि' अलङ्कार हुन्छ (मम्मट, १९९८ : ११७) ।

नेपाली विद्वान् कुलचन्द्र गौतमले "तिलचामल मिले झैं स्पष्ट देखिने भएर अनेक अलङ्कार मिलेमा 'संसृष्टि' नामक अलङ्कार हुन्छ" (गौतम : १९७८ : २५४) भनेका छन् ।

जस्तै :-

सुधाको त्यो झर्ना कवि हुन गये सीकर सरी
थियो त्यो शोभाको जलधि, कविजी मञ्जु लहरी ।
मिठो त्यो मिश्रीको रस मधुर मिश्री कवि थियो,
अहा ! कस्तो कस्तो अगम छविमा तन्मय भये ॥

(तरुणतपसी, १:१८)

माथिको पद्यमा कविको तुलना सीकरसँग गरिएको छ भने उत्तर्राधमा मिश्रीको आरोप कविमा गरिएको पाइन्छ । पूर्वाद्धमा उपमालङ्कार रहेको छ र उत्तरार्द्धको अंशमा रूपक अलङ्कार रहेको छ । त्यसैले उपमा र रूपक दुईवटा अलङ्कारको योग रहेकोले गर्दा यहाँ 'संसृष्टि' नामको अलङ्कार रहेको छ ।

**सङ्कर**

आफ्नो स्वरूपमात्रमा जसको विश्रान्ति हुँदैन, जसको परस्पररूपमा या निरपेक्ष स्वतन्त्ररूपमा प्रतीति हुँदैन, त्यसको अङ्गाङ्गिभाव हुँदा खेरी सङ्कर नामको अलङ्कार हुन्छ (मम्मट, १९९८ : ५५४) ।

'नीर-क्षीर' झैं छुट्याउन नसकिने गरी अनेक प्रकारको योग भएमा 'शङ्कर' अलङ्कार हुन्छ (सिग्देल, २०५८ : २४७) ।

एउटा अलङ्कारको अर्को अलङ्कारसित अङ्गाङ्गीभाव, एउटा अलङ्कारभित्र अरु अलङ्कारको प्रवेश र धेरै थरी अलङ्कारको मिसावटमा कुन चाहिँ प्रमुख हो छुट्याउन सन्देह हुने, दूध पानी जस्तै मिसिने अलङ्कारको नाम 'सङ्कर' हो (पन्त, २०५६:११५) ।

छुट्याउन नसकिने किसिमले अनेक अलङ्कारहरूको योग भएमा 'सङ्कर' अलङ्कार हुन्छ भन्ने निष्कर्ष दिन सकिन्छ ।

जस्तै :-

भीष्म सन्तापले पूर्ण शकुनिध्वनि सङ्कुल ।
कृष्ण कादम्बिनीशून्य जुवा झैं छ नभस्तल ॥

(ऋृतुविचार)

यहाँ, भीष्म, शकुनि, कृष्ण, कादम्विनी जस्ता शब्दमा श्लेष अर्थ नीहित रहेको छ भने जुवा झै नभस्तलमा जुवासँग नभस्तलको तुलना गरिएकोले उपमा रहेको छ । माथिको पद्यमा श्लेष र उपमा अलङ्कारको योग रहेको देखिन्छ । त्यसैले यहाँ 'सङ्कर अलङ्कार रहेको छ ।

त्यस्तै अर्को उदाहरण,

सबै भाव खोली खुलाई पदार्थ,
भए चन्द्र आचार्य जस्तै यथार्थ ।
यसैले उज्याली सबैको विचार,
नयाँ कौमुदीको गराए प्रचार ॥

(आ.रा. १४ : ९)

यहाँ कविले चन्द्रमा उदय भएर भु-लोकका सारा पदार्थलाई प्रकाशित पारेको वर्णन गरेका छन् । यहाँ यस पद्यमा पदार्थ खुलाउनु, विचार उज्याल्नु र कौमुदीको प्रचार गर्नु यी अंशमा 'श्लेष' अलङ्कार र व्याकरणाचार्यको उपमा दिएकाले उपमा अलङ्कार रहेको छ । यसरी श्लेष र उपमा अलङ्कारको योगले सङ्कर अलङ्कार रहेको छ ।

## २.४.३ मनोवैज्ञानिक वर्गीकरण

अलङ्कार वा बिम्बविधानका प्रक्रियाहरू कविका चित्तवृत्तिसँग सम्बन्धित हुन्छन् । अलङ्कारका स्पष्टता, विस्तार, आश्चर्य, अन्विति, जिज्ञासा, कौतूहल आदि मनोवैज्ञानिक आधार हुन् । त्यसैले अलङ्कारको मनोवैज्ञानिक वर्गीकरणमा अलङ्कारलाई साधर्म्य र वैधर्म्य गरी बाँड्न सकिन्छ । 'मनोवैज्ञानिक दृष्टिले समस्त अर्थालङ्कार साधर्म्यमूलक र वैधर्म्यमूलक जस्ता कोटिमा बाँड्न सकिन्छ' (उपाध्याय, २०६१ : १११) ।

### २.४.३.१ साधर्म्यमूलक अलङ्कार

काव्यमा समान धर्म भएका वस्तुहरूलाई एकअर्का जस्तै उपस्थित भएर चमत्कार गरिएको हुन्छ भने त्यस्ता अलङ्कारहरूलाई साधर्म्यमूलक वा सादृश्यात्मक अलङ्कार भनिन्छ । साधर्म्यमूलक अलङ्कार कोटिमा उपमा, रूपक अनन्वय, स्मरण, परिणाम, सन्देह, भ्रान्तिमान, उत्प्रेक्षा, अतिशयोक्ति, दृष्टान्त, दीपक, प्रतिवस्तुपमा, निर्दशना, व्यतिरेक, परिकर, व्याजस्तुति, अर्थान्तरन्यास अलङ्कारहरू पर्दछन् ।

**उपमा**

उपमान र उपमेयबीच बास्तविक भिन्नता रहेपनि ती दुबैबीच समान धर्मिताका कारणले हुने सम्बन्ध नै उपमा हो (मम्मट, १९९८ : ४४३) ।

कुनै प्रसिद्ध वस्तुसँग समान रूपले अरु कसैले तुलना गरिन्छ भने उपमा अलङ्कार हुन्छ र यसका पूर्णा, लुप्ता गरी अनेक भेद छन् (सापकोटा, २०५२ : ८१) ।

जस्तै :-

जस्तो निर्मल हुन्छ सन्तहरूको मन् सोहि माफिक जल् ।
निर्मलदेखि बहुत् प्रसन्न मन भो लाग्यो र साह्रै असल् ॥

(रामायण कि. - ३)

यसमा पद्यमा पहिलो पङ्क्तिमा उपमेय 'जल', उपमान 'सन्तको मन' वाचक शब्द 'जस्तो' र साधारणधर्म 'निर्मल' गरी उपमा अलङ्कारका चारवटै अङ्गको उपस्थिति रहेको छ । त्यसैले यस पद्यमा पूर्णोपमा अलङ्कार छ ।

**अनन्वय**

एक वाक्यमा एकै पदार्थ उपमान र उपमेय हुन्छ भने त्यो 'अनन्वय' अलङ्कार हुन्छ (विश्वनाथ, २०५६ : ८३५) ।

उपमेय र उपमान एउटै भएर त्यसको अन्य कुनैका साथ सादृश्य नदेखाइएमा अनन्वय अलङ्कार हुन्छ (उपाध्याय, २०६१ : १२१) ।

जस्तै :-

विनयी विजयी राम-समान यस लोकमा ।
ठहरिन्छन् उनै एक पाइन्नन् अरु खोजमा ॥

(साहित्यप्रदीप, २१९)

उक्त पद्यमा उपमेय राम र उपमान पनि राम नै भएका छन् । राम समान अर्को लोकमा कोही छैन, केवल एकै राम छन् भनिएको छ । त्यसैले एउटै उपमेय र उपमान रहेकोले यस पद्यमा अनन्वय अलङ्कार रहेको छ ।

**स्मरण**

पहिला देखिएका अथवा अनुभव गरिएका वस्तुका समान अर्को वस्तुलाई देखेर प्रतिभामा जुन पहिलेका पदार्थ अथवा वस्तुको स्मृति वा स्मरण हुन्छ, त्यसैलाई 'स्मरण' अलङ्कार भनिन्छ (मम्मट, १९९८ : ५४२) ।

वस्तु, घटना, क्रिया आदि देखेर तत्सदृश पूर्वानुभूत अथवा पूर्वपरिचित वस्तुको सम्झनालाई 'स्मरण' अलङ्कार भनिन्छ (सापकोटा, २०५२ : ८८) ।

जस्तै :-

सुती लेटी मिल्ने सुख-सयल जाने न त रति,
न ता कोही तीर्थ-भ्रमण सुख भोगे अलिकति ।
जहाँ जन्मेकी हूँ विधिवश उहीं छू अझ खडा,
सही लाखौं चर्का विपद अथवा सङ्कट कडा ॥

(तरुणतपसी (१ : ३२)

माथिको पद्यमा कविले पूर्व वाल्यावस्थाको दिनचर्या र अहिले सम्मको यी वृद्धावस्थामा सुख-सयल नपाएको, अनि कुनै पूण्य सुख पनि नभएको र जस्तो दुःख थियो उस्तै यथावत् रहेको छ, जहाँ जन्म भयो उही खडा खडा पाएका छन् । त्यसैले केही पनि प्रगति जीवनमा नभएको वा परिवर्तन नभएको गुनासो गरेका छन् । यसरी पहिलेको अवस्था र अहिलेको अवस्थाको गरेका छन् । यसरी पहिलेको अवस्था र अहिलेको अवस्थाको क्रमशः स्मरण गरेकोले यहाँ 'स्मरण' अलङ्कार रहेको छ ।

**रूपक**

उपमानसँग उपमेयको गुण सादृश्यद्वारा उपमान र उपमेयबीच अभेद आरोप गर्दा 'रूपक' अलङ्कार हुन्छ (वामन, १९९९ : १६९) ।

उपमानको र उपमेयको अभेद आरोप गर्दा रूपक अलङ्कार हुन्छ (गौतम, १९७८ : ६६) ।

जस्तै :-

स्थिति रीति दुवै बाजू बाँधिदा न्याय-सूत्रले ।
तराजू भै राजदण्ड तौलन लाग्यो शुभाशुभ ॥

(आ.रा., १५:३९)

यस पद्यमा कविले रामचन्द्रका नीतिको वर्णन गरेको छ । जसमा स्थिति र रीतिमा बाजुको आरोप गरेको तथा न्यायसूत्रमा डोरीको अभेद आरोप गरेको छ र राजदण्डमा पनि तराजुको अभेद आरोप गरेको हुँदा 'रुपक' अलङ्कार रहेको छ ।

**परिणाम**

जहाँ आरोप्य (उपमान) आरोपविषय (उपमेय) सँग तादात्म्य रूपमा प्रस्तुत गरिएको छ र त्यसमा उपमेय अत्यन्त उपयोगी भएको छ भने त्यहाँ, 'परिणाम' नामको अलङ्कार हुन्छ (विश्वनाथ, २०५६ : ८६२) ।

जस्तै :-

विवेक रत्नाकरमा, खोजेका न्याय मौक्तिक ।
सवर्ण सुत्रमा उन्दा बने भूषण रामका ॥

(आ.रा. १५ : ३६)

उक्त पद्यमा रामचन्द्रको नीतिको वर्णन गर्दै विवेकमा समुद्रको आरोप, न्यायमा मोतीको आरोप, सूत्रमा सुवर्णको आरोप गरेका छन् । त्यसमा पनि विवेकबाट मोती रूपी न्यायलाई सुवर्ण सुत्रमा उन्दा तिनीहरू रामचन्द्रप्रति भूषण भएको छन् । यसकारण उपमान भन्दा उपमेय अत्यन्त उपयोगी भएकोले 'परिणाम' नामक अलङ्कार रहेको छ ।

**सन्देह**

प्रस्तुत उपमेयमा अन्य उपमानको संशय हुनु नै 'सन्देह' नामक अलङ्कार हो (पन्त, २०५६ : ४६) ।

जस्तै :-

स्वभावैले हो वा अविदित कुनै कर्मवश हो ?
दशाले हो यद्वा कुटिल विधिको कोप वश हो ?
नजाने के ले हो प्रकृति जननीको मुख भरी
जम्यो कालो-पोतो मधुर मुखशोभा सव हरी ॥

(तरुणतपसी ४ : ३)

माथिको पद्यमा कविले शरदको समाप्ति पछि हेमन्त ऋतुको प्रकृति वर्णन गरेका छन् । सूर्यको दर्शन दूर्लभ हुँदा वातावरण अन्धकार जस्तो हुन्छ । ठण्डी याममा हुने वातावरणको वर्णन गर्दै कविले कसरी भयो त यस्तो, ग्रहदशाले हो कि या विधिको श्रापले नै यस्तो वातावरण भएको हो भन्ने कुरामा सन्देह गरेकाले यहाँ सन्देह अलङ्कार छ ।

**भ्रान्तिमान**

अत्यन्त सादृश्यका कारण प्रतिभाबाट उत्थित अन्य वस्तुमा अन्य वस्तु वा पदार्थको ज्ञानलाई 'भ्रान्तिमान' वा 'भ्रान्ति' अलङ्कार भनिन्छ (विश्वनाथ, २०५६ : ८६२) ।

एक दमै समान देखिने कुनै एक वस्तुमा त्यस्तै अर्को वस्तुको भ्रम हुनु नै भ्रान्तिमान अलङ्कार हुन्छ ।

जस्तै :-

गाईका गोठभरी छरिएका जुनका रेखा ।
देख्तैमा गर्छ कुनै पोखेको दूधको लेखा ॥

(साहित्य प्रदीप, पृ.२२०)

यहाँ गाईका गोठमा राति जुन (चन्द्रमा) को छरिएको प्रकाशलाई देखेर कसैलाई दूध पोखिएको भान भएको छ । किन भने जूनको प्रकाश पनि सेतो भएकोले दूध नै पोखिएको हो कि भन्ने भ्रम भएकोले भ्रान्तिमान अलङ्कार रहेको छ ।

**उत्प्रेक्षा**

प्रकृत वा उपमेयको अप्रकृत वा उपमानसँग जे-जस्तो सम्भावना गरिन्छ त्यही नै 'उत्प्रेक्षा' अलङ्कार हो (मम्मट, १९९८ : ४६०) ।

उपमेयमा, उपमानको सम्भावना देखाउँदा उत्पन्न हुने अर्थालङ्कारलाई उत्प्रेक्षा भनिन्छ (श्रेष्ठ, २०५८ : १४८) ।

जस्तै :-

नीलो सारी सागर, धर्के तट चोलो,
खोला नाला कम्मरबन्दी चहकिलो ।
ढाका-बुट्टे चादर पारी वन भरी,
देख्थे यात्री पल्टिरहेकी क्षिति नारी ॥

(आ.रा.- १२ : २७)

यस पद्यमा कविले क्षितिजलाई मानौ नारी हो भनी वर्णन गरेका छन् । क्षिति रूपी नारीमा सागर, तट, खोलानाला, वनमा फूलेका फूलहरू आदि उपमानमा क्रमशः सारी, चोलो, कम्मरबन्दी, बुट्टा चादर आदिको सम्भावना गरिएको छ, त्यसकारण उत्प्रेक्षा अलङ्कार रहेको छ ।

**अतिशयोक्ति**

कुनै चित्रलाई काल्पनिक रङ्गले मनोहर, उज्जवल पारे झैं कुनै विषय वा वस्तुको वर्णनमा उचित कल्पनाको आभा दिएर कविले उक्तिलाई चहकिलो पारेको छ भने 'अतिशयोक्ति' नामको अलङ्कार हुन्छ (सिग्देल, २०५८ : ११५) ।

जस्तै -

फूलै झैं मधुर ऋतुकी मिठासवाली ।
प्याला झैं मधुमय बैंसकी उज्याली ॥
चाञ्चल्य प्रकृतपना सुचारु परी
डाक्ने झैं मधुप भइन् सिँगार पारी ॥

(शाकुन्तल, १६:११)

माथिको यस पद्यमा उपमेय (वस्तु)का रूपमा शकुन्तलाको रूप, गुणको वर्णन बढाई चढाइका साथ गरिएको छ । शकुन्तलाको रूप गुणलाई वसन्तऋतुका फूलको कल्पनाको आभा दिएर वर्णन गरिएको छ । त्यसैले उक्त पद्यमा अतिशयोक्ति अलङ्कार रहेको छ ।

**दृष्टान्त**

इष्ट अर्थलाई अझ स्पष्ट पार्न सादृश्य वाचक पद विना पनि प्रतिबिम्बको योजना गरेमा विद्वान्हरूले दृष्टान्त अलङ्कार भनेका छन् (उद्भट, १९२५ : ८५)

समान धर्म भएका विभिन्न वस्तुहरूको बिम्ब-प्रतिबिम्ब मात्र व्यक्त गरिएमा 'दृष्टान्त' अलङ्कार हुन्छ (उपाध्याय, २०५५ : १२५) ।

जस्तै :-

जसलाई रिङ्टा छ भन्छ फगत् घुम्छन् उ पर्वत भनी,
घुम्दैनन् इ त घुम्छ तेही रिङटा जान्दैन कोही पनी ॥

(रामायण बा. ३१)

यस पद्यांशमा जसरी अज्ञानी पुरुषले ईश्वरलाई चिन्दैन त्यसरी नै रिङ्टा भएको व्यक्तिले संसार नघुमी रिङ्टा मात्रै घुमेको हो भन्ने कुरो थाहा पाउँदैन । यहाँ अज्ञानी पुरुष र रिङ्टा लागेको व्यक्तिलाई बिम्ब प्रतिबिम्ब रूपमा देखाइएको छ । रिङ्टा लागेको व्यक्तिको उदाहरण दिएर अज्ञानीले ईश्वर चिन्दैन भन्ने कुराको पुष्टि गरिएकाले यहाँ 'दृष्टान्त' अलङ्कार रहेको छ ।

**दीपक**

जहाँ प्रकृत अर्थात् उपमेय तथा अप्रकृत अर्थात् उपमानको क्रिया आदि धर्महरूको एउटै मात्र सम्बन्ध देखाइन्छ त्यहाँ 'दीपक' अलङ्कार हुन्छ (मम्मट, १९९८ : ४८७) ।

वर्णनीय वा अवर्णनीय अनेक पदार्थमा एक धर्मको सम्बन्ध देखाएमा 'दीपक' अलङ्कार हुन्छ (सिग्देल, २०५८ : २२१) ।

जस्तै :-

बिजुली, लहरी, मेघ, मञ्जरी, स्वप्तन यौवन ।
कुनै छैनन् चिरस्थायी यी छन् क्षणिक शोभन ॥

(साहित्य प्रदीप, पृ. ६९)

मथिको पद्यमा विजुली, लहरी, मेघ, मञ्जरी, स्वप्त र यौवन सधैं भरी रहिरहन सक्तैनन् भन्ने कुरो 'क्षणिक शोभन' भन्ने एउटै धर्मको सम्बन्धले प्रष्ट पारेको छ । त्यसैले यहाँ 'दीपक' अलङ्कार रहेको छ ।

**प्रतिवस्तूपमा**

एउटै साधारण धर्मलाई उपमेय वाक्य तथा उपमान वाक्यमा भिन्न शब्दद्वारा वर्णन गरिन्छ भने त्यहाँ 'प्रतिवस्तूपमा' अलङ्कार हुन्छ (मम्मट, १९९८ : ४८४) ।

जस्तै :-

फेर् जल्दी सरयू तरी कन गया देख्या अयोध्या पनी,
नन्दीग्राम जब देखियो तहिँ गया जान्या उही हो भनी ।
बैलाई रहँदा जउन तरहले फुल् सुक्छ फुस्रो भई
तस्तै रैयतिको दशा नजरभो साह्रै करुणा गई

(रामायण युद्ध, ३२६)

यस पद्यमा फूल ओइलाउँदा फुस्रो भई सक्छ भन्ने सामान्य धर्म अयोध्या, नन्दीग्राम र त्यहाँका बासिन्दाहरूको दीनदशामा पनि परेको बुझिन गएकोले प्रतिवस्तुपमा अलङ्कार रहेको छ ।

**निदर्शना**

जहाँ पदार्थहरूको सम्बन्ध कतै सम्भव र कतै असम्भव हुँदै बिम्बप्रतिबिम्ब भाव झल्किन्छ, त्यहाँ 'निदर्शना' अलङ्कार हुन्छ (विश्वनाथ, २०५६ : ९१०) ।

जस्तै :-

भ्यागुतो खाँ भनि खोज्छ डाँस् मुख विषे सर्पले धऱ्याको ।
तस्तै भोग् गरुँला भनेर मनले भन्छन् दुनीयाँ पनी ॥

(रामायण अयोध्या, ३१)

उक्त पद्यांशमा भोगमा लिप्त दुनिया र सर्पको मुखमा रहेको भ्यागुतोमा समानताको परिस्थितिले गर्दा एक अर्कामा बिम्बप्रतिबिम्बभाव रहेकाले निदर्शना अलङ्कार रहेको छ ।

**व्यतिरेक**

उपमानभन्दा उपमेयको आधिक्य वा उपमेयभन्दा उपमानको न्यून वर्णन गरेमा व्यतिरेक अलङ्कार हुन्छ (सिग्देल, २०५८ : २२२) ।

उपमानभन्दा उपमेयको आधिक्यता वा न्यूनता वर्णन भएमा व्यतिरेक अलङ्कार हुन्छ (रुय्यक, २००१ : ८०) ।

जस्तै :-

भन्छन् धन्यै रह्याछू सहज न मिलन्या पाउका छाप देख्याँ ।
ब्रह्माजीले न पाउनू छ त पनि सहजै माथले आज टेक्याँ ॥

(रामायण-अयोध्या. ८८)

यस कवितामा कविले सहज रूपमा अर्थात् ब्रह्माले पनि पाउन नसक्ने रामको चरणधुली भरतले प्राप्त गरेको भनेर प्रसिद्ध उपमान ब्रह्माको न्यूनता देखाइएकोले व्यतिरेक अलङ्कार छ ।

**परिकर**

जहाँ एउटा विशेष अनेक सार्थक विशेषणहरू अभिप्राय युक्त लगाइन्छ, त्यहाँ 'परिकार' नाम अलङ्कार हुन्छ (मम्मट, १९९८ : ५२३) ।

एउटा विशेष्यमा भावपूर्ण विशेषणहरूको आधिक्यता देखाएमा 'परिकर' अलङ्कार हुन्छ (उपाध्याय, २०५५ : १२७) ।

निष्कर्षमा भन्दा एक वा अनेक विशेषणहरू भावपूर्ण रूपमा एउटा विशेषणमा लगाइ दिएपछि 'परिकर' अलङ्कार हुन्छ ।

जस्तै :-

धिक् चण्डि ! येति भनि खुव सित चट्पटाया ।
वनदेविलाई रखवारि तहीं खटाय ॥

(रामायण अरण्यकाण्ड, ७९)

उक्त पद्यमा सीताको विशेषणका रूपमा क्रोधातुर बुझाउने साभिप्राय शब्द 'चण्डि' प्रयोग भएकोले 'परिकर अलङ्कार' रहेको छ ।

**व्याजस्तुति**

वाच्यार्थ स्तुतिद्वारा निन्दा अर्थ व्यङ्ग्य भएमा र निन्दा अर्थद्वारा स्तुति अर्थ व्यङ्ग्य भएमा 'व्याजस्तुति' हुन्छ (विश्वनाथ, २०५६ : ९५४) ।

निन्दा र स्तुति वाच्य भएर स्तुति र निन्दा व्यङ्ग्य हुन आएमा 'व्याजस्तुति' अलङ्कार हुन्छ (पन्त, २०५६ : ६८) ।

जस्तै :-

राम् मेरा पति हुन् भनेर तिमि पो भन्छ्यौ उ भन्छन् कहाँ,
मेरी हो यदि भन्दथ्या पनि भन्या आऊनु पर्थ्यो यहाँ ।
माया छैन तिमी उपर न बुझि क्या शोक् मात्र गर्छ्यौ उसै,
यौवन् व्यर्थ गयो विचार किन यो यौवन् अफाल्छ्यौ यसै ॥

(रा. सुन्दर, ३७)

यस पद्यमा रावणले रामको निन्दा गरेको वाच्यार्थमा देखिए पनि ऊ आन्तरिक रूपमा रामबाट यथाशीघ्र मुक्ति पाउन आतुर रहेको व्यङ्ग्यार्थले देखाउँछ । निन्दाका छलले स्तुति गरेकाले 'व्याजस्तुति' अलङ्कार छ ।

**अर्थान्तरन्यास**

जहाँ सामान्य अर्थलाई विशेष अर्थद्वारा अथवा विशेष अर्थलाई सामान्य अर्थद्वारा समर्थन गरिन्छ, त्यहाँ अर्थान्तरन्यास अलङ्कार हुन्छ । यो साधर्म्य मूलक र वैधर्म्यमूलक दुई प्रकारको हुन्छ (मम्मट, १९९८ : ५००) ।

सामान्य अर्थलाई विशेषले विशेष अर्थलाई सामान्यले, कार्यलाई कारणले र कारणर्या कार्यले साधर्म्य वा वैधर्म्य रूपमा समर्थन गरेमा 'अथान्तरन्यास' अलङ्कार हुन्छ (पन्त, २०५६ : ६६) ।

जस्तै :-

समाते सूर्यले फेरि उत्तराकाशको गति ?
प्रतापीको सदाकाल किन हुन्थ्यो अघोन्नति ?

(पू. साहित्यसिद्धान्त, १२३)

यस पद्यमा सूर्य उत्तरायण भएको अर्थात् दक्षिणायनबाट उत्तरायण लागेको सामान्य कथनले प्रतापीको सधैं एकनासले अवनति हुँदैन भन्ने विशेष कथनद्वारा समर्थन गरिएको छ । त्यसैले यहाँ अर्थान्तरन्यास अलङ्कार रहेको छ ।

### २.४.३.२. वैधर्म्यमूलक अलङ्कार

विपरीत धर्म भएका कुनै दुई पदार्थहरूको एक साथ वर्णन गरी काव्यमा चमत्कार देखाइन्छ भने वैधर्म्यमूलक अलङ्कार भनिन्छ । वैधर्म्य मूलक अलङ्कार कोटिमा विरोध, विभावना, विशेषोक्ति अतिशयोक्ति, असङ्गति, अधिक, अन्योन्य, विषम आदि अलङ्कारहरू पर्दछन् ।

### विरोध वा विरोधाभास

सजातीय र विजातीयको विरोध हुनु नै विरोध हो भने विरोधको आभास हुनु विरोधाभास हो । यसैलाई कसैले विरोध र कसैले विरोधाभासको संज्ञा दिएका छन् ।

जहाँ कुनै विशेष कुरा दर्शाउन गुण, क्रिया आदिमा विरुद्ध पदार्थको संसर्ग देखाइन्छ भने त्यहाँ विरोधालङ्कार हुन्छ (भामह, २०३८ : ३१) ।

कुनै वस्तु, गुण, क्रियामा विरोध जस्तो भान भएमा विरोधालङ्कार हुन्छ (सिग्देल : २०५८ : २३४) ।

निष्कर्षमा भन्दा विरोध वा विरोधाभास भनेको वास्तिविक रूपमा विरोध नभई विरोधको आभास मात्र हुनु हो र यसमा विरोधको परिहार हुनुपर्दछ, परिहार नभए दोष हुन्छ ।

जस्तै :-

प्राणै थाम्न कठिन् भयो म विनु ता आपत् भया हुन् तहाँ ।
तिम्रो भेट नपाउँदा म कन ता ई चन्द्र सूर्यै बन्या ॥

(रा. किष्किन्धा, ९०)

यस पद्यमा सीताको वियोगमा परेका रामको अवस्था चित्रण गरेको छ । सीताको वियोगमा रहेका रामलाई चन्द्र पनि सूर्यजस्तै रापिलो लाग्न थाल्छ । चन्द्र कहि सूर्य हुन सक्छ ? भन्ने प्रसङ्गमा परिहार यसरी गरिन्छ कि शीतल चन्द्रमा पनि सीता विनाको मनलाई पोल्न थाल्यो त्यसैले चन्द्रमाको चाँदनी रातमा सीताको वियोग झनै बढेर आएकोले चन्द्रमाले पनि सूर्यकै जस्तो ताप दियो भन्ने अर्थ हुन्छ । त्यसैले यहाँ चन्द्र सूर्य नभएर

वियोगवस्थामा वियोगको ताप झनै बढाउनाले सूर्य जस्तै लागेकाले यहाँ विरोधाभास अलङ्कार रहेको छ ।

**विभावना**

जहाँ कारणको शब्दतः निषेध गर्दा पनि फलोत्पत्ति हुन्छ अर्थात् कार्योत्पत्ति हुन्छ, त्यहाँ विभावना अलङ्कार हुन्छ (मम्मट, १९९८ : ४९८) ।

प्रसिद्ध कारण नभए पनि कार्य भएमा 'विभावना' अलङ्कार हुन्छ (सिग्देल, २०५८ : २३५) ।

कारणको अभावमा पनि कार्यको उत्पत्ति हुनु विभावना अलङ्कार हो ।

जस्तै :-

सम्पाति प्रमुख जटायुतुल्य यी छन्
लङ्काको अभिमुख भै निशान दिन्छन् ।
तीखो भै परपर पुग्छ गृध्र-दृष्टि,
गर्छन् यी वचन विना विवेक-सृष्टि ॥

(आ.रा., ९ : ५६)

यस पद्यमा लङ्कामा सीतालाई अन्वेषण गर्न कसलाई पठाउने भन्ने विषयको वर्णन गरेको पाइन्छ । यस पद्यको चौथो पङ्क्तिमा बचन विना नै विवेक सृष्टि भएको हुँदा 'विभावना' अलङ्कार छ ।

**विशेषोक्ति**

कारण भएर पनि कार्य नभएको कथन गर्नु विशेषोक्ति हो (मम्मट, १९९८: ४९८) ।

हेतु हुँदा हुँदै जहाँ कार्योपत्ति हुँदैन त्यहाँ विशेषोक्ति अलङ्कार हुन्छ (सापकोटा, २०५२ : १११) ।

कारण भएर पनि कार्य नहुनु विशेषोक्ति हो । यो विभावना अलङ्कारको ठीक विपरीत अलङ्कार हो ।

जस्तै :-

क्षण मात्र विछोड पुत्रको,
हुनगो नाश-निमित्त तातको ।
उनको प्रलयाग्निमा पनि,
किन यो जीवन पग्लदैँन नि ॥

(आ. रा., ५:३)

यस पद्यमा राजा दशरथको देहावसान पछि पुत्रहरूमा भएको शोकको वर्णन गरिएको छ । यसमा रामचन्द्रले क्षणमात्र वियोग हुँदा तातको जीवन प्रलयाग्निमा पर्दा, किन यो जीवन पग्लँदैन ? भनेर शोक गरेको पाइन्छ । जसमा कारण पिताको देहावसान विद्यमान रहँदा पनि कार्यभाव भएको हुँदा 'विशेषोक्ति' अलङ्कार रहेको छ ।

**अतिशयोक्ति**

कुनै चित्रलाई काल्पनिक ढङ्गले मनोहर उज्जवल पारेझैं कुनै विषय वा वस्तुको वर्णनमा उचित कल्पनाको आभा लिएर कविले आफ्नो उक्तिलाई चहकिलो पारेको छ भने 'अतिशयोक्ति' नामको अलङ्कार हुन्छ (सिग्देल, २०५८ : २३५) ।

जस्तै :-

कुनै किरण सूर्यका, कमलमा छिटो उत्रँदा,
भयो अधखुलापना, दल अगाडि फक्रँदा ।
तुरुन्त बिउँझी घुमे भ्रमर भित्र भूँ भूँ गरी
प्रभात रब यो भयो मधुर शङ्खको झैं गरी ॥

(आ.रा. ३ : १५)

यहाँ, विहानी पख सूर्यको किरण कमलमा पर्दा कमल पत्र खुले र बन्द रहेका भमरा बाहिर निस्के भन्ने वर्णन छ । तर भमराको भूँ भूँ गर्दै उड्दा खेरीको जुन स्वर छ त्यो चाहिँ विहानतिर शङ्ख बोलेझैं भयो वा लाग्थ्यो भन्ने किसिमको यहाँ प्रकृतिको अतिशय चित्रण गरिएको छ । त्यसैले 'अतिशयोक्ति' अलङ्कार छ ।

**असङ्गति**

जहाँ एउटै समयमा कारण अन्तै, कार्य अन्तै रहेको वर्णन गरिन्छ । त्यहाँ 'असङ्गति' अलङ्कार हुन्छ (रुद्रट, १९६५ : ३०६) ।

कारण र कार्य भिन्न देश देखाउँदै त्यसमा चमत्कार देखाएमा, एक थोक गर्न आँटेर अर्को थोक गरिएको वर्णन गर्दा र एकै ठाउँमा रहनु पर्ने कुरा भिन्न ठाउँमा रहेको वर्णन गर्दा 'असङ्गगति' अलङ्कार हुन्छ (गौतम, १९७८ : ९९) ।

जस्तै :-

स्मिताङ्कुर महर्षिको वदन भूमिमा शोभियो,
जुरुङ्ग जनकाङ्गमा चमक मञ्जरीले लियो ।
प्रफुल्ल मुख-गुच्छको महक सौधमा फैलियो,
अपूर्णपन रामको विजय-बीचमा देखियो ॥

(आ.रा., ३: ३३)

यहाँ, कविले रामचन्द्र मिथिला राज्यमा गएर शिवधनुलाई भङ्ग गरेको वर्णन गरेका छन् । यस श्लोकमा कार्यकारण भाव भिन्न रहेका छन् । महर्षिको वदनमा स्मिताङ्कुर हुनु, जनकाङ्गमा जुरुङ्ग हुनु, आदि कार्यहरूप्रति रामचन्द्रको अपूर्वपन कारण बनेको छ । अतः यसमा कार्यकारणभाव एकै ठाउँमा नरहेर पृथक भएकोले गर्दा यसमा 'असङ्गति' नामको अलङ्कार छ ।

**अधिक**

आधार वा आधेयमा एउटाको आधिक्यता वर्णन भयो भने 'अधिक' नामको अलङ्कार हुन्छ (विश्वनाथ, २०५६ : ९८८) ।

आधारभन्दा आधेय बढी देखाएमा 'अधिक' अलङ्कार हुन्छ (सिग्देल, २०५८ : २३८) ।

जस्तै :

महात्माको दर्शनले जति आनन्द मिल्दछ ।
मनमा नअटाएर मुख बाहिर बन्दछ ।

(सा.प्रदीप, २३८)

यस पद्यमा महात्माको दर्शनले प्राप्त आनन्द मनमा पनि नअटाएर मुख बाहिर बगेर आएको आनन्दको अत्यधिक विस्तार देखाएको छ । त्यसैले मन रूपी आधारभन्दा आनन्द रूपी आधेय बढी देखिएकाले यहाँ 'अधिक' अलङ्कार रहेको छ ।

**अन्योन्य**

जहाँ दुई बस्तुबीच परस्पर उपकार हुन्छ, त्यहाँ 'अन्योन्य' अलङ्कार हुन्छ (अप्पय दीक्षित, १९६३ : १६८) ।

एउटै कार्यमा दुवैले पारस्परिक सहयोग गरेमा 'अन्योन्य' नामक अलङ्कार हुन्छ (विश्वनाथ, २०५६ : ९९०) ।

निष्कर्षमा भन्दा अन्योन्य भनेको एक विना अर्को नरहनु हो । जहाँ दुई वस्तुबीच एक विना अर्को नरहन सक्ने हुन्छन् अथवा दुवैको परस्पर सहयोग हुन्छ, त्यहाँ 'अन्योन्य' नामको अलङ्कार हुन्छ ।

जस्तै :-

विना चन्द्रमा चन्द्रिकालीन हुन्छन्
विना चन्द्रिका चन्द्रमा दीन हुन्छन् ।
दुवैको सदा एकता हो स्वभाव
कदाचित् फुटे हुन्छ अर्घाङ्गभाव ॥
(आव.श. १४ : ४१)

यस पद्यमा कविले चन्द्रमा विना चन्द्रिका रहन नसक्ने र चन्द्रिका विना चन्द्रमा दीनहीन हुने वर्णन गरेका छन् । चन्द्रमा र चन्द्रिका एक अर्को विना नरहने भएकोले यहाँ 'अन्योन्य' अलङ्कार रहेको छ ।

**विषम**

अनुचित रूपमा जहाँ अयोग्य दुई पदार्थको सम्बन्धको कल्पना गरिन्छ त्यहाँ 'विषम' अलङ्कार हुन्छ (जयदेव, २००० : १४९) ।

दुई विषम तत्त्वको एकत्र वर्णन गर्नु नै विषम अलङ्कार हो (पन्त, २०५६ : ७५) ।

निष्कर्षमा भन्दा दुई समान नभएका विषम कुरोलाई एकै ठाउमा वर्णन गरेर देखाउनु नै 'विषम' अलङ्कार हो ।

जस्तै :-

कहाँ कस्तो तिम्रो उदरमय त्यो दुर्भर दरी
कहाँ कस्तो सानू सरलमति निर्दोष म चरी ।
दया माया छोडी मनुज ! कुन तृष्णवश परी,
मट्याङ्ग्राले हान्यौ मकन तिमिले आज यसरी ?
(तरुणतपसी, ६ : ३)

माथिको पद्यमा उदरमय दरी र सानू चरी जस्ता विषम तत्त्वलाई एकै ठाउँमा वर्णन गरेको छ। यी दुई वस्तुबीच समानता छैन। त्यसैले यहाँ 'विषम' अलङ्कार रहेको छ।

## २.५ निष्कर्ष

अलङ्कार चिन्तनको परम्परा संस्कृत साहित्यमा सुदीर्घ रूपमा रहँदै आएको छ। ऐतिहासिक सन्दर्भलाई हेर्दा आचार्य भामहबाट सुरु भएको यो परम्परा पण्डितराज जगन्नाथ सम्मको लामो समयसम्ममा यसले विभिन्न मोडहरू पार गर्दै, यो एउटा व्यापक चर्चित र बौद्धिक बहसको विषयका रूपमा रहेको देखिन्छ। संस्कृत भाषा स्रोतहरूबाट आएर नेपाली भाषामा प्रचलित रहेको 'अलङ्कार' शब्दको शाब्दिक अर्थ भूषण भन्ने हुन्छ। जसको अर्थ आभूषण, सौन्दर्य, शोभादिने आदिमा अर्थ्याउन सकिन्छ। अलङ्कारको परिभाषा दिने क्रममा संस्कृत नेपाली भाषाका विद्वान्हरूले तथा समालोचकहरूले आ-आफ्ना मत प्रस्तुत गरेका छन्। यी सबै विद्वान्हरूका परिभाषा केलाउँदा अलङ्कारहरूलाई यसरी परिभाषित गर्न सक्छौ कि अलङ्कार काव्यको अस्थायी धर्म हो, बाह्य धर्म हो। यसले काव्यको शोभा या सौन्दर्यलाई बढाउँछ र काव्यमा उक्तिवैचित्र्यबाट सौन्दर्य थप्ने तत्त्व नै अलङ्कार हो।

अलङ्कार मूल रूपमा दुई वर्गमा शब्दालङकार र अर्थालङ्कार गरी विभाजित गरेको पाइन्छ। अलङ्कारलाई कतिपय विद्वान्हरूले सजातीयता र मनोवैज्ञानिक आधारमा समेत वर्गीकरण गरेका छन्। त्यसैले अलङ्कार वर्गीकरणका शब्दार्थगत, सजातीयता र मनोवैज्ञानिक गरी तीनवटा आधार रहेका छन्।

# परिच्छेद तीन
# भानुभक्तीय रामायणमा शब्दालङ्कार तथा अर्थालङ्कारको प्रयोग

प्रस्तुत शोधकार्यको तेस्रो परिच्छेद आदिकवि भानुभक्तले रचेको **रामायण** महाकाव्यमा प्रयोग भएका शब्दालङ्कार र अर्थालङ्कारहरूको पहिचान गरी तिनीहरूको विश्लेषण गरिएको छ । अलङ्कारको सैद्धान्तिक चर्चा परिचर्चा शोधको दोस्रो परिच्छेदमा गरिसकेको छ । त्यसैका आधारमा यस परिच्छेदमा **रामायाण** महाकाव्यमा प्रयोग गरिएका अलङ्कारहरूलाई पहिल्याएर तिर्ने अलङ्कारहरूलाई शब्दगत वर्गीकरण गरी शब्दालङ्कार र अर्थालङ्कारहरूको विश्लेषण गरिएको छ ।

## ३.१ भानुभक्तीय रामायणमा शब्दालङ्कार प्रयोग

आदिकवि भानुभक्तको **रामायण** महाकाव्यमा केही शब्दालङ्कारहरूको सिर्जना भएको पाइन्छ । **रामायण** महाकाव्यमा सबै प्रकारका शब्दालङ्कारको प्रयोग भएको भेटिदैन । यस काव्यमा शब्दालङ्कारहरूमा अनुप्रास अलङ्कारका केही भेदहरू र यमक अलङ्कारभन्दा बाहेक अन्य शब्दालङ्कारहरूको प्रयोग भएका भेटिदैन । त्यसैले भानुभक्तको यस **रामायण** महाकाव्यमा शब्दालङ्कारको चर्चा गर्दा 'अनुप्रास' अलङ्कारका भेदहरूमा अन्त्यानुप्रास, छेकानुप्रास, वृत्यानुप्रास अलङ्कार प्रयोग भएका छन् । साथै यमक अलङ्कारको प्रयोग भएको पाइन्छ । भानुभक्तको **रामायण**मा प्रयोग भएका उक्त शब्दालङ्कारहरूको विश्लेषण क्रमशः गरिएको छ ।

### ३.१.१ अनुप्रासको प्रयोग

एक या अनेक व्यञ्जनवर्णको एक या अनेक पटक अवृत्तिद्वारा उत्पन्न हुने शब्दालङ्कारहरूलाई अनुप्रास अलङ्कार भनिन्छ (श्रेष्ठ, २०५८ : १२८) ।

अनुप्रास अलङ्कारमा व्यञ्जन वर्णको समान आवृत्ति हुन्छ । यसका पनि विभिन्न ५ वटा भेद रहेका छन् । जसको चर्चा दोस्रो अध्यायमा गरिएको छ । यहाँ केवल अन्यानुप्रास, छेकानुप्रास र वृत्यानुप्रासको गरी ३ वटा भेदको चर्चा निम्नानुसार गरिएको छ ।

### ३.१.१.१ अन्त्यानुप्रासको प्रयोग

प्रथम स्वरवर्णहरूसँग व्यञ्जनवर्णहरू यथासम्भव रूपमा विसर्ग सहित अन्त्यमा आवृत्ति भयो भने 'अन्त्यानुप्रास' अलङ्कार हुन्छ (विश्वनाथ, २०५६ : ७७३) ।

जस्तै :-

यस् बिच्मा त विभीषणै अघि सरी हात् जोरि बिन्ती गऱ्या ।
दुत् हो यो महराज् ! कुरा पनि वहाँ लैजान्छ को यो भऱ्या ॥
चिह्न् केहि लगाइ छोड् दिनु हवस् जावस् र विस्तार् गरोस् ।
यसै वानरका कुरा सुनि यहाँ आउन् ति सङ्ग्राम परोस् ।

(रा. सुन्दरकाण्ड, १२१)

यस श्लोकमा लङ्का प्रवेश गरेको हनुमानलाई पक्रेर रावण सभामा लगी मार्न खोज्दा सभामा विभीषण उठेर हनुमानको बचाव गरेको प्रसङ्ग वर्णन गरिएको छ । यस पद्यका पहिलो र दोस्रो पंक्तिमा क्रमशः 'गऱ्या' र 'मऱ्या' मा 'अऱ्या' वर्णको आवृत्ति भएको छ भने तेस्रो र चौथो पंक्तिमा क्रमशः 'गरोस्' र 'परोस्' मा 'ओस्' वर्णको आवृत्ति रहेको छ । त्यसैले यहाँ 'अन्त्यानुप्रास' अलङ्कार रहेको छ ।

### ३.१.१.२ छेकानुप्रासको प्रयोग

अनेक व्यञ्जनको उसै क्रममा एक पटक मात्र आवृत्ति भएका छेकानुप्रास अलङ्कार हुन्छ (उपाध्याय, २०५५ : ११३) ।

जस्तै :-

राम्ले वेद मथन् गरीकन झिक्या गीता र अमृत् सरी ।
लक्ष्मण्लाई दिया यही पढि लिया जाइन्छ संसार् तरी ॥

(रा. बालकाण्ड, १७)

यहाँ रामले वेदलाई मथन् गरी अमृत जस्तै गीता झिकेको र त्यो संसार पार गर्ने माध्यम हो भनेर लक्ष्मणलाई पढ्न दिएको प्रसङ्गको उल्लेख गरिएको छ । यस पद्यको दोस्रो पंक्तिमा प्रयोग भएका दिया र लिया शब्दमा आएको 'इया' वर्ण समूहको एक पटकको आवृत्तिले छेकानुप्रासको अलङ्कारको सिर्जना गरेको छ ।

### ३.१.१.३ वृत्यानुप्रासको प्रयोग

जहाँ एक वा अनेक व्यञ्जनवर्णहरू सोही क्रममा धेरै वार अथवा पटक पटक आवृत्ति भए भने त्यहाँ, 'व्युत्यानुप्रास' नामक अलङ्कार हुन्छ (मम्मट, ई १९९८ : ४०५) ।

वृत्यानुप्रास नामैको अलङ्कार उदाउँछ ॥

(सापकोटा, २०५२, ७५)

जस्तै : -

जुम्ल्याहा दुइ भाइ सुन्दर कुमार् हात्मा सितारा लिई ।
पूरा सुर् सित गाउँथ्या दुइ जना ताल् सुर् मिलाई दिई ॥
खुस् हुन्थ्या ऋणिगण् सबै ति वनका सूनेर तेस् गानले ।
प्यारो खुप् सित गर्दथ्या ति दुईको ठूला भनी मानले ॥

(रा. उत्तरकाण्ड, १६४)

रामायण उत्तरकाण्डको यस श्लोकमा वाल्मीकि आश्रममा रहेका सीताका पुत्र लवकुशले रामायणको मधुर गायन गरेको चर्चा छ । यस श्लोकमा 'इ', 'वर्ण', र 'र' वर्ण 'ल' वर्ण र 'स' वर्णको पटक पटक आवृत्ति भएको छ । तिनै आवृत्तिले यस पद्यमा वृत्यानुप्रास अलङ्कारको सिर्जना गरेको छ । यहाँ लवकुश दुवै भाइले सुर र ताल मिलाई गरेको रामायणको गानले वनवासी ऋषिगण आनन्दित भएका छन् र सबैले ती दुई भाइलाई ठूलो मानसम्मान दिएको वर्णन छ ।

भानुभक्तीय **रामायण**मा अनुप्रास शब्दालङ्कारमा सचेत किसिमको प्रयोग पाइन्छ । **रामायण**का प्रायः सबै श्लोकहरूमा अन्यानुप्रासको प्रयोग भएको देखिन्छ । अन्त्यानुप्रास बाहेक अन्य अलङ्कारहरू भने सहज किसिमले प्रयोग हुन आएका देखिन्छन् । शब्दालङ्कारहरूमा अनुप्रासका उक्त केही भेदहरूको मात्र प्रयोग भएको छ ।

### ३.१.२ यमकको प्रयोग

सार्थक परन्तु भिन्नार्थक अथवा निरर्थक स्वरव्यञ्जन समूहको त्यसै क्रममा आवृत्ति भएमा यमक अलङ्कार हुन्छ । यसमा कतै दुवै पद सार्थक हुन्छन्, कतै एउटा सार्थक अनि अर्को निरर्थक हुन्छ र कतै दुवै पद निरर्थक हुन्छन् (मम्मट, १९९८ : ४०८) ।

जस्तै :-

छाया सिताजि अति चित्र विचित्र मानी ।
खेलाउँ तेस मृगलाई भनेर ठानी ॥

(रा. अरण्यकाण्ड : ७१)

रामायणको अरण्यकाण्डको उक्त श्लोकमा वनवासमा रहेका बेला सीताजीले पञ्चवटीमा सुनको मृग देखेको प्रसङ्ग छ । सुनको मृग देख्दा छाया रूपी सीताको मन लोभिएको र त्यो मृगलाई खेलौना बनाउने चाह रहेको वर्णन गरिएको् छ । जसको पहिलो पंक्तिमा आएका 'चित्र' र 'विचित्र' दुवै पद आफ्नो ठाउँमा सार्थक छन् । अत : उक्त पद्यमा 'यमक' अलङ्कारको सिर्जना भएको छ ।

## ३.२ भानुभक्तीय रामायणमा अर्थालङ्कारको प्रयोग

भानुभक्तीय **रामायण**मा विभिन्न किसिमका अर्थालङ्कारको प्रयोग पाइन्छ । अर्थालङ्कार अध्ययन गर्ने क्रममा विभिन्न आधारमा वर्गीकरण गरी अध्ययन गर्ने प्रचलन रहेको छ । जसको बारेमा सैद्धान्तिक खण्डमा चर्चा गरिएको छ । भानभुक्तीय रामायाण्मा प्रयोग भएका अर्थालङ्कारहरूलाई अर्थालङ्कार वर्गीकरणका विभिन्न आधारहरूमध्ये मनोवैज्ञानिक आधारलाई अपनाएर साधर्म्यमूलक र वैधर्म्यमूलक गरी क्रमश अध्ययन गरिएको छ ।

### ३.२.१ साधर्म्यमूलक अलङ्कारको प्रयोग

भानुभक्तीय **रामायण**मा साधर्म्यमूलक अर्थालङ्कारका रूपमा निम्न लिखित अलङ्कारहरूको पहिचान गरिएको छ ।

उपमा (पूर्णोपमा, लुप्तोतमा), रूपक, सन्देह, अर्थान्तरन्यास, दृष्टान्त, अतिशयोक्ति, स्वभावोक्ति, उत्प्रेक्षा, स्मरण, भ्रान्तिमान, प्रंतिवस्तुपमा, व्यतिरेक, परिकर, व्याजस्तुति, मीलित, सूक्ष्म, निर्दशना, उदान्त, अपन्हुति, सङ्कर । यिनीहरूको प्रयोगलाई क्रमशः निम्न प्रकारले हेरिएको छ ।

#### ३.२.१.१ उपमाको प्रयोग

समानधर्मका आधारमा दुई भिन्न वस्तुहरूका बीच सादृश्य जनाउँदा वा तुलना गर्दा प्रकट हुने अर्थालङ्कारलाई 'उपमा' अलङ्कार भनिन्छ (श्रेष्ठ, २०५८ : १३८) । उपमा अलङ्कारका उपमेय, उपमान, साधारण धर्म र वाचकशब्द गरी चारवटा तत्त्व रहेका छन् ।

जसको चर्चा सैद्धान्तिक खण्डमा गरिएको छ । यस अलङ्कारका पूर्णोपमा र लुप्तोपमा गरी दुईवटा प्रमुख भेद छन् ।

### ३.२.१.१.१ पूर्णोपमाको प्रयोग

उपमाका चारवटै तत्त्व विद्यमान रहेको अर्थालङ्कारलाई पूर्णोपमा अलङ्कार भनिन्छ ।

जस्तै :

जस्तो निर्मल हुन्छ सन्तहरूको मन् सोहि माफिक जल् ।
निर्म्ल देखि बहुत् प्रसन्न मन भो लाग्यो र साह्रै असल् ॥

(रा. किष्किन्धाकाण्ड-३)

रामायणको किष्किन्धाकाण्डको उक्त श्लोकमा राम ऋष्यमूक पर्वत तिर जाँदा खेरी भेटिएको सुन्दर पम्फा सरोवरको वर्णन गर्दा त्यसको सफा स्वच्छ जलको पनि वर्णन गरिएको छ । यस पद्यको पहिलो पंक्तिमा उपमेय 'जल', उपमान 'सन्तको मन' वाचक शब्द 'जस्तो', साधारण धर्म 'निर्मल' गरी उपमानका चारवटै तत्त्वहरूको उपस्थिति रहेको छ । अत : यहाँ पूर्णोपमा अलङ्कार छ र श्लोकमा पम्फासरोवरको पानीलाई सन्तहरूको निर्मलमन सँग तुलना गरिएको छ ।

### ३.२.१.१.२ लुप्तोपमाको प्रयोग

उपमा अर्थालङ्कारको चारवटा अङ्गहरू उपेमय, उपमान, साधारण धर्म र वाचकपद मध्ये कुनै एक, दुई वा तीन अङ्गहरूको लोप भई बाँकी अङ्गको उपस्थितिबाट प्रकट हुने अर्थालङ्कारलाई लुप्तोपमा अलङ्कार भनिन्छ । जस्तै :-

यस्तो चन्चल चित्तले परशुराम्का पाउतल्मा पऱ्या ।
मेरा पुत्र बचुन् प्रभो परशुराम् ! भन्थ्या इ बिन्ती गऱ्या ॥
यस्तो बिन्ति पनी अनादर गरी कालाग्नि जस्ता भया ।
राम्को गर्व हरूँ भनी परशुराम् राम्कै अगाडी गया ॥

(रा. बालकाण्ड, १२५)

यस पद्यमा सीता स्वयम्बरमा जनकपुर गएका रामले शिवधनु भङ्ग गरेको र परशुरामको क्रोधको प्रसङ्ग उल्लेख गरिएको छ । रामले शिवधनु भङ्ग गर्दा परशुरामको क्रोधको वर्णन गरिएको उक्त पद्यमा उपमेय 'परशुराम', उपमान 'कालाग्नि' सँग 'जस्ता' वाचकशब्दले तुलना गरिएको छ । तर यहाँ भयङ्कर डरलाग्दो स्वरूप भन्ने साधारण धर्मको लोप भएको छ अतः लुप्तोपमा अर्थालङ्कारको सिर्जना भएको छ ।

### ३.२.१.२ रूपकको प्रयोग

उपमेय र उपमानका बीच अभेद या तादात्म्य सम्बन्ध जनाउँदा प्रकट हुने अर्थालङ्कार नै रूपक हो (श्रेष्ठ, २०५८ : १४३) ।

उपमान र उपमेयबीच जुन साधारण धर्मको अभेद आरोपित गरिन्छ, त्यहाँ नै रूपक अलङ्कार हुन्छ (वामन, १९९९ : १६९) ।

सोमनाथ सिग्देलले पनि उपमेयलाई निषेध नगरी उपमानको अभेदारोप भएमा रूपक अलङ्कार हुन्छ भनेका छन् -

विना निषेध सममा अभेदारोपक रूपक
भूलोकमा अमृत हो रसिलो काव्यको रस ॥

(सिग्देल २०५८ : २२३)

निष्कर्षमा भन्दा उपमान र उपमेयबीच अभेद सम्बन्ध देखाउँदा रूपक अलङ्कार हुन्छ ।

जस्तै :-

क्रोधै हो यमराज सर्व जनको वैतर्नि भन्नू पनी ।
तृष्णा हो भनि यो बुझेर तिमिले कैल्हे नविर्स्या पनी ॥

(रा. अयोध्या काण्ड, ३५)

यस पद्यमा रामलाई वनवास दिने विमाताको कुराले लक्ष्मण साह्रै कुपित भएर भरतसँग युद्धगर्न उद्धत हुँदा भाइलाई रामले क्रोध नगर्न आग्रह गरेको प्रसङ्ग रहेको छ । यहाँ क्रोधलाई यमराजमा र तृष्णालाई बैतरणीमा अभेद आरोप गरिएको छ । यसरी गुण सादृश्यद्वारा उपमान र उपमेयबीच आरोप भएकोले उक्त पद्यमा रूपक अलङ्कार रहेको छ ।

### ३.२.१.३ सन्देहको प्रयोग

कुनै पनि प्रस्तुत उपमेयमा अन्य उपमानको संशय हुनु नै सन्देह अलङ्कार हुन्छ । आचार्य मम्मटले "सन्देह अलङ्कारमा उपमानका भेदको उल्लेख गर्दा' 'सन्देह' नामको अलङ्कार हुन्छ, नगर्दा 'सन्देह' नामको अलङ्कार हुन्छ" (मम्मट, १९९८ : ४६२) ।

प्रस्तुत विषयमा कविप्रतिभाद्वारा अप्रस्तुतको आशंका उठाइएको वयानमा सन्देह अलङ्कार हुन्छ (पन्त, २०५६, ४६) ।

निष्कर्षमा भन्ने हो भने प्रस्तुत उपमेयलाई देखेर अप्रस्तुत उपमानको संशय भएर उठने जुन सन्देहात्मक ज्ञान हो त्यसैलाई सन्देह अलङ्कार भनिन्छ ।

ईश्वरलाई त शोक हुँदैन र भनूँ हुँदैन अज्ञान् पनी ।
इनमा यो सब देखियो त कसरी जान्नू इ ईश्वर भनी ॥

(रा. बालकाण्ड, २७)

यस पद्यमा सीता वियोगको समयमा रामलले गरेका शोक र सुर्ता देखेर उनको ईश्वरत्वमा संशय पैदा भएको छ । किन कि ईश्वरमा शोक, अज्ञान नामको चिज हुँदैन तर राममा सब देखियो भने ईश्वरनै हुन् भनेर कसरी भन्ने ? यसरी रामको सामान्य व्यवहार देखेर संशय उत्पन्न भएकोले यहाँ 'सन्देह' अलङ्कार सिर्जना भएको छ ।

## ३.२.१.४ अर्थान्तरन्यासको प्रयोग

जहाँ सामान्य अर्थलाई विशेष अर्थद्वारा अथवा विशेष अर्थलाई सामान्य अर्थद्वारा समर्थन गरिन्छ । त्यहाँ अर्थान्तरन्यास अलङ्कार हुन्छ । यो साधर्म्य मूलक र वैद्यर्म्य मूलक गरी दुई प्रकारको हुन्छ (मम्मट, १९९८ : ५००) ।

सामान्य अर्थलाई विशेषले, विशेष अर्थलाई सामान्यले कार्यलाई कारणले कारणलाई कार्यले साधर्म्य वा वैधर्म्य रूपमा समर्थन गरेमा 'अर्थान्तरन्यास' अलङ्कार हुन्छ, साथै यो आठ प्रकारको हुन्छ (पन्त, २०५६ : ६६) ।

नारायणप्रसाद खनालले अर्थान्तरन्याससम्बन्धी सारांशमा दिएको तथ्यलाई निष्कर्ष रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ :

- परस्पर दुई वाक्य मध्ये एउटा सामान्य र अर्को विशेष प्रकृतिको हुन्छ । तापनि यिनीहरू एक अर्कासँग सम्बन्धित हुन्छन् ।
- समर्थन की सामान्यले विशेषको की विशेषले सामान्यको गरेको हुन्छ ।
- प्रकृत वाक्य समर्थ्य र अप्रकृत वाक्य समर्थक हुन्छ । समर्थक वाक्यसँग हि, यतः, किनकि, किनभने जस्ता समर्थक वाचक पद आउन पनि सक्छन् नआउन पनि सक्छन् (खनाल, २०५९ : ३७१) ।

जस्तै :-

आफ्नू ज्ञाति बढ्यो भन्या अरु सबै शाती गिरोस् यो भनी ।
भन्छन् निश्चय भन्दथ्या उहि छटा यस्ले जनायो पनी ॥

(रा. युद्धकाण्ड, ४१)

उक्त श्लोकमा विभीषणले रावणलाई रामसँग शत्रूता नगर्न सल्लाह दिँदा उल्टै रावणले विभीषणलाई शत्रू ठानेर धिक्कारेको प्रसङ्गको चर्चा गरिएको छ । यस पद्यमा पहिलो पंक्तिको आफ्नो उन्नति हुनेहरु अरुको अन्नति चाहन्छन् भन्ने सामान्य कथनले दोस्रो पङ्क्तिको यस्तै प्रतिक्रिया विभीषणले देखायो भन्ने विशेष कथनलाई समर्थन गरेको छ । अतः अर्थान्तरन्यास अलङ्कार छ ।

त्यस्तै अर्को उदाहरण :

बाचुन्ज्याल् रिस हुन्छ शत्रु सितको ऐल्हे मरी यो गयो ।
यस्को रिस् अब गर्नु छैन अवता मेरो त रिस् दुर् भयो ॥
रुन्छन् रानिहरू बुझाउ गर लौ क्रीया विधान्ले गरी ।
पैल्हे यै नगरी हुँदैन तिमिले यै हो क्रियाको घरी ॥

(रा. युद्धकाण्ड, २८०)

रामायणको युद्धकाण्डको यस पद्यमा रावणको मुत्यु पश्चात् रामले विभीषणलाई कथन गरेको वर्णन गर्दै भनेको छ कि मरेपछि रिस राख्नु हुँदैन वा रिस रहँदैन भन्ने सामान्य कथनले लौ दाजुको क्रिया कर्म गर भन्ने विशेष कथनको समर्थन गरिएको छ । त्यसैले उक्त पद्यमा 'अर्थान्तन्यास' अलङ्कार रहेको छ ।

### ३.२.१.५ दृष्टान्तको प्रयोग

उद्भटले इष्ट अर्थलाई अझ स्पष्ट पार्न सादृश्य वाचक पद विना पनि प्रतिबिम्बको योजना गरेमा विद्वान्हरूले दृष्टान्त भनेका छन् (उद्भट, १९२५ : ८५) भनेका छन् ।

उपमान, उपमेय साधारणधर्म आदि सबैको प्रतिबिम्ब हुँदा दृष्टान्त हुन्छ (मम्मट, १९९८ : ४८६) ।

त्यस्तै केशव प्र. उपाध्यायले "समान धर्म भएका विभिन्न वस्तुहरूको विम्बप्रतिबिम्ब मात्र व्यक्त गरिएमा दृष्टान्त अलङ्कार हुन्छ" (उपाध्याय, २०५५ : १२५) भनेका छन् ।

निष्कर्षमा भन्दा दुई वा दुई भन्दा बढी वाक्यार्थमा बिम्ब र प्रतिबिम्ब भाव भई एउटा भनाइलाई अर्को भनाइलाई पुष्टि गरिएमा दृष्टान्त अलङ्कार हुन्छ ।

जस्तै :-

जस्लाई रिङटा छ भन्छ उ फगत् घुम्छन् उ पर्वत् भनी ।
घुम्दैनन् इ त घुम्छ तेहि रिङटा जान्दैन कोही पनी ॥

(रा. बालकाण्ड, ३१)

यस पद्यमा अज्ञानी पुरुषले जसरी ईश्वरलाई चिन्दैनन् त्यसरी नै रिङ्टा भएको व्यक्तिले पनि संसार घुमेको देख्छ, उसलाई थाहा छैन कि घुम्ने रिङ्टा मात्र हो संसार घुमेको होइन भन्ने कुरा त्यसैले संसार घुमेको देख्ने रिङ्टा लागेको मानिसको उदाहरण दिएर अज्ञानीले ईश्वर चिन्दैन भन्ने कुरा पुष्टि गरेको छ । अत : यस पद्यमा अज्ञानीले ईश्वर नचिन्नु रूप बिम्वको रिङटा लागेको व्यक्तिले संसार घुमेकोदेख्नु रूप प्रतिबिम्ब भएकोले दृष्टान्त अलङ्कार सिर्जना भएको छ ।

## ३.२.१.६ अतिशयोक्तिको प्रयोग

सोमनाथ सिग्देलले “कुनै चित्रलाई काल्पनिक ढङ्गले मनोहर उज्जवल पारेझैं कुनै विषय वा वस्तुको वर्णनमा उचित कल्पनाको आभा लिएर कविले आफ्नो उक्तिलाई चहकिलो पारेको छ भने ‘अतिशयोक्ति’ नामकोअलङ्कार हुन्छ” (सिग्देल, २०५८ : २१५) भनेका छन् ।

कुनै उक्ति वा भनाइलाई अतिशय बढाएर भन्नुलाई अतिशयोक्ति भनिन्छ । काव्यमा कविहरूले प्रकृतिको वर्णन गर्दा होस् वा कुनै राजाको कीर्तिको वणर्न गर्दा होस् अतिशय बढाइ चढाइ गरेका हुन्छन् । जसले गर्दा काव्यमा चारुत्व ल्याउँछ । त्यसैले काव्यमा यसको महत्त्वपूर्ण भूमिका रहन्छ ।

जस्तै :-

ख्वामित् ! ई दुइ पाउको अति असल् धूलो जसैता पऱ्यो ।
पत्थर हो त पनी मनुष्य सरिको सुन्दर् स्वरूपपै धऱ्यो ॥

(रा. बालकाण्ड, ९७)

यस पद्यमा रामका दुवै पाउको धुलो पर्नाले दुङ्गो पनि सुन्दर मानिस रूपमा परिणत भयो भन्ने अतिशय कथनका साथै अहिल्या पति (गौतम) ले दिएको शापबाट मुक्त भएको प्रसङ्गको चर्चा गरिएको छ । त्यसरी रामको चरण धुलिले एउटा पत्थर सुन्दर नारी रूपमा परिणत भएको अतिशय वर्णनले गर्दा यहाँ अतिशयोक्ति अलङ्कारको सिर्जना भएको छ ।

## ३.२.१.७ स्वाभावोक्तिको प्रयोग

वस्तुका सूक्ष्म स्वभावको यथावत् रूपमा वर्णन गर्नुलाई स्वभावोक्ति भनिन्छ (रुद्रट, २००१ : ८१) ।

कुनै पनि वस्तुको स्वभाव एवं क्रियाकलाप आदिको जस्ताको तस्तै चित्र उतार्नु स्वभावोक्ति अलङ्कार हो (अधिकारी, २०५६ : ६७) ।

निष्कर्षमा भन्दा कुनै जाति, वस्तु, अवस्थाको, स्वभाविक चर्चा गरेमा स्वभावोक्ति अलङ्कार हुन्छ ।

जस्तै :-

माछा कच्छप चल्दछन् कमललको सब् गिर्छ केसर् तहाँ ।
केसर्ले जब छोपियो पनि भन्या देखिन्छ जल् पो कहाँ ॥
नीला लाल सफेद् कमल् पनि अनेक् रङ्का भयाका तहाँ ।
बोल्छन् हंस चकोर सारसहरू लाटाक्वस्यारा जहाँ ॥

(रा. किष्किन्धाकाण्ड, २)

यस पद्यमा ऋष्यमूक पर्वतमा स्थित पम्फा सरोवरको दृश्य वर्णन गरिएको छ । सरोवरमा रहेका माछा, कच्छप, कमल आदिको वर्णन छ । उक्त पद्यमा प्रकृतिको स्वभाविक वर्णन जस्तो देखियो त्यस्तै गरिएको छ । त्यसैले स्वभाविक वर्णनले गर्दा स्वभावोक्ति अलङ्कार रहेको छ ।

त्यस्तै अर्को पद्यमा,

वरि परि तहिं तीरैमा पनी वृक्ष फल् फूल् ।
भरि छ जउन वन्मा गर्दछन् पक्षिले गुल् ॥
भ्रमरहरू लताका फूलमा हल्लि हल्ली ।
घुनुनु घुनुनु गर्दै हिड्दछन् बल्लि बल्ली ॥

(रा. सुन्दरकाण्ड, १६)

यस पद्यमा हनुमानले लङ्का प्रवेश गरिसके पछि त्रिकुट पर्वतका सुन्दर दृश्य देखेको वर्णन छ । उक्त पद्यमा त्रिकुट पर्वतमा फल फूलले भरिएका वृक्षहरूमा भ्रमरहरूको क्रिडाको स्वभाविक वर्णन गरिएको छ । त्यस्तै अर्को श्लोक हेरौं -

भोकी मैलि निन्याउरी न त कपाल् कोऱ्याकि सब् केश् उसै ।
लट्टा मात्र गऱ्याकि खालि भुमिमा रुँदै बस्याकी यसै ॥

(रा. सुन्दरकाण्ड, ३१)

यहाँ, रावणद्वारा अपहरित भएकी अशोक वाटिकामा रहेकी सीताको रामको विछोडमा देखिएकी दयनीय अवस्थाको स्वभाविक चित्रण पाइन्छ । त्यसैले यहाँ स्वभावोक्ति अलङ्कार रहेको छ ।

### ३.२.१.८ उत्प्रेक्षाको प्रयोग

प्रकृत वा उपमेयको अप्रकृत वा उपमानसँग जे जस्तो सम्भावना गरिन्छ त्यही नै 'उत्प्रेक्षा' हो (मम्मट, १९९८ : ४६०) ।

प्रकृत उपमेयमा उपमान वस्तुको सम्भावना की वा कुनै कुरालाई कुनै कुराको कारण हो कि भन्ने सम्भावना अथवा कुनै कुराको फल (प्रयोजन) हो कि भन्ने सम्भावना भएमा 'उत्प्रेक्षा' अलङ्कार हुन्छ (सिग्देल, २०५८: २२७) ।

उपमेयमा उपमानको सम्भावना देखाउँदा उत्पन्न हुने अर्थालङ्कारलाई उत्प्रेक्षा भनिन्छ (श्रेष्ठ, २०५८ : १४८) ।

निष्कर्षमा भन्दा जहाँ उपमेयमा उपमानादि वस्तु पो हो कि भनेर अथवा मानौं यथा आदि शब्दद्वारा सम्भावना देखाइन्छ भने त्यहाँ उत्प्रेरक्षाअलङ्कार हुन्छ ।

जस्तै :-

अस्सल्मा पनि क्या भनू अति असल् मेरो वघैंचा पनी ।
नाास्यो विर् पनि नाश् गऱ्यो म कन ता मानू भुसूनू गनी ॥

(रा. सुन्दरकाण्ड : १०६)

यस पद्यमा लङ्का प्रवेश पछि हनुमानले रावणलाई भुसुना मानेर अर्थात् केही नटेरी रावणका अनेक वीरहरू मार्दै एकदमै सुन्दर अशोक वाटिका पनि नष्ट गरेको वर्णन गरिएको छ । साथै मानू भन्ने वाचक शब्दद्वारा नै सम्भावना प्रस्तुत गरेकोले उत्प्रेक्षा अलङकार रहेको छ । त्यस्तै अर्को उदाहरणमा,

तस्तै पाठ यहाँ भयो भनि भन्या डुङ्गा स्वरूप धर्दछन् ।
डुङ्गाले पनि रूप् धऱ्या यदि भनया हाम्रा जहान मर्दछन् ॥

(रा. बालकाण्ड, ९७)

यहाँ, ऋषि विश्वामित्रका साथमा भाइ सहित राम जनकपुरतिर सीता स्वयम्वरमा जाँदै गर्दा गङ्गा किनारमा पुगेका छन् र त्यहाँ माझीले स्वागत गर्दै गरेको कुराकानीको वर्णन छ । यस पद्यमा रामका चरण स्पर्शबाट पत्थरले मानिस रूप लियो भन्दै एक नाविक (माझी) ले रामप्रति भन्दछ - "यदि प्रभु मेरो डुङ्गामा चढ्नु भयो भने मेरो डुङ्गाले पनि रूप धारण गर्ला र मेरो जहान बच्चाको एक मात्र आधार डुङ्गा नरहँदा त तिनीहरू भोकै मर्ने

छन्" भन्ने वर्णन गरिएको छ । त्यसैले यहाँ मानौ डुङ्गा पनि रूप धारण गर्ला कि भन्ने सम्भावना रहेकाले यस पद्यमा उत्प्रेक्षा अलङ्कारको सिर्जना भएको छ ।

### ३.२.१.९ स्मरणको प्रयोग

पहिला देखिएका अथवा अनुभव गरिएका वस्तुका समान अर्को वसतुलाई देखेर प्रतिभामा जुन पहिलेका पदार्थ अथवा वस्तुको स्मृति वा स्मरण हुन्छ, त्यसैलाई स्मरण अलङ्कार भनिन्छ (मम्मट, १९९८ : ५४२) ।

वस्तु, घटना, क्रिया आदि देखेर तत्सदृश पूर्वानुभूत अथवा पूर्व परिचित वस्तुको सम्झनालाई 'स्मरण' अलङ्कार भनिन्छ (सापकोटा, २०५३ : ८८) ।

जस्तै :-

छोड्या शहर क्यै गइ भूमि माहाँ ।
देख्या प्रभूले सुरयू र ताहाँ ।
आफ्ना विराट् रूप् कन सम्झि लिया ।
आफै त सब्का पनि नाथ थीया ॥

(रा. उत्तरकाण्ड- २५२)

रामायण उत्तरकाण्डको यस श्लोकमा जब राम स्वर्ग जान भनेर अयोध्या छोडी वायुमार्गमा जाँदा सरयू नदीलाई आकाशबाट देखेको वर्णन गरिएको छ र रामलाई पूर्वस्मृति भएको प्रसङ्गको उल्लेख रहेको छ । यस पद्यमा रामले आफ्ना आँखाबाट निस्केकी सरयू नदी देखेर आफ्नो विराट रूपको सम्झना गरेको वर्णन भएकोले यस श्लोकमा 'स्मरण' अलङ्कारको सिर्जना भएको छ ।

### ३.२.१.१० भ्रान्तिमानको प्रयोग

अत्यन्त सादृश्यका कारण प्रतिभाबाट उत्थित अन्य वस्तुमा अन्य वस्तु वा पदार्थको ज्ञानलाई 'भ्रान्तिमान/भ्रान्ति' अलङ्कार भनिन्छ (विश्वनाथ, २०५६ : ८६२) ।

सोमनाथ सिग्देलले 'भ्रान्ति मानिन्छ सादृश्य : मूलक भ्रम सुन्दर (सिग्देल २०५८ : २२०)' भन्दै सादृश्यलाई निमित्त मानी उपमेयमा तुल्यको भ्रम भएमा भ्रान्ति अलङ्कार हुन्छ भनेका छन् :

जस्तै :-

जस्लाई रिङटा छ भन्छ उ फगत् घुम्छन् उ पर्वत् भनी ।
घुम्दैनन् इ त घुम्छ तेहि रिङटा जान्दैन कोही पनी ॥
अज्ञान् रूप रिङटा हुन्या जनहरू भन्छन् ति मानिस् पनी ।
राम्ता हुन् परमेश्वरै सकल यस् चौधै भुवनका धनी ॥

(रा. बालकाण्ड, ३१)

यहाँ, मानिस र ईश्वरमा भ्रम उत्पन्न गराइएकोले 'भ्रान्तिमान' अङ्कार रहेको छ । पहिला दुई पंक्तिमा अज्ञानीले ईश्वर चिन्न नसकेको कुरा रिङटा भएको व्यक्तिले संसार घुमेको देख्छ भन्ने उदाहरणबाट दृष्टान्त अलङ्कार रहेको छ तर पछिल्ला दुई पंक्तिमा राम ईश्वर हुन वा मानिस भन्ने कुरामा भ्रम सिर्जना गरिदिएको छ ।

### ३.२.१.११ प्रतिवस्तूपमाको प्रयोग

एउटै साधारण धर्मलाई उपमेय वा तथा उपमान वाक्यमा भिन्न शब्दद्वारा वर्णन गरिन्छ भने त्यहाँ प्रतिवस्तूपमा नामको अलङ्कार हुन्छ (मम्मट, १९९८ : ४९४) ।

उस्तै किसिमका अनेक वाक्यार्थमा एकै धर्म विभिन्न बोलीले देखाई ती वाक्यार्थको समानता भएमा 'प्रतिवस्तूपमा' नामक अलङ्कार हुन्छ (सिग्देल २०५८ : २२२) ।

जस्तै :

फेर् जल्दी सरयू तरकिन गया देख्या अयोध्या पनी ।
नन्दीग्राम् जब देखियो तहिं गया जान्या उहीं हो भनी ॥
वैलाई रहँदा जउन तरहले फुल् सुक्छ फुस्रो भई ।
तस्तै रैयतिको दशा नजरभो साह्रै करुणा गई ॥

(रा. यषुद्धकाण्ड, ३२६)

रामायण युद्धकाण्डको यस पद्यमा लङ्का विजय गरी सीता साथमा लिदैं फर्केका रामले अयोध्या, नन्दीग्राम र त्यहाँका वासीहरूको दशा देखेर करुणा लागेको चित्रण गरिएको छ । यस श्लोकमा फूल ओइलाउँदा फुस्रो भई सुक्छ भन्ने सामान्य धर्म अयोध्या, नन्दीग्राम र त्यहाँका वासिन्दाहरूको दीन दशामा पनि परेको बुभि्कन गएकोले 'प्रतिवस्तूपमा' अलङ्कार सिर्जना भएको छ ।

### ३.२.१.१२ व्यतिरेकको प्रयोग

उपमानभन्दा उपमेयको आधिक्य वा उपमेयभन्दा उपमानको न्यून वर्णन गरेमा 'व्यतिरेक' अलङ्कार हुन्छ (सिग्देल, २०५८ : २२०) ।

उपमानभन्दा उपमेयको वौशिष्ठ्य प्रदर्शन गर्नु 'व्यतिरेक' अलङ्कार हो (भामह, २०३८ : १६) ।

उपमानभन्दा उपमेयको अधिक्यता वा न्यूनता वर्णन भएमा 'व्यतिरेक' अलङ्कार हुन्छ (रुय्यक २००१ : ८०) ।

जस्तै : -

भन्छन् धन्यै रह्याँछू सहज न मिलन्या  पाउका छाप देख्याँ ।
ब्रह्माजीले न पाउनू छ त पनि सहजै माथले आज टेक्याँ ॥

(रा. अयोध्याकाण्ड ८८)

अयोध्या छोडी वन हिडेका रामलाई फर्काउन भाइ भरत जाँदा चित्रकूट पर्वत नजिकै रामको पदछाप देखी मस्तक टेकेको प्रसङ्गको चर्चा गरिएको छ । यहाँ सहज रूपमा अर्थात् ब्रह्माले पनि पाउन नसक्ने रामको चरण धुली भरतले सहजै प्राप्त गरेको वर्णन गर्दै प्रसिद्ध उपमान बह्माको न्यूनता देखाइएको छ । त्यसैले भरतरूप उपमेयको गुणको आधिक्यता र ब्रह्मारूप उपमानको गुणको न्यूनता प्रस्तुत गरेकोले उक्त पद्यमा 'व्यतिरेक' अलङ्कार छ ।

### ३.२.१.१३ परिकरको प्रयोग

जहाँ एउटा विशेष्यमा अनेक सार्थक विशेषणहरू अभिप्राय युक्त लगाइन्छ त्यहाँ 'परिकर' नामको अलङ्कार हुन्छ (मम्मट, १९९८ : ५२३) ।

एउटा विशेष्यमा भावपूर्ण विशेषणहरूको आधिक्यता देखाएमा 'परिकर' अलङ्ार हुन्छ (उपाध्याय, २०५५ : १२७) ।

जस्तै :-

यस्ता वचन् सुनि ति लक्ष्मणजी रिसाया ।
बोलिन् अवाच्य भनि भित्र मनै चिताया ॥
धिक् चण्डि ! येति भनि खुप् सित चटपटाया ।
वन्देविलाई रखवारि तहीं खटाया ॥

(रा. अरण्यकाण्ड - ७९)

उक्त पद्यमा सीताको रेखदेखमा खटिएका लक्ष्मणलाई सीताले दुर्वाच्य बोल्दा लक्ष्मण साहै अप्ठेरो स्थितिमा परेको वर्णन गरिएको छ । यस श्लोकमा सीताले लक्ष्मणलाई अवाच्य बोल्दा लक्ष्मण पनि साह्रै कुपित भएर सीतालाई चण्डि भनेको वर्णन छ । यसरी पद्यको तेस्रो प्रक्तिमा क्रोधातुर बुझाउने साभिप्राय शब्द 'धिक् चण्डि' प्रयोग भएकाले गर्दा उक्त पद्यमा 'परिकर' अलङ्कार रहेको छ ।

### ३.२.१.१४ व्याजस्तुतिको प्रयोग

वाच्यार्थ स्तुतिद्वारा निन्दा अर्थ व्यङ्ग्य भएमा र निन्दा अर्थद्वारा स्तुति अर्थ व्यङ्ग्य भएमा 'व्याजस्तुति' अलङ्कार हुन्छ (विश्वनाथ, २०५६ : ९५४) ।

निन्दा र स्तुति वाच्य भएर स्तुति र निन्दा व्यङ्ग्य हुन आएमा 'व्याजस्तुति' अलङ्कार हुन्छ (पन्त, २०५६ : ६८) ।

जस्तै :

राम् मेरा पति हुन् भनेर तिमि पो भन्छ्यौ उ भन्छन् कहाँ ।
मेरी हो यदि भन्दथ्या पनि भन्या आऊनु पर्थ्यो यहाँ ॥
माया छैन तिमी उपर नबुझि क्या शोक मात्र गर्छ्यौ उसै ।
(रा. सुन्दरकाण्ड, ३७)

हनुमान लङ्का प्रवेश गर्दा सीतालाई भेट्दा सीताले प्रभू रामको निन्दा रावणले गरेको कुरा हनुमानलाई सुनाएको प्रसङ्गको चर्चा उक्त श्लोकमा गरिएको छ । यस पद्यमा रावणले रामको निन्दा गरेको वाच्यार्थमा देखिए पनि ऊ आन्तिरिक रूपमा रामबाट यथाशीघ्र मुक्ति पाउन आतुर रहेको व्यङ्यार्थले देखाउाछ । निन्दाका छलले स्तुति गरेकाले यहाँ 'व्याजस्तुति' अलङ्कार रहेको छ ।

### ३.२.१.१५ मीलितको प्रयोग

मीलितको शाब्दिक अर्थ हो बिलाउनु या विशाल वस्तुमा सूक्ष्म वस्तुको मीलित भएर भिन्न प्रतीति नहुनु । अत्यन्त सादृश्यका कारण जहाँ उपमेयको भिन्न प्रतीति हुँदैन । त्यहाँ मीलित अलङ्कार हुन्छ (जयदेव, २००० : १०१) ।

जलाशयमा वृष्टिको जब झैं तुल्य क्रियासँग तुल्य क्रिया दविए 'मीलित' अलङ्ार हुन्छ (सिग्देल, २०५७ : २२६) ।

यसरी कुनै वस्तु उस्तै वस्त्वुका साथ सादृश्यद्वारा अभिन्न देखिएमा या विलिनता हुन गएमा मीलित अलङ्कार हुन्छ ।

तस्मात् यो विधि छोडि गर्नु जनले आत्मैविचार खुप् गरी ।
त्यो मैमा मिलि जान्छ जल् जलधिमा पैंचेर मील्या सरी ॥

(रा. उत्तरकाण्ड, १४५)

रामायण उत्तरकाण्डको यस श्लोकमा भाइ लक्ष्मणलाई परमात्मा र जीवात्माको एकत्व रूपको चर्चा गर्दै ज्ञान दिन लागेको प्रसङ्गको चर्चा गरिएको छ । यस पद्यमा दुई भिन्न वस्तुको गुण सादृश्यका कारण समुद्रमा जल मिसिए जस्तै परमात्मामा र जीवात्मा पनि एक आपसमा अभिन्न रूपले मिल्दछन् भनिएको छ । त्यसैले उक्त श्लोकमा 'मीलित' अलङ्कार रहको छ ।

### ३.२.१.१६ सूक्ष्मको प्रयोग

जहाँ कोई अन्य व्यक्तिको आशयलाई जान्दछ र सङ्केतमय उत्तर दिन्छ त्यहाँ 'सूक्ष्म' अलङ्कार हुन्छ (दीक्षित, २०२० : २४८) ।

आकार अथवा चेष्टाद्वारा कुनै गोप्य कुरो बुझाइएमा 'सूक्ष्म' अलङ्कार हुन्छ (उपाध्याय, २०५५ : १२७) ।

जस्तै :-

आकाश्मा जब ऋष्यमूक गिरिका उपर पुगीथिन् जसै ।
आफ्ना सब् गहना फुकालि बलियो पोको बनाइन् तसै ।
राम लक्ष्मण कन यो दिउन् भनि तहाँ पोको खसालिन् पनि ॥

(रा. अख्यकाण्ड, ९०)

यहाँ रावणले सीतालाई हरण गरी लैजाँदा ऋष्यमुक पर्वत माथिबाट सीताले आफ्नो सबै गहना पोका पारी रामलक्ष्मणले पाउन भनी खसालेको वर्णन गरिएको छ । जसमा अभिज्ञानार्थ गहनाको पोको खसालेको देखाइएको छ । सङ्केतबाट रामलक्ष्मणलाई पोको दिनु भनिएको छ । त्यसैले यहाँ 'सूक्ष्म' अलङ्कार रहेको छ ।

### ३.२.१.१७ निदर्शनाको प्रयोग

जहाँ पदार्थहरूको सम्बन्ध कतै सम्भव र कतै अभसम्भव हुँदै विम्बप्रतिबिम्ब भाव झल्किन्छ, त्यहाँ, 'निदर्शना' अलङ्कार हुन्छ (विश्वनाथ, २०५६ : ९१०) ।

विभिन्न आधारमा रहेर भिन्न हुने गुण आदि अनेक पदार्थको साम्यले अभेदारोप गरी ऐक्य बुझाएमा पदार्थको निर्दशना विभिन्न अनेक वाक्यार्थको साम्यले आरोप गरी ऐक्य बुझाएमा वाक्यार्थको 'निदर्शना' अलङ्कार हुन्छ (सिग्देल, २०५८ : २२६) ।

वस्तुहरूमा एक अर्काबीच सम्बन्ध भए पनि नभए पनि एक अर्काका साथ बिम्बप्रतिबिम्बभाव भएमा 'निर्दशना' अलङ्कार हुन्छ (उपाध्याय, २०५५ : १२५) ।

निष्कर्षमा भन्दा कुनै दुई वा त्यसभन्दा पनि बढी फरक फरक वस्तुहरू बीच सम्बन्ध भए पनि नभए पनि एकअर्काका बिम्बप्रतिबिम्ब भाव रहँदा निर्दशना अलङ्कार हुन्छ ।

जस्तै :-

भ्याग्तो खाँ भनि खोज्छ डाँस् मुख विषे साँपले धऱ्याको पनी ।,
तस्तै भोग् गरुला भनेर मनले भन्छन् दुनीयाँ पनी ॥
(रा. अयोध्याकाण्ड, ३१)

रामायण अयोध्याकाण्डको यस पद्यमा रामलाई वनवास दिँदा क्रोधित भएका भाइ लक्ष्मणलाई क्रोध नगर भन्दै रामले उपदेश गरेको प्रसङ्गको उल्लेख गरिएको छ । यहाँ सर्पका मुखमा परेको भ्यागुताले डाँस खान खोजे जस्तै मान्छेले पनि मर्नुपर्ने कुरा बिर्सेर नाना थरिका भोग गर्न संचय गर्न तिर लाग्छन् भन्ने कुराको वर्णन गरी भ्यागुता र मान्छेमा बिम्बप्रतिबिम्ब भाव देखाइएकाले यस पद्यमा 'निदर्शना' अलङ्कार सिर्जना भएको छ ।

## ३.२.१.१८ अपन्हुतिको प्रयोग

'अपन्हुति' त्यो अलङ्कार हो जसमा उपमेयको प्रतिषेध अथवा असत्यत्त्व व्यवस्थापनको साथ उपमानको आरोप निश्चित रूपमा गरिएको हुन्छ (विश्वनाथ, २०५६ : ७३५) ।

उपमेयको निषेध समेत गरेर उपमानको आरोप भएमा रूपक हुँदैन 'अपन्हुति' अलङ्कार हुन्छ (सिग्देल, २०५८ : २२६) ।

जस्तै :-

क्याले राम् परमेश्वरै भनि भन्यौ मानिस् त हुन् ती पनी ।
लिन्छन् बानरको सहाय कसरी जानूँ त ईश्वर भनी ॥
(रा. युद्धकाण्ड, ९८)

युद्धकाण्डमा रहेको यस पद्यमा रावण सभाको बूढो मन्त्री माल्यवानले राम परमेश्वर हुन् भन्दा रावणले रिसाँउदै प्रतिक्रिया दिएको प्रसङ्ग रहेको छ । यस पद्यमा रामकै वास्तविक परमेश्वरत्व उपमेयलाई निषेध गरी मानिस रूप उपमानमा स्थापना गरिएकोले 'अपन्हुति' अलङ्कार हुन्छ । रामको परमेश्वरत्वलाई मानिसमा आरोप गरेको छ ।

## ३.२.१.१९ उदात्तको प्रयोग

उदात त्यो अलङ्कार हो जसमा लोकोत्तर वैभवको वर्णन गरिएको हुन्छ । साथै उदात्त अथवा मननीय चरित्र भएका पुरुषहरूको वर्णन गरिएको छ भने पनि उदात्त अलङ्कार नै हुन्छ । जो प्रस्तुत वर्णन वस्तुको अङ्ग अथवा उपकार रूपले प्रतीति हुन्छ (विश्वनाथ, २०५६, ८७१) ।

असाधारण समृद्धिको वर्णन भएमा र ठूला बढाको चरित्र देखाएर प्रकृतमा गौरब बुझाएमा 'उदात्त' अलङ्कार हुन्छ ।

जस्तै :-

श्याम्सुन्दर् छ शरिर, किरीट सिरमा भूषण् शरिर्मा धरी ।
लाल् छन् नेत्र विशाल खुप् हृदय बेस् बेस् मोतिका हार छन् ॥
शोभा चन्दन पुष्पको छ पनि बेस् देख्तै भयो खूसि मन् ।

(रा. युद्धकाण्ड, ३५०-३५१)

यस पद्यमा रामको वेशभूषा र उनको व्यक्तित्व वर्णनमा उदात्तता भएकोले 'उदात' अलङ्कार रहेको छ । यहाँ भगवान् रामको स्वरूपको भव्य वर्णन गरिएको छ ।

त्यस्तै अर्को श्लोकमा,

जो जो वृक्ष त इन्द्रका नगरिमा सो सो त सब् छन् तहीं ।
रत्नैका सिंढि साफ् असल् जल पनी यस्ता तलाऊ कहीँ ॥
फल्फूल्ले अति भार भयेर रुखका सब्का ति हाँगा पनी ।
लच्क्याका भ्रमरा र पंछि बहुतै रुख्मा बस्याका पनी ॥

(रा. सुन्दरकाण्ड, २८)

यहाँ, अशोकवाटिकाको वर्णन गर्ने क्रममा इन्द्रनगरमा भएका सम्पूर्ण वृक्षहरू र नाना किसिमका रत्नादि सिंढिको वर्णन गरिएको छ । प्रकृति र रत्नका सिंदिहरूको भव्य चित्रण गरिएको  छ । त्यसैले उक्त पद्यमा 'उदात्त' अलङ्कारको सिर्जना भएको छ ।

### ३.२.१.२० सङ्करको प्रयोग

आफ्नो स्वरूप मात्रा जसको विश्रांति हुँदैन, जसको परस्पर रूपमा या निरपेक्ष स्वतन्त्र रूपमा प्रतीति हुँदैन, त्यसको अङ्गाअङ्गि भाव हुँदा खेरी 'सङ्कर' नामको अलङ्कार हुन्छ (मम्मट, १९९८ : ५५४) ।

नीर, क्षीर, झैं छुटयाउन नसकिने गरी अनेक प्रकारको योग भएमा 'संकर' अलङ्कार हुन्छ (सिग्देल, २०५८ : २४७) ।

एउटा अलङ्कारको अर्को अलङ्कारसित अङ्गाअङ्गि भाव एउटा अलङ्काकारभित्र अरु अलङ्कारको प्रवेश र धेरैथरी अलङ्कारको मिसावटमा कुन चाहिं प्रमुख हो छुट्याउन सन्देह हुने, दूध-पानी जस्तै मिलिने अलङ्कारको नाम 'सङ्कर' हो (पन्त, २०५६: ११५) ।

निष्कर्ष रूपमा भन्दा छुट्टयाउन नसकिने किसिमले अनेक अलङ्कारको मिश्रण छ भने 'सङ्कर' अलङ्कार हुन्छ ।

जस्तै :-

ख्वामित् ! ई दुइ पाउको अति असल् धुलो जसैता पऱ्यो ।
पत्थर् हो त पनी मनुष्य सरिको सुन्दर स्परूपै धऱ्यो ॥
तस्तै पाठ यहाँ भयो पनि भन्या डुङ्गा स्परूप धर्दछन् ।
डुङ्गाले पनि रूप् धन्या यदि भन्या हाम्रा जहान् मर्दछन् ॥

(रा. बालकाण्ड, ९७)

यस श्लोकमा रामको चरण धुलीले गर्दा पत्थरले पनि सुन्दर मनुष्यरूप लियो भन्ने प्रथम दुई पक्तिको वर्णनले अतिशयोक्ति अलङ्कार सिर्जना गरेको छ । त्यस्तै दोस्रो पंपिक्तमा पत्थर मनुष्य सरी भयो भन्दा उपमान रहेको छ भने अन्तिम दुई पंक्तिमा डुङ्गा पनि रामको चरण पर्दाकहिं अर्कै रूप पो लिने हो कि भन्ने सम्भावना गरिएको 'उत्प्रेक्षा' अलङ्कार रहेको छ । यसरी उक्त पदमा अतिशयोक्ति उपमा र उत्प्रेक्षाको योग वा मिश्रण भएर 'सङ्कर' अलङ्कारको सिर्जना भएको छ ।

## ३.२.२ वैधर्म्यमूलक अलङ्कारको प्रयोग

भानुभक्तीय **रामायण**मा वैधर्म्यमूलक अलङ्कारहरूको प्रयोग पनि भएको छ । ती वैधर्म्यमूलक अलङ्ककारका रूपमा निम्न लिखित अलङ्कारहरू रहेका छन् ।

विरोध, असङ्गति, विभावना, विशेषोक्ति, अन्योन्य । उक्त अलङ्कारहरूको प्रयोग क्रमशः चर्चा गरिएको छ ।

### ३.२.२.१ विरोध/विरोधाभासको प्रयोग

जहाँ कुनै विशेष कुरा दर्शाउन गुण, क्रिया आदिमा विरुद्ध पदार्थको संसर्ग देखाइन्छ त्यहा विरोध अलङ्कार हुन्छ (भामह, २०३८ : ३१) ।

विरोध त्यस्तो अलङ्कार हो जसमा विरोध नभए पनि विरोधको आभार जस्तो हुने गरी वर्णन गरिएको हुन्छ, त्यहाँ विरोध अलङ्कार हुन्छ (मम्मट, १९९८ : ५०१) ।

कुनै वस्तु, गुण क्रियाहरूमा विरोध जस्तो भान भएमा विरोधालङ्कार हुन्छ (सिग्देल, २०५८ : २३४) ।

निष्कर्षमा भन्दा विरोध वा विरोधाभास भनेको वास्तविक रूपमा विरोध नभइकन विरोधको जस्तो आभासमात्र हुनु हो । जसमा विरोधको परिहार हुनुपर्दछ, अन्यथा दोषपूर्ण हुन्छ ।

जस्तै :-

प्राणै थाम्न कठिन् भयो म विनु ता आपत् भया हुन् तहाँ ।
तिम्रो भेट नपाउँदा म कन ता ई चन्द्र सूर्यै बन्या ॥

(रा. किष्किन्धाकाण्ड, ९०)

यहाँ सीता वियोगमा परेका रामलाई चन्द्र पनि सूर्य बनेको देखाएर वर्णन गरिएको छ । वियोगमा जलिरहेका रामलाई चन्द्रमाले पनि शीतलता दिन सकेन र झनै वियोगको ताप बढेर गयो । त्यसैले चन्द्र पनि सूर्य बन्दा उक्त गद्यमा विरोधाभास अलङ्कार रहेको छ ।

त्यस्तै अर्को श्लोकमा -

देख्या गौतमलाई गौतमजिले आश्चर्य मान्या तसै ।
आफ्नू रूप दुरुस्त देखि कन खुप् गौतम् रिसाया पनि ।
सोध्या होस् तँ कउन् बता नतर ता हेर् भस्म गर्छू भनी ॥

(रा. बालकाण्ड- ९१)

यहाँ गौतम ऋषिले आफ्नो प्रतिरूप गौतमलाई नै देख्दा अनौठो लागेको चर्चा गर्दै आफ्नो हु बहु स्वरूप देख्नु भनेको असम्भव कुरा हो, त्यसैले विरोध जस्तो छ तर अर्का

छद्म रूप धारी इन्द्र थिए जुन गौतमको रूप लिएर अहिल्यासँग भोग विलास गरी फर्किरकेका थिए । त्यसैले यहाँ गौतमले अर्का गौतम देख्दा विरोधाभास अलङ्कार रहेको छ ।

### ३.२.२.२ असङ्गतिको प्रयोग

कार्य कारण भाव भएका धर्महरूको आधारगत भिन्नताको वर्णन गर्नु नै असङ्गति हो (मम्मट, १९९८ : ५३३) ।

कारण र कार्य भिन्न देश देखाउँदै त्यसमा चमत्कार देखाएमा, एक थोक गर्न आँटेर अर्को थोक गरिएको वर्णन गर्दा र एकै ठाउँमा रहनु पर्ने कुरा भिन्न ठाउँ रहेको वर्णन गर्दा 'असङ्गति' अलङ्कार हुन्छ (गौतम, १९७८ : ९९) ।

जस्तै :-

सच्चित् रूप् परिपूर्ण अद्वितीय एक् आत्मा स्वरूपी धनी ।
गर्छन् मानुष भै लिला पनि अनेक् सूखी र दुःखी बनी ॥

( रा. युद्धकाण्ड, २१) ।

यहाँ लङ्का जाँदा भयङ्कर ठूलो समुद्रबीचमा वाधक बन्दा राम झनै सीताको वियोग व्यथामा अनेक विलौना गर्न लागेको वर्णन गरिएको छ । यस पद्यमा रामचन्द्रले मनुष्यलीला गर्नु, कहिले सुखी र कहिले दुःखी हुने अवस्थाको वर्णन गर्दै भनिएको छ की एउटा आत्ममा चराचरव्यापी ईश्वरले मनुष्यलीला गर्नुमा सङ्गति छैन । त्यसैले यहाँ, 'असङ्गति' अलङ्कार रहेको छ ।

### ३.२.२.३ विभावनाको प्रयोग

कारक विना कार्यको उत्पत्ति हुन्छ भने त्यसलाई 'विभावना' नामको अलङ्कार भनिन्छ (विश्वनाथ, २०५६ : ९७४) ।

प्रसिद्ध कारण नभए पनि कार्य भएमा ''विभावना' अलङ्कार हुन्छ (सिग्देल, २०५८ : २३५) ।

जहाँ कारणको शब्दत : निषेध गर्दा पनि फलोत्पत्ति हुन्छ अर्थात् कार्योत्पत्ति हुन्छ, त्यहाँ 'विभावना' अलङ्ार हुन्छ (मम्मट, १९९८ : ४९८) ।

निष्कर्षमा के बुझिन्छ भने कारणको अभावमा पनि कार्यको उत्पत्ति हुन्छ भने त्यहाँ विभावना अलङ्कार हुन्छ ।

जस्तै :-

आश्रम्का नजिकै असल् फल सहित् फुल्को बघैँचा थियो ।
जन्तू नाम् त थियेन कोहि त पनी संभार् विनै त्यो जियो ॥

(रा. बालकाण्ड ८८)

यहाँ विश्वामित्रसित राम लक्ष्मण दुवै भाइ जनकपुर यात्रामा हिड्दा गङ्गाको किनारमा स्थित गौतमजीको आश्रममा पुग्दा त्यहाँको वगैँचाको सुन्दर दृश्यको चर्चा गरिएको छ । यस पद्यमा स्याहार सुसाररूप कारण विना नै राम्रो बगैचा फलफूल सहितको भएको देखाइएकोले यहाँ कारण अभावका नै कार्यको उत्पत्ति भएको छ । त्यसैले ‘विभावना’ अलङ्कार रहेको छ ।

### ३.२.२.४ विशेषोक्ति

कारण भएर पनि कार्य (फल) नहुनु ‘विशेषोक्ति’ अलङ्कार भनिन्छ (विश्वनाथ, २०५६ : ९७५) ।

कारण भएर पनि कार्य नभएको देखाएमा ‘विशेषोक्ति’ अलङ्कार हुन्छ (उपाध्याय, २०५५ : १२३) ।

निष्कर्षमा भन्दा कारण विद्यमान रहँदा पनि कार्यको अभाव अथवा कार्यको उत्पत्ति नहुनु ‘विशेषोक्ति’ अलङ्कार हो ।

जस्तै :-

हे नाथ् ! आज कता गयो हजुरको लज्जा अनाथ् क्या गरुँ ।
पत्नीका इ विलाप् सुनी जिउनु धिक् मर्नू निको हो बरु ॥

(रा. युद्धकाण्ड २३०)

यस पद्यमा रावणकी पत्नी मन्दोदरीलाई रावणकै सामने अङ्गदले नङ्गा गर्न लागेको देखी मन्दोदरीको दयनीय पुकारको प्रसङ्ग देखाइएको छ । यहाँ भर्त्ता वा रक्षक जिउँदो हुनु रूप कारण हुँदा हुँदै पनि पत्नी रक्षित हुन नपाएको अथवा असुरक्षित भैदिएको वर्णन गरिएकोले उक्त पद्यमा ‘विशेषोक्ति’ अलङ्कार सिर्जना भएको छ ।

### ३.२.२.५ अन्योन्यको प्रयोग

जहाँ दुई बस्तुबीच परस्पर उपकार हुन्छ त्यहाँ 'अन्योन्य' अलङ्कार हुन्छ (अप्पयदीक्षित, १९६३ : १३८) ।

एउटै कार्यमा दुवैले पारस्पारिक सहयोग गरेमा 'अन्योन्य' नामक अलङ्ार हुन्छ (विश्वनाथ, २०५७ : ९९०) ।

दुई वस्तुको परस्परमा उपकार हुनु 'अन्योन्य' नामको अलङ्कार हो (सिग्देल, २०५८:२४१) ।

माथिका परिभाषाअनुसार निष्कर्षरूपमा भन्दा 'अन्योन्य' भनेको एक विना अर्को नरहनु भन्ने हुन्छ । जहाँ कुनै दुई वस्तुमा एक विना अर्को रहन सक्दैन भने त्यहाँ 'अन्योन्य' अलङ्कार हुन्छ ।

जस्तै :-

सज्जन्का हृदयै छ घर् हजुरको अच्छा बहुत् फेर् कहाँ ।
विस्तार् एक् सुनि बक्सनू पनि हवस् बिन्ती म गर्छू यहाँ ॥

(रा. अयोध्या काण्ड, ६३)

यहाँ रामायण अयोध्याकाण्डको यस पद्यमा राम वनवास जाँदा चित्रकुट वाल्मीकि आश्रममा पुग्दछन् र वाल्मीकिले स्तुति गर्दै भनेका कुराको वर्णन गरिएको छ । यस पद्यको पहिलो पंक्तिमा भगवान रामको निवास र सज्जन (प्राणी) हरूको निवासमा अन्योन्य सम्बन्धको भाव देखिएको छ । त्यसैले अन्योन्य अलङ्कार रहेको छ र सज्जनका हृदयमा राम छन् त्यसैले प्राणी र भगवानमा परस्पर अन्योन्य सम्बन्ध देखएिको छ ।

## ३.३ निष्कर्ष

**भानुभक्तीय रामायण**मा प्रयोग भएका अलङ्कारहरूलाई हेर्दा यस अध्यायमा ती अलङ्कारहरूलाई शब्दका तहबाट र अर्थका तहबाट वर्गीकरण गरी हेरिएको छ । अर्थालङारलाई पनि मनोवैज्ञानिक कोणबाट वर्गीकरण गरिएको भानुभक्तीय **रामायण**मा प्रयुक्त शब्दालङ्कारमा अन्त्यानुप्रास मात्र सचेत रूपमा प्रयोग गरिएको छ । यस महाकाव्यमा अन्त्यानुप्रास अलङ्कार बाहेकका शब्दालङ्कारहरूको उपस्थिति संयोग मात्र हुन पुगेको देखिन्छ । अर्थालङ्कारका सन्दर्भमा पनि महाकाव्यमा संयोग मात्र रहेको देखिन्छ । यी अलङ्कारहरू स्वतः स्फूरित रूपले कथावस्तुको विकासमा देखिएका विभिन्न घटना र

पात्रको सम्बन्ध देखाउँदा वा अन्य प्रसङ्गसँग तुलना गर्दा उपमादि लगायतका करिब दुई दर्जन अलङ्कारहरू भेटिएका छन् । जसमा अन्यका तुलनामा उपमाको प्रयोग नै अत्यधिक देखिन्छ ।

**रामायण**का शब्दालङ्कारमा अनुप्रासका अन्त्यानुप्रास, छेकानुप्रास, वृत्यानुप्रास गरी तीन भेद र यमक अलङ्कारभन्दा बाहेक अन्य भेटिदैनन् । अर्थालङ्कारमा भने उपमादि अलङ्कारहरूमा उपमा (पूर्णोपमा,लुप्तोपमा), रूपक, सन्देह, अर्थान्तरन्यास, दृष्टान्त, अतिशयोक्ति, स्वभावोक्ति, उत्प्रेक्षा, स्मरण, भ्रान्ति, प्रतिवस्तुमा, व्यतिरेक, परिकर, व्याजस्तुति, मीलित, सूक्ष्म, निदर्शना, अपन्हुति, उदात्त, सङ्कर जस्ता करिब दुई दर्जन साधर्म्यमूलक अलङ्कारको प्रयोग भएको पाइन्छ भने त्यस्तै वैधर्म्यमूलक अलङ्कारमा विरोध, असङ्गति, विभावना, विशेषोक्ति र अन्योन्य अलङ्कारको प्रयोग भएको भेटिन्छ । यसरी यस अध्ययनमा रामायणमा कूल ४ वटा शब्दालङ्कार र २६ वटा अर्थालङ्कार गरी जम्मा ३० वटा अलङ्कारको प्रयोग भएको भन्ने कुराको निष्कर्ष यस शोध कार्यमा निकालिएको छ ।

# परिच्छेद चार
## शोध निष्कर्ष

प्रस्तुत शोध भानुभक्तीय **रामायण**मा अलङ्कारको प्रयोग सम्बन्धी स्थितिको अध्ययनमा केन्द्रित रही पूरा गरिएको छ । त्यसै शोधको प्रतिवेदनका रुपमा रहेको यस शोध पत्रका परिच्छेद एकमा शोध परिचय प्रस्तुत गरिएको छ । यस क्रममा यस शोधको विषयगत परिचय दिँदा भानभक्तीय **रामायण** महाकाव्य नेपाली समाजमा एकदमै लोकप्रिय रहेको कुराको उल्लेख गरिएको छ । भानुभक्तको उत्कृष्ट कवित्व शक्तिले गर्दा सिर्जना भएको यो काव्य सात खण्डमा विभक्त रहेको छ तथा हिन्दू सभ्यता र संस्कृतिको उच्च धरोहरका रूपमा रहेको यस काव्यमा प्रयोग भएका अलङ्कारहरूको अध्ययनमा प्रस्तुत शोधकार्य केन्द्रित भएको हुँदा **रामायण**मा अलङ्कार प्रयोगको अध्ययनको उद्देश्य के हो ? **रामायण**मा प्रयुक्त अलङ्कारसम्बन्धी पूर्वअध्ययन भएका छन् कि छैनन् भन्ने कुरा पनि सो पहिलो परिच्छेदमा उठाइएको छ । साथै **रामायण**मा प्रयोग भएका अलङ्कारहरूको सम्बन्धमा गरिने अध्ययनको औचित्य र महत्त्व  के हुनेछ, अध्ययनको सीमा र क्षेत्र कहाँ सम्म हुने र अध्ययनका क्रममा के कस्तो शोधविधि अँगाल्ने भन्ने कुराको पनि यसै परिच्छेदमा उल्लेख गरिएको छ ।

परिच्छेद दुईमा अलङ्कारको सैद्धान्तिक परिचय दिने काम गरिएको हुँदा त्यस क्रममा अलङ्कारको परिचय, परिभाषा, वर्गीकरण र वर्गीकरणका आधारहरू समेत दिइएका छन् । यस परिच्छेदमा विस्तृत रूपमा अलङ्कारको वर्गीकरण उदाहरण सहित चर्चा गरिएको छ ।

परिच्छेद तीनमा **रामायण** महाकाव्यमा प्रयोग भएका अलङ्कारको पहिचान गरेर ती अलङ्कारहरूलाई शब्दालङ्कार र अर्थालङ्कारमा विभक्त गरी चिनाइएको छ । यस क्रममा शब्दालङ्कारको विश्लेषण गर्नुका साथै अर्थालङ्कारको पनि सोदाहरण विश्लेषण गर्ने कार्य यसै परिच्छेदमा समेटिएको छ ।

प्रस्तुत चौथो परिच्छेदमा यस अध्ययनबाट प्राप्त शोध निष्कर्ष दिइएको छ र त्यो निष्कर्ष तलका बुँदाहरुमा अङ्कित छ ।

### (क) शब्दालङ्कारको प्रयोगगत निष्कर्ष

भानुभक्तीय **रामायण**मा शब्दालङ्कारको प्रयोग अत्यन्त सचेत रूपमा गरिको पाइन्छ । त्यसमा पनि अन्त्यानुप्रासको सचेतता देखिन्छ । प्रायः सर्बत्र अन्त्यानुप्रासको योजना छ र त्यसले गर्दा पनि गायनमा श्रुतिमाधुर्यता थपिएको छ । यसरी शब्दालङ्कारले काव्यमा सौन्दर्य थपेको पाइन्छ । तर सबै प्रकारका शब्दालङ्कारको प्रयोग भानुभक्तीय **रामायाण**मा पाइदैन । भानुभक्तीय **रामायण**मा अन्त्यानुप्रास, छेकानुप्रास, वृत्यानुप्रासका साथै यमक शब्दालङ्कारको प्रयोग पाइन्छ । जे जति शब्दालङ्कारको प्रयोग भएको भए पनि ती शब्दालङ्कारहरूले रामायणको काव्यसौन्दर्य झल्काउने काम गरेका छन् ।

### (ख) अर्थालङ्कारको प्रयोगगत निष्कर्ष

भानुभक्तीय **रामायण**मा अर्थालङ्कारको पहिचान गरी तिनीहरूको प्रयोग पनि चर्चा गरियो । ती अर्थालङ्ारहरू सचेत किसिमले प्रयोग भएका भने छैनन् । **रामायण**मा अर्थालङ्कारहरूको प्रयोग एउटा सहज र सहजानुभूत रूपमा भएको देखिन्छ । करिब २ दर्जन भन्दा बढी अर्थालङकारहरू **रामायण**मा प्रयोग भएको पाइन्छ, जसमध्ये उपमाको प्रयोग अत्यधिक देखिन्छ । **रामायण**मा प्रयुक्त अर्थालङ्कारहरूले काव्यमा सौन्दर्य बढाएका छन् । ती अर्थालङ्कारहरूलाई मनोवैज्ञानिक दृष्टिकोणबाट साधर्म्य र वैधर्म्य गरी यस शोधमा विभक्त गरी छुट्टाछुट्टै रूपमा हेरिएको छ ।

### (१) साधर्म्यमूलक अलङ्कार

भानुभक्तीय **रामायण**मा प्रयुक्त साधर्म्यमूलक अलङ्कारहरूको प्रयोग पाइन्छ र यिनको प्रयोगले काव्यको शिल्प कौशल झलकिएको छ । ती अलङ्कारहरूमा उपमा, रूपक सन्देह, अर्थान्तरन्यास, दृष्टान्त अतिशयोक्ति, स्वभावोक्ति, उत्प्रेक्षा, स्मरण, भ्रान्ति, प्रतिवस्तुपमा, व्यतिरेक, परिकर, व्याजस्तुति, मीलित, सूक्ष्म, निर्दशना, अपन्हुति, सङ्कर आदि करिब दुई दर्जन अलङ्कार रहेका छन् ।

### (२) वैधर्म्यमूलक अलङ्कार

भानुभक्तीय **रामायण**मा वैधर्म्यमूलक अर्थालङ्कारको प्रयोग पनि पाइन्छ र यिनले पनि काव्यको सौन्दर्य पक्ष चहकिलो पारेका छन् । वैधर्म्यमूलक अलङ्कारमा विरोध, असङ्गति, विशेषोक्ति, अन्योन्य जस्ता अलङ्कारहरू रहेका छन् । जसले गर्दा **रामायण**मा मिठास, वैचित्र्यता थप्तै काव्य सौन्दर्य बढाएको पाइन्छ ।

यसरी माथिका विभिन्न परिच्छेदमा अलङ्कारसम्बन्धी विभिन्न चर्चा गरी **रामायण**मा प्रयोग भएका अलङ्कारको अध्ययन गरी शोधकार्यलाई टुङ्ग्याउने काम गरिएको छ ।

# सन्दर्भ कृति सूची

## (क) पुस्तक सूची

अप्पयदीक्षित, सन् १९९५, **कुवलयानन्द**, (च.सं.), अनु. भोलाशङ्कर व्यास, वाराणसी : चौखम्वा विद्याभवन ।

__________, ई. १९९५, **चित्रमीमांसा**, व्या. धनानाद, वाराणसी : वाणीविहार ।

आनन्दबर्धन, ई. १९९८, **ध्वन्यालोक**, अनु. विश्वेश्वर, वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

आचार्य, भानुभक्त, २०६४, **रामायण**, (पाँ.सं.), काठमाडौं : साझा प्रकाशन ।

उद्भट, ई. १९२५, **काव्यालङ्कार सार सङ्ग्रह**, (तृ.सं.), काठमाडौं : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद, २०५५, **पूर्वीय साहित्य सिद्धान्त**, (ते.सं.), काठमाडौं : साझा प्रकाशन ।

कुन्तक, २०४५, **वक्रोक्तिजीवितम्**, अनु. लोकमणि दाहाल, वाराणसी : चौखम्वा अमरमारती प्रकाशन ।

क्षेमेन्द्र, ई. १९६४, **औचित्य विचारचर्चा**, व्या.. ब्रजमोहन झा., वाराणसी, चौखम्वा विद्याभवन ।

गौतम, कुलचन्द्र, सन् १९७८, **अलङ्कार चन्द्रोदय**, नेपाल : प्रकाशक स्वयम् ।

जगन्नाथ, ई. २०००, **रसगङ्गधर** (न.सं.), अनु. बदरीनाथ झा., वाराणसीः चौखम्वा विद्याभवन ।

जयदेव, ई. २०००, **चन्द्रालोकः**, (पुन मुद्रण), अनु. श्रीकृष्णमणि त्रिपाठी, वाराणसी : चौखम्वा, विद्याभवन ।

दण्डी, ई. १९५८, **काव्यादर्श**, व्या. ँमचन्द्र मिश्र, वाराणसी, चौखम्बा विद्याभवन ।

द्विवेदी, पारसनाथ, २०४२, **अग्निपुराणोक्तंकाव्यालङ्कारशास्त्रम्**, वाराणसी : अनुसन्धान संस्थान ।

पन्त, भरतराज, २०५६, **नेपाली अलङ्कार परिचय**, काठमाडौं : ने.रा.प्रा.प्र. ।

भट्टराई, गोविन्दप्रसाद, (२०३१), **पूर्वीय काव्य सिद्धान्त**, काठमाडौं : ने.रा.प्र.प्र. ।

भामंह, २०३८, **काव्यालङ्कार**, (द्वि.सं.), वाराणसी : चौखम्वा संस्कृत सस्थान ।

मम्मट, ई. १९९८, **काव्यप्रकाश** : (स.सं.), अनु. विश्वेश्वर, वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

राजवंश, सहायहीरा, २०२६, **अलङ्कार शास्त्रोंकी परम्परा**, वाराणसी : चौखम्वा संस्कृत सिररिज अफिस ।

रुद्रट, ई. ९६५, **काव्यालङ्कार**, व्या सत्यदेव चौधरी, दिल्ली : वासुदेव प्रकाशन ।

रुय्यक, ई. २००१, **अलङ्कार सर्वस्वम्,** अनु, त्रिलोकीनाथ द्विवेदी, वाराणसी, चौखम्वा सुरभारती प्रंकाशन ।

वामन, ई. १९९९, **काव्यालङ्कार**, (तृ.सं.), व्या. (हरगोविन्द शास्त्री, वाराणसीः चौखम्वा सुभारती प्रकाशन ।

विश्वनाथ, ई. १९९८, **साहित्य दर्पणः** (पुनर्मुद्रण), अनु. तर्क वागीश भट्टाचार्य वाराणसीः चौखम्वा विद्याभवन ।

__________, २०५७, **साहित्य दर्पण :** (न.सं. दो. भाग), अनु. शेषराज शर्मा रेग्मी, वाराणसी : कृष्णदास अकादमी ।

शर्मा, मोहनराज र खगेन्द्र लुइटेल, २०५५, **शोध विधि** (द्वि.सं.), काठमाडौं : साझा प्रकाशन ।

श्रेष्ठ, ईश्वरकुमार, २०५८, **पूर्वीय एवं पाश्चात्य साहित्य समालोचना, प्रमुख मान्यता, वाद र प्रणाली (न.सं.),** काठमाडौं : साझा प्रकाशन ।

सापकोटा, नारायणप्रसाद, २०५२, **छन्दोलङ्कार माला**, वाराणसी : प्रकाशक स्वयम् ।

सिग्देल, सोमनाथ, २०५८, **साहित्य प्रदीप** (द्वि.सं.) काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

## (ख) शोधपत्र सूची

अधिकारी, भद्रवीर, २०५९, “नेपाली कविताका विकाशमा भानुभक्तको योगदान”, (त्रि.वि. मा प्रस्तुत अप्रकाशित विद्यावारिधी शोधप्रबन्ध) ।

अधिकारी, ऋषिश्वर, २०६३, “आदर्शराधव महाकाव्यमा अलङ्कार विधान”, (त्रि.वि. नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र) ।

उपाध्याय, डिल्लीराज, २०६१, “अध्यात्म रामायणको सुन्दरकाण्ड र भानुभक्त रामायणको सुन्दरकाण्डको तुलनात्मक अध्ययन”, (त्रि.वि. नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र) ।

भूसाल, खेम, २०६१, “अध्यात्म रामायण र भानुभक्त रामायणको तुलनात्मक अध्ययन”, (त्रि.वि. नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर, शोधपत्र) ।

प्रधान, अनन्त, २०३७, “नेपाली साहित्यमा भानुभक्तको योगदान”, (त्रि.वि. नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रंकाशित स्नातकोत्तर शोधपत्र) ।

राई, शान्ता प्रकाश, २०३१, “भानुभक्तको कवित्व शक्ति”, (त्रि.वि, नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र) ।

सुवेदी, लक्ष्मीप्रसाद, २०५६, “आचार्य भानुभक्तको जीवनी र कृतित्व”, (त्रि.वि. नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर, शोधपत्र) ।